चैत – १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३३, अङ्क २३ | २०८१ चैत १-१५ | पूर्णाङ्क ७८५



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **माननीय न्यायाधीश श्री सुनिलकुमार पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **मुख्य रजिस्ट्रार श्री देवेन्द्रराज ढकाल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री टेकबहादुर घिमिरे, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिस्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री हरि शंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री अर्जुनप्रसाद कोइराला, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री कालीबहादुर साम्यु लिम्बू

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री सुकराम मोक्तान
शाखा अधिकृत श्री विनिता महर्जन
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री सन्तोष घिमिरे
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री खिमा पोखरेल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सहायक कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री मदन तिमल्सिना
बुकबाइन्डर श्री कृष्णप्रसाद घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री रमेश नेपाल

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| पूर्ण इजलास | | इजलास नं. ७ | |
| संयुक्त इजलास | २ | इजलास नं. ८ | ४ |
| इजलास नं. १ | ६ | इजलास नं. ९ | |
| इजलास नं. २ | | इजलास नं. १० | |
| इजलास नं. ३ | | इजलास नं. ११ | |
| इजलास नं. ४ | ३ | इजलास नं. १२ | |
| इजलास नं. ५ | २८ | इजलास नं. १३ | |
| इजलास नं. ६ | ५ | इजलास नं. १४ | |
| **जम्मा** | **४४** | **जम्मा** | **४** |

**कूल जम्मा ४४ + ४ = ४८**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **<u>www.nkp.gov.np</u>** लगइन गरेपश्चात् देखिने पृष्ठमा **<u>शब्दबाट</u>** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **<u>नेकाप प्रत्येक वर्ष</u>** र **<u>हाम्रो बारेमा</u>** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८१, चैत – १, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.१५०</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - ३** |
| १. | उत्प्रेषण / परमादेश | वैकुण्ठप्रसाद शर्मा वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबारसमेत | १ |
| २. | लागु औषध (स्पास्मो) | नेपाल सरकार वि. नीरजकुमार चौधरीसमेत | २ |
| **इजलास नं. १** | | | **३ - ९** |
| ३. | अंश चलन | शुभाङ्गी न्यौपानेसमेत वि. राजु न्यौपाने, मुकुन्दप्रसाद न्यौपाने वि. राजु न्यौपाने, राजु न्यौपाने वि. मुकुन्दप्रसाद न्यौपानेसमेत | ३ |
| ४. | कर्तव्य ज्यान | मन्जुदेवी पासवान भन्ने मन्जुकुमारी वि. नेपाल सरकार | ५ |
| ५. | बन्दी प्रत्यक्षीकरण | लछुमणबाबु कार्की वि. धनुषा जिल्ला अदालतसमेत | ६ |
| ६. | अंश | धनदेवी गुरुङ वि. गौप्रसाद गुरुङसमेत | ६ |
| ७. | बन्दी प्रत्यक्षीकरण | खड्कबहादुर खत्री के.सी. वि. दिपकप्रसाद ढकालसमेत | ७ |
| ८. | अंश चलन | मिरन भन्ने मिरण ताम्राकारसमेत वि. किशोर ताम्राकार | ८ |
| **इजलास नं. ४** | | | **९ – १२** |
| ९. | बन्दी प्रत्यक्षीकरण | ध्रुवबहादुर बस्नेत वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत | ९ |
| १०. | बन्दी प्रत्यक्षीकरण | उमेशकुमार वि.क. वि. महानगरीय प्रहरी वृत्त जनसेवा, नयाँसडक, काठमाडौंसमेत | १० |
| ११. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.६ महाराजगन्ज स्थित आलमदेवी एसोसिएट्स प्रा.लि. समेत | ११ |
| **इजलास नं. ५** | | | **१२ – ४३** |
| १२. | अवैध रक्तचन्दन | कवितमान श्रेष्ठ वि. नेपाल सरकार | १२ |

| | | | |
|---|---|---|---|
| १३. | हाडनातामा जबरजस्ती करणी | नेपाल सरकार वि. सांङ्केतिक नाम D | १३ |
| १४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. गोपाल भुजेलसमेत | १४ |
| १५. | ज्यानसम्बन्धी कसुर (कर्तव्य ज्यान) | नेपाल सरकार वि. बसन्ती चौधरी | १५ |
| १६. | ज्यानसम्बन्धी कसुर | नेपाल सरकार वि. कचालु भन्ने दयालु ताजपुरिया | १६ |
| १७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. गुणराज राई | १७ |
| १८. | भ्रष्टाचार (घुस/रिसवत) | राधेश्याम साह वि. नेपाल सरकार | १८ |
| १९. | बन्दी प्रत्यक्षीकरण | लोकमान गुरुङ वि. उच्च अदालत पाटनसमेत | १९ |
| २०. | उत्प्रेषण / परमादेशसमेत | मिठु रेग्मी (लम्साल), वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् सिंहदरबार, काठमाडौंसमेत | २० |
| २१. | परमादेशसमेत | महेश्वरप्रसाद खनालसमेत वि. जिल्ला प्रहरी कार्यालय, बारा, कलैयासमेत | २१ |

| | | | |
|---|---|---|---|
| २२. | उत्प्रेषण / परमादेशसमेत | टंकराज पोखरेल वि. बिभा शर्मासमेत | २२ |
| २३. | उत्प्रेषणयुक्त परमादेश | दुर्गाकुमारी श्रेष्ठसमेत वि. पञ्चलाल महर्जनसमेत | २२ |
| २४. | चेक अनादर | रामजी अवाल वि. निराजन पौडेल | २४ |
| २५. | बन्दी प्रत्यक्षीकरण | पुर्णकुमार राई (वान्तावा) वि. भोजपुर जिल्ला अदालत, भोजपुरसमेत | २५ |
| २६. | बन्दी प्रत्यक्षीकरण | प्रज्वल खड्गी वि. ललितपुर जिल्ला अदालत, तहसिल शाखासमेत | २६ |
| २७. | आयकर (२०६१ / ०६२) | एनआईसि एसिया बैंक लि. (साबिक नेपाल इन्डष्ट्रियल एन्ड कमर्सियल बैंक लिमिटेड) वि. ठुला करदाता कार्यालय, हरिहर भवन, ललितपुरसमेत | २७ |
| २८. | बन्दी प्रत्यक्षीकरण | लक्ष्मीप्रसाद मैनाली वि. सर्वोच्च अदालत, मुद्दा तथा रिट महाशाखासमेत | २९ |

| | | | |
|---|---|---|---|
| २९. | बन्दी प्रत्यक्षीकरण | मोहित वंशल वि. प्रहरी परिसर भद्रकाली, काठमाडौंसमेत | ३० |
| ३०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. किशोर गिरीसमेत, सरोज घोरासैनी वि. नेपाल सरकार | ३१ |
| ३१. | उत्प्रेषण / परमादेश | प्रदिपराज पन्त वि. कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | ३२ |
| ३२. | राजीनामा लिखत दर्ता बदर | राहुल गौडसमेत वि. रामपृत कलवार | ३३ |
| ३३. | बन्दी प्रत्यक्षीकरण | लक्ष्मी ज्ञवाली वि. उच्च अदालत तुलसीपुर, बुटवल इजलाससमेत | ३४ |
| ३४. | जबरजस्ती करणी | केशव परियार वि. नेपाल सरकार, नेपाल सरकार वि. केशव परियार | ३५ |
| ३५. | कर्तव्य ज्यान | नबिन भन्ने कमल राई वि. नेपाल सरकार | ३६ |
| ३६. | लिखत दर्ता बदर | अष्टमाया महर्जनसमेत वि. तिर्थ महर्जनसमेत | ३७ |
| ३७. | उत्प्रेषणसमेत | कमल उप्रेती वि. प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंसमेत | ३९ |
| ३८. | कर्तव्य ज्यान | पासाङ शेर्पा वि. नेपाल सरकार | ४० |
| ३९. | जालसाजी | सानुमाया महर्जन वि. तुयुलाल महर्जनसमेत | ४१ |
| **इजलास नं. ६** | | | ४३ – ४८ |
| ४०. | झुट्ठा / नक्कली शैक्षिक योग्यताको प्रमाण पत्र पेस गरी भ्रष्टाचार गरेको | पवित्रा श्रेष्ठ वि. नेपाल सरकार | ४३ |
| ४१. | हक कायम | योगी मण्डल वि. चन्देश्वरप्रसाद साह | ४४ |
| ४२. | बाली बिगो | रामगोपाल चमारसमेत वि. तुलसीराम चमार | ४४ |
| ४३. | बन्दी प्रत्यक्षीकरण | राव पाण्डुरंग मरगले वि. उच्च अदालत पाटनसमेत | ४५ |
| ४४. | जबरजस्ती करणी | नेपाल सरकार वि. अबिन परियार | ४६ |

| इजलास नं. ८ | | | ४८ – ५२ |
|---|---|---|---|
| ४५. | निषेधाज्ञा | सियाराम सिंहमैत यादव वि. सत्यनारायण बहरखेर यादवसमेत | ४८ |
| ४६. | बन्दी प्रत्यक्षीकरण | सरिता चौलागाई वि. श्री उच्च अदालत पाटन, ललितपुरसमेत | ४८ |
| ४७. | बन्दी प्रत्यक्षीकरण | भुपेन्द्र गोराजु वि. श्री उच्च अदालत पाटन, ललितपुरसमेत | ४९ |
| ४८. | अपहरण गरी कर्तव्य ज्यान | नेपाल सरकार वि. सुभान अली साई / घनश्याम चमार, नेपाल सरकार वि. सत्तार अली साई, शैयद दर्जी वि. नेपाल सरकार, रहिस नाउ वि. नेपाल सरकार | ५० |

## संयुक्त इजलास

**१**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री नहकुल सुवेदी,** *०७१-WO-०९६७, उत्प्रेषण / परमादेश, वैकुण्ठप्रसाद शर्मा वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबारसमेत*

सशस्त्र प्रहरी नियमावली, २०६० को नियम ८७(१) ले सशस्त्र प्रहरीलाई भविष्यमा सरकारी सेवाकोनिमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिने विभिन्न आधारहरूको उल्लेख गरेकोमा खण्ड (ज) मा आफ्नो पदको जिम्मेवारी बराबर बेवास्था गरेमा भन्ने देखिन आयो । उक्त कानूनी व्यवस्ताबमोजिम कुनै पनि सशस्त्र प्रहरी कर्मचारीले आफ्नो पद अनुसार पूरा गर्नुपर्ने जिम्मेवारी पटकपटक बेवास्ता गरेमा त्यस्ता कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने गरी विभागीय कारबाही र सजाय गर्न सकिने देखिन्छ । सोही कानूनी व्यवस्थालाई टेकी आफ्नो जिम्मामा रहेको हातहतियार र गोलीगठ्ठाको सजगता नअपनाई दुरूपयोग गरेको एवम् पदीय जिम्मेवारी पालना नगरी लापरवाही गरेको भन्नेसमेतको कसुरमा यी निवेदकउपर विभागीय कारबाही उठान गरेको देखिन्छ । वस्तुतः यी निवेदकउपर सोही आरोपमा सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २७(४) बमोजिम फौजदारी कसुरको अभियोजन भई सशस्त्र प्रहरी विशेष अदालतबाट उक्त अभियोग दाबीबाट सफाइ पाउने गरी फैसला भएको र सो फैसलाउपर वादी पक्षले पुनरावेदन नगरी अन्तिम भई बसेको अवस्थासमेत देखिन्छ । फैसलाको पेटबोलीमा प्रसङ्गवश अधिकारप्राप्त अधिकारीबाट विभागीय कारबाही हुन सक्ने भनी उल्लेख भएकै आधारमा सशस्त्र प्रहरी विशेष अदालतको फैसला नै निष्प्रभावी हुने गरी जुन अभियोगबाट सो अदालतले सफाइ दिएको हो सोही अभियोग खम्बिर हुने गरी विभागीय कारबाही र सजाय गर्नु सेवा विधिशास्त्र (Service Jurisprudence) को स्वीकार्य मान्यताअनुकूल नहुने ।

निवेदकउपर लगाइएको आरोप आफ्नो पदको जिम्मेवारी बराबर बेवास्था गरेमा भन्ने रहेको देखिन्छ । तर इजलासमा पेस भइआएको निजको विभागीय कारबाहीसम्बन्धी सक्कल फाइल हेर्दा यी रिट निवेदक ड्युटीमा खटिएको अवस्थामा फायरिङ भएको घटना पटकपटक नभई एकपटक मात्र भएको भन्ने देखिन्छ । कानूनले बराबर आफ्नो पदको जिम्मेवारी बेवास्था गरेमा भनेकोमा एकपटक दुर्घटनावश भएको भनी सशस्त्र प्रहरी विशेष अदालतले ठहर गरेको घटनालाई विभागीय सजायको आदेश दिन पाउने अधिकारीले सो आचरण पटकपटक गरेको भनी कारबाही र सजाय गरेको देखिन आउँछ । निवेदकबाट आरोपित कसुर एकपटकसम्म हुन गएको अवस्थामा पदीय आचरण "बराबर" उल्लङ्घन गरेमा हुने कसुर र सजाय आकर्षित हुने देखिँदैन । नियमावलीले तोकेको पदीय जिम्मेवारीको बराबर बेवास्ता हुनका लागि पदीय आचरणको पटकपटक उल्लङ्घन गरेको निजको व्यक्तिगत अभिलेखबाट देखिनुपर्दछ । सशस्त्र प्रहरी कर्मचारीलाई सेवाबाट अवकाश दिने निर्णय विशेष प्रकृतिको विभागीय कारबाही हो । विशेष कारबाहीको औचित्य पुष्टि हुन कसुरको प्रकृति र मात्रासँग सजायको तालमेल भएको हुनुपर्छ । नियमावलीले तोकेको कुनै कसुर पहिलोपटक गर्दा सामान्य सजाय हुने र सोही कसुर बारम्बार दोहोऱ्याएमा विशेष सजाय गर्न सकिनेमा पहिलो पटकको कसुरमा नै यी निवेदकलाई सेवाबाट बर्खास्त गरेको निर्णयमा यी निवेदकलाई जसरी पनि सेवाबाट हटाउने आग्रहका साथ न्यायिक मनको प्रयोग नगरी निर्णय भएको देखिँदा न्यायको रोहमा त्यस्तो

निर्णय कायम राख्नु मनासिब नदेखिने।

रिट निवेदक मिति २०६८/१/२० मा ड्युटीमा खटिएको समयमा हतियार फायर भएको कसुरमा अनुसन्धान भई अभियोग पत्र दायर भएकोमा सो अभियोग दाबीबाट सफाइ पाउने ठहरी फैसला भएकोमा सोही कसुरमा पुनः विभागीय कारबाही प्रक्रिया अगाडि बढाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने गरी सशस्त्र प्रहरी उपरीक्षकबाट मिति २०७१/६/८ मा भएको निर्णय र सो निर्णय पुनरावेदनको रोहबाट सदर गर्ने गरी सशस्त्र प्रहरी नायब महानिरीक्षकबाट मिति २०७२/१/९ मा भएको निर्णय औचित्यपूर्ण र कानूनसम्मत नदेखिँदा उत्प्रेषणको आदेशले बदर गरी निजलाई पूर्ववत् रूपमा सेवामा पुनर्बहाली गर्नु भनी प्रत्यर्थीहरूका नाममा परमादेशसमेत जारी हुने।

इजलास अधिकृत - दुर्गाप्रसाद खनाल

इति संवत् २०७९ साल चैत्र २१ गते रोज ३ शुभम्।

२

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री नहकुल सुवेदी,** *०७२-CR-०४९८, लागु औषध (स्पास्मो), नेपाल सरकार वि. नीरजकुमार चौधरीसमेत*

प्रतिवादी निरजकुमार चौधरीले आफ्नो मेडिकल पसलसमेत नभएको र आफूले कुनै औषधी लिनुपर्ने कारणसमेत नभएको भनी लिएको जिकिर छ सो सन्दर्भमा हेर्दा यस अदालतबाट मिति २०७२।०४।२१ मा मुद्दा दोहोऱ्याई हेर्न अनुमति प्रदान भई निज प्रतिवादी नीरजकुमार चौधरीका नाममा जारी भएको म्याद मिति २०७२।०९।१३ मा तामेल हुँदा निजको एकाघरको श्रीमतीले बुझिलिन मन्जुर नगरेको र निजका छोराछोरीसमेत नाबालिग भएको हुँदा निजको नामको म्याद सूचना निजले मेडिकल गरी बसेको घरमा टाँस भएको भन्ने देखिन्छ। उक्त म्याद तामेलीमा स्थानीय रामानन्द कुर्मी र रामअवतार पासीसमेतका व्यक्ति साक्षी बसी रीतपूर्वक तामेली गरेको देखिएबाट प्रतिवादी नीरजकुमार चौधरीले आफ्नो मेडिकल पसल छैन भनी लिएको जिकिर र निजका साक्षीले गरेको बकपत्र बेहोरासमेत खण्डित हुन पुगेको छ। मिसिल संलग्न मौकाको घटना विवरण कागजमा स्थानीय द्वारिकाप्रसाद चौधरीलगायतका व्यक्तिहरूले अर्का प्रतिवादी वैजु गुप्ता लागु औषधसहित पक्राउ परेपछि निज नीरजकुमार चौधरी फरार रहेका र मेडिकल पसलमा समेत आएका छैनन् भन्ने कागज गरेकोमा निजहरू अदालतमा आई सो बेहोरा पुष्टि हुने गरी बकपत्र गरेको अवस्था नभए तापनि माथि उल्लिखित म्याद तामेलीलगायतका मिसिल संलग्न स्वतन्त्र प्रमाणबाट निजले मेडिकल पसल सञ्चालन गरेको तथ्य स्थापित भएकोमा सोही बेहोरा उल्लेख भएको घटना विवरण कागजलाई समेत उक्त तथ्यको अस्तित्व स्थापित गर्ने हदसम्म थप प्रमाणको रूपमा लिन मिल्ने अवस्था देखियो। नाबालिग प्रतिवादी वैजु गुप्ता तेलीबाट लागु औषध Spasmo-Proxyvon का साथै अन्य विभिन्न औषधीसमेत बरामद भएको देखिन्छ। यसबाटसमेत प्रतिवादी नीरजकुमार चौधरीले नाबालिग प्रतिवादी वैजु गुप्ता तेलीलाई अन्य औषधीका साथ साथै लागु औषधसमेतको झोला भारतबाट नेपालतर्फ पठाएको र सोही अवस्थामा पक्राउ परी बरामद भएको भन्ने पुष्टि हुन आयो। यस स्थितिमा प्रतिवादी वैजु गुप्ताले आफू आरोपित कसुरमा साबित भई यी प्रतिवादी नीरजकुमार चौधरीलाई पोलेको र मुद्दाको तथ्यबाट उक्त पोल समर्थित भइरहेको स्थितिमा प्रतिवादी नीरजकुमार चौधरीलाई सफाइ दिएको पुनरावेदन अदालत बुटवलको फैसला मिलेको नदेखिने।

अब, यस स्थितिमा कानूनको द्वन्द्वमा परेका नाबालिगलाई हुनुपर्ने सजायका सम्बन्धमा हेर्दा निजलाई जरिवानाको सजाय नतोकेको हदसम्म वादी नेपाल सरकारको पुनरावेदन जिकिर देखिन्छ। निजलाई

तोकेको कैदको सजाय निजले थुनामा बसी भुक्तान गरिसकेको देखिन्छ । मिसिलबाट निजको आर्थिक अवस्था अत्यन्त कमजोर देखिएको छ । यस स्थितिमा निजलाई तोकिएको जरिवाना तिर्न नसकेमा जरिवाना नतिरेबापत सो सजायसमेत पुनः कैदमा रुपान्तरित हुन सक्ने स्थिति रहन्छ । आर्थिक हैसियत कमजोर भएका कानूनको द्वन्द्वमा परेका नाबालिगहरू जरिवाना तिर्न नसकेको कारण कैदमा बस्नुपर्ने अवस्था बालअनुकूल न्याय र बालबालिकाको सर्वोत्तम हितको दृष्टिले उचित नदेखिँदा कानूनको द्वन्द्वमा परेका नाबालिग वैजु गुप्ता तेलीलाई लागु औषध (नियन्त्रण),२०३३ को दफा १४(१) (झ) बमोजिम न्यूनतम एक लाख रूपियाँ जरिवाना हुनेमा वारदात गर्दाका अवस्थामा निजको उमेर १५ वर्ष ४ महिना २१ दिन भई ऐ. संहिताको दफा ४५ को उपदफा (२) तथा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(३) बमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय हुने देखिँदा रु.५०,०००।– (पचास हजार रूपियाँ) जरिवाना गरी बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (५) बमोजिम उक्त सजाय स्थगन गरिदिने ।

प्रतिवादी निरज चौधरीलाई आरोपित कसुरबाट सफाइ दिने ठहऱ्याएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत बुटवलको मिति २०७१।१२।२६ गते भएको फैसला केही उल्टी भई निज प्रतिवादीलाई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ४ को (घ) (ङ) र (च) को कसुरमा ऐ.दफा १४ को उपदफा (१) को खण्ड (झ) बमोजिम दुई (२) वर्ष कैद र रु.१,००,०००।– (एक लाख रूपियाँ) जरिवाना हुने ।

इजलास अधिकृत : कृष्णप्रसाद अधिकारी / सदिक्षा नेपाल (शा.अ.)

कम्प्युटर : सन्जय गुरुङ

इति संवत् २०७९ मार्ग १२ गते रोज २ शुभम् ।

## इजलास नं. १

### ३

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सपना प्रधान मल्ल,** *०७२-CI-०७३७, ०७३-CI-०५०७, ०७५-CI-०१२८, अंश चलन, शुभाङ्गी न्यौपानेसमेत वि. राजु न्यौपाने, मुकुन्दप्रसाद न्यौपाने वि. राजु न्यौपाने, राजु न्यौपाने वि. मुकुन्दप्रसाद न्यौपानेसमेत*

वादी तथा प्रतिवादीहरूको उल्लिखित पुनरावेदन जिकिरतर्फ हेर्दा कि.नं. ३१०, ३११ र ५६१ का घरजग्गाहरू बन्डा हुनुपर्ने हो वा होइन ? भन्ने सम्बन्धमा पुनरावेदनको रोहबाट निर्णय दिनुपर्ने देखिन आयो । पुनरावेदिकामध्येकी राधिका न्यौपानेको नाममा दर्ता रहेको काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ९(ग) कि.नं. ३१० को क्षेत्रफल ०-२-२-३ जग्गा र सोमा बनेको घर जग्गा पुनरावेदिका राधिका न्यौपानेले दातालाई रिझाएबापत बकसपत्रबाट प्राप्त भएको कारण बन्डा लाग्ने होइन भन्ने जिकिर लिएको पाइन्छ । मिसिल संलग्न कि.नं. ३१० को जग्गाको स्रोतको रूपमा रहेको दिने कमला बस्नेत लिने राधिका न्यौपाने भएको हालैदेखिको बकसपत्र लिखत हेर्दा उक्त बकसपत्रमा दाता र प्राप्तकर्ताबिचको नाता सम्बन्ध तथा बकसपत्र दिनुपर्ने कारणसमेत उक्त लिखतमा खुल्न सकेको पाइएन । यस अवस्थामा बकस प्राप्त गर्नुपर्ने कारण नखुलेकोमा त्यस्तो लिखतबाट प्राप्त सम्पत्ति बन्डा लागोस् भनी अर्को पक्षले जिकिर लिएको अवस्थामा सो जिकिरतर्फ पनि यथोचित सम्बोधन गर्नुपर्ने देखिने ।

साबिकको कि.नं. ३०३ को क्षेत्रफल ०-८-३-० जग्गा कित्ताकाट भई कायम भएको कि.नं. ५६० को क्षेत्रफल ०-४-१-२ जग्गा राजु न्यौपानेले पारित

गरी लगेको र बाँकी रहेको कि.नं. ५६१ को ०-४-१-२ जग्गा स्वर्गीय यादव न्यौपानेको हकवालाको नाममा मात्र कायम हुने ठहऱ्याई भएको सुरू फैसला केही उल्टी गरी उक्त जग्गा ३ भाग लगाई राजु न्यौपानेबाहेकका अन्य ३ अंशियारले १/१ भाग पाउने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको फैसला मिलेको छैन भन्ने पुनरावेदक प्रतिवादी चम्पादेवी निरौला (न्यौपाने) समेतको पुनरावेदन जिकिर सम्बन्धमा हेर्दा यी पुनरावेदक प्रतिवादीका ससुरा एवं हजुरबुबा पुनरावेदक प्रतिवादी मुकुन्दप्रसाद न्यौपानेको नाममा रहेको कि.नं. ३०३ को क्षेत्रफल ०-८-३-० जग्गाबाट आधा जग्गा पुनरावेदक प्रतिवादीहरू मुकुन्दप्रसाद न्यौपाने र राधिका न्यौपानेका जेठा छोरा पुनरावेदक वादी राजु न्यौपानेले प्राप्त गरिसकेको देखिएको र कि.नं. ३०३ को ०-८-३-० जग्गा कित्ताकाट भई बाँकी रहेको कि.नं. ५६१ को जग्गा स्वर्गीय यादव न्यौपानेको हकवाला यी पुनरावेदक प्रतिवादी चम्पादेवीको नाममा मात्र कायम हुने ठहरउपर यी पुनरावेदक वादी राजु न्यौपानेले पुनरावेदनमा दाबी गरेको अवस्था छैन । उल्लिखित कि.नं. ५६० को जग्गा प्रतिवादीमध्येका मुकुन्द न्यौपानेको नामबाट वादी राजु न्यौपानेको नाममा कित्ताकाट गरी हक हस्तान्तरण गर्दाको अवस्थामा बाँकी रहेको कि.नं. ५६१ को जग्गा अर्का अंशियार यादव न्यौपानेको मात्र हक हुने, अरूको हक नहुने भन्ने कुनै सुरू वा बेहोरा उल्लेख भएको पाइँदैन । यस्तो अवस्थामा यी पुनरावेदक प्रतिवादी चम्पादेवीसमेतका पति पिता स्वर्गीय यादव न्यौपानेका हकवालाले मात्र उक्त सम्पत्ति पाउँछन् भनी अनुमान गर्न कानूनतः मिल्ने हुँदैन । अतः उल्लिखित कि.नं. ५६१ को जग्गासमेत भाग लाग्नुपर्ने भन्ने वादी राजु न्यौपानेको पुनरावेदन दाबी जिकिर नरहेको र यी पुनरावेदक प्रतिवादीहरू मुकुन्दप्रसाद न्यौपाने र राधिका न्यौपानेको मात्र पुनरावेदन जिकिर रहेको अवस्थामा उक्त कि.नं. ५६१ को क्षेत्रफल ०-४-१-२ जग्गा राजु न्यौपानेबाहेकका अन्य अंशियारहरूलाई मात्र ३ भाग लाग्ने देखिने।

यी पुनरावेदक वादी राजु न्यौपानेको नाममा साबिक कि.नं. ३०३ को क्षेत्रफल ०-८-३-० को जग्गा कित्ताकाट भई कायम कि.नं. ५६० को क्षेत्रफल ०-४-१-२ जग्गा गएको र साबिक सोही कित्ताबाट कित्ताकाट भई बाँकी रहेको कि.नं. ५६१ को ०-४-१-२ जग्गा यादव न्यौपानेको हकवालाको नाममा मात्र कायम हुने ठहऱ्याएको हदसम्म काठमाडौं जिल्ला अदालतको मिति २०७०।५।१० को फैसला सो हदसम्म केही उल्टी गरी उक्त कि.नं. ५६१ को क्षेत्रफल ०-४-१-२ जग्गाबाट ३ भाग लगाई उक्त ३ भागबाट एक एक भाग यी पुनरावेदक प्रतिवादीहरू मुकुन्दप्रसाद न्यौपाने र राधिका न्यौपानेको समेत अंश भाग कायम हुने र पुनरावेदकहरूको अन्य पुनरावेदन जिकिर पुग्न नसक्ने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७२।१।७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : यज्ञमूर्ति ज्ञवाली
कम्प्युटर : मन्जिता ढुंगाना
इति संवत् २०७९ साल कात्तिक १५ गते रोज ३ शुभम्।
यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैनुसार फैसला भएका छन्।

- ०७२-CI-०७३८, ०७३-CI-०५०६, अंश चलन, शुभाङ्गी न्यौपानेसमेत वि. मुकुन्दप्रसाद न्यौपानेसमेत, मुकुन्दप्रसाद न्यौपाने वि. शुभाङ्गी न्यौपानेसमेत
- ०७५-CI-१००५, लिखत दर्ता बदर दर्ता कायम, चम्पादेवी निरौला (न्यौपाने) वि. भैरवी न्यौपानेसमेत
- ०७५-CR-२१७३, जालसाजी, चम्पादेवी निरौला (न्यौपाने) वि. मुकुन्दप्रसाद न्यौपानेसमेत

४

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री कुमार रेग्मी,** *०७६-CR-०२७५, कर्तव्य ज्यान, मन्जुदेवी पासवान भन्ने मन्जुकुमारी वि. नेपाल सरकार*

मिसिल संलग्न प्रमाणहरूबाट यी पुनरावेदक प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको तथ्य पुष्टि भइरहेकोले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. र १३(३) नं.को कसुरमा ऐ. १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गरेको सुरू सर्लाही जिल्ला अदालतको मिति २०७३।८।२९ को फैसला सदर गरी हाल प्रचलनमा रहेको मुलुकी फौजदारी संहिता, २०७४ को दफा ४० को उपदफा २ मा "कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने सजाय गरिने छैन" भन्ने कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा सर्वस्वको सजाय घटाई जन्मकैद मात्र कायम गर्ने गरी भएको उच्च अदालत जनकपुरको मिति २०७६।२।१ को फैसलालाई अन्यथा भन्न मिल्ने देखिएन। सो फैसला बदर गरी आरोपित कसुरबाट सफाइ पाउँ भन्ने निज प्रतिवादी मन्जुकुमारीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

उच्च अदालत जनकपुरबाट प्रतिवादी मन्जु कुमारीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय हुने भए पनि घटना परिस्थितिसमेतको विश्लेषण गरी जन्मकैदको सजाय चर्को पर्ने भएकोले १४ वर्ष कैद सजाय गर्न राय पेस गरेको स्थितिलाई विचार गर्दा, प्रतिवादी र मृतक बुहारी ससुरा नाताका भई एकाघर परिवारभित्रैका मानिस रहेको देखिन्छ । निजहरूबिच पारिवारिक तथा बालबच्चाहरूको पालन पोषणको विषयमा सामान्य वादविवाद तथा झै-झगडा भई दुवै पक्षबाट कुटपिटसमेत भएको देखिएको अवस्था छ । त्यस्ता सामान्य झै-झगडाका कारण आफ्नै ससुरालाई मार्नुपर्नेसम्मको इवीलाग रहेको भनी मान्न मिल्दैन। यी प्रतिवादीले ससुरा परमेश्वर पासवानलाई मार्ने योजना तथा षड्यन्त्र गरेको भन्ने पनि मिसिलबाट देखिँदैन । प्रतिवादी मन्जुकुमारीले कुनै जोखिमी हतियार प्रयोग गरी निज परमेश्वर पासवानलाई साङ्घातिक आक्रमण गरेको पनि देखिँदैन । दुवैबिच भनाभन तथा हात हालाहाल हुँदा परमेश्वर पासवानको मर्म स्थानमा लाग्न पुगी घाइते भई उपचारको क्रममा मृत्यु भएको मिसिल संलग्न कागजातहरूबाट देखिएको छ । प्रतिवादीले बिरामी अवस्थामा रहेका ससुरालाई लछार पछार तथा हात मुक्काले हिर्काउँदा मर्न सक्छ भन्ने कुराको होस नपुऱ्याउँदा प्रस्तुत वारदात घट्न गएको अवस्थामा नाबालक बालबच्चाको आमासमेत रहेकी यी प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय गर्दा निजलाई चर्को सजाय हुने भई नाबालक बच्चाहरूको पालन पोषणसमेतमा प्रतिकूल असर पर्न सक्ने स्थितिसमेतलाई मध्यनजर गर्दा उच्च अदालत जनकपुरबाट निजलाई १४ वर्ष कैद सजाय गर्न राय पेस गरेको भए पनि निज प्रतिवादीलाई १२(बाह्र) वर्ष कैद गर्दा पनि कसुरको मात्रा अनुसार सजाय पुग्ने र कानूनको मकसदसमेत पूरा हुने अवस्था देखिएकोले यी प्रतिवादी मन्जुकुमारीलाई १२ वर्ष कैद सजाय गर्न उपर्युक्त हुने।

प्रतिवादी मन्जुकुमारीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसुर कायम गरी सजाय गरेको उच्च अदालत जनकपुरबाट मिति २०७६।२।१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीलाई १२ वर्ष कैद गर्दा पनि कसुरको मात्रा अनुसार सजाय पुग्ने र कानूनको मकसदसमेत पूरा हुने अवस्था देखिएकोले मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम यी प्रतिवादी मन्जुकुमारीलाई

१२(बाह्र) वर्ष कैद सजाय हुने ।
इजलास अधिकृत - हेमराज शर्मा
कम्प्युटर : मन्जिता ढुंगाना
इति संवत् २०८० साल चैत्र २३ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री कुमार रेग्मी**, *०८०-WH-००६०, बन्दीप्रत्यक्षीकरण, लछुमणबाबु कार्की वि. धनुषा जिल्ला अदालतसमेत*

उल्लिखित ठगी मुद्दामा निवेदकको नाउँको म्याद गलत वतनमा बेरितसँग तामेल भएको पाइएको र सोही आधारमा निवेदकलाई कसुरदार ठहऱ्याई धनुषा जिल्ला अदालतबाट भएको फैसला तथा उच्च अदालतबाट निवेदकलाई ३ वर्ष कैद हुने र निवेदकबाट रु.२३,४६,६६६।६७ बिगो भराउने एवं बिगोबमोजिम जरिवाना हुने भनी भएको फैसलासमेत उल्लिखित कानूनी व्यवस्था एवं प्राकृतिक न्यायको सिद्धान्तको प्रतिकूल भई त्रुटिपूर्ण देखिँदा धनुषा जिल्ला अदालतबाट मिति २०७४।०४।१६ मा जारी भई मिति २०७४।०९।०६ मा सर्लाही जिल्ला अदालतबाट बेपत्ते तामेल भएको म्याद, सो म्यादका आधारमा धनुषा जिल्ला अदालतबाट मिति २०७५।०३।०४ मा भएको फैसला र सो फैसलाबाट ठहरेको कैदको हकमा यथावत् कायम गरी बिगो र जरिवानाको हकमा केही उल्टी गरी उच्च अदालत जनकपुरबाट मिति २०७६।१०।२९ मा भएको फैसला यी निवेदक लछुमण बाबु कार्कीको हकमा सम्म कानूनबमोजिमको नदेखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिने ।

उल्लिखित ठगी मुद्दामा यी रिट निवेदक कारागार कार्यालय सिन्धुलीमा थुनामा रहेको देखिँदा निजलाई झिकाई सुनुवाइको मौका दिई यी निवेदकका हकमासम्म बयान तथा थुनछेकलगायत कार्य गरी कानूनबमोजिम जे जो बुझ्नुपर्ने हो बुझी आवश्यक कारबाही किनारा गर्नु भनी विपक्षी धनुषा जिल्ला अदालतका नाममा परमादेशको आदेश जारी हुने ।
इजलास अधिकृत : हेमराज शर्मा
कम्प्युटर : मन्जिता ढुंगाना
इति संवत् २०८० साल भाद्र २६ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७५-CI-१००२, अंश, धनदेवी गुरुङ वि. गौप्रसाद गुरुङसमेत*

पोखरा-१० को कि.नं. ६७ को विवादित जग्गा प्रत्यर्थी वादी प्रेमकाजी गुरुङको नाउँमा खरिद भई यी पुनरावेदक प्रतिवादी धनदेवी गुरुङको नाउँमा हालैको बकसपत्रका माध्यमबाट एवं पोखरा-१४ को कि.नं. ९४६५ र ९४६७ समेतका जग्गाहरू राजीनामाका माध्यमबाट प्राप्त हुन आएको तथ्य मिसिल संलग्न रहेका सो जग्गाका जग्गाधनी प्रमाण पुर्जा एवं रजिस्ट्रेसनसमेतका कागजातबाट खुलेको देखिन्छ । यी पुनरावेदक प्रतिवादी धनदेवी गुरुङले आफू आफ्नो पति गौप्रसाद गुरुङसँगै वैदेशिक रोजगार जापानमा गई कमाएको पैसा जेठाजु प्रेमकाजी गुरुङलाई पठाई सो पैसाबाट निजको नाममा खरिद गरेको हुँदा नेपाल फर्केपछि कि.नं. ६७ को जग्गा निजले मलाई हालैदेखिको बकसपत्र गरिदिएको हो तथा कि.नं. ९४६५ र ९४६७ को जग्गा नेपाल फर्केपछि जापानबाट आफूसँग ल्याएको रकमबाट खरिद गरेको हो । यसरी उक्त जग्गाहरू निजी आर्जनको भई बन्डा लाग्ने होइन भनी जिकिर लिएको पाइने ।

तथापि पुनरावेदक प्रतिवादी धनदेवी गुरुङले कि.नं. ६७, ९४६५ र ९४६७ समेतका घरजग्गा आफू जापान गई कमाई गरी पठाएको रकमबाट खरिद गरिएको हो भन्ने जिकिर लिए तापनि निजले प्रत्यर्थी प्रतिवादी प्रेमकाजी गुरुङसमेतलाई कहिले, कसरी, कुन माध्यमबाट के कति रकम आर्जन गरी पठाएको हो वा नेपाल फर्किँदा आफूसँग के कति रकम ल्याई

उक्त घरजग्गामा लगानी गरेको हो भन्ने वस्तुनिष्ठ एवं विश्वसनीय प्रमाण गुजार्न सकेको देखिँदैन। यसरी स्पष्ट एवं प्रत्यक्ष प्रमाणको अभावमा एकासगोलमा रहेको कुनै अंशियारको नाममा रहेको तथा खरिद गरेको सम्पत्ति सबै अंशियारको समान हक लाग्ने सगोलको सम्पत्ति नै मान्नुपर्ने देखिने।

पुनरावेदक प्रतिवादी धनदेवी गुरुङको नाममा दर्ता स्रेस्ता कायम रहेको देखिएको कि.नं. ६७ को घरजग्गा तथा कि.नं. ९४६५ र ९४६७ को जग्गासमेत बन्डा हुने ठहऱ्याई भएको सुरू कास्की जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत पोखराको मिति २०७३।२।११ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत - गगनदेव महतो

कम्प्युटर - मन्जिता ढुंगाना

इति संवत् २०७९ साल माघ २२ गते रोज १ शुभम्।

साथै यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैनुसार फैसला भएका छन्।

- ०७५-CI-१००१, अंश, धनदेवी गुरुङ वि. मिनाकुमारी गुरुङ
- ०७३-CR-०७७६, जालसाजी, बीमा गुरुङसमेत वि. धनदेवी गुरुङसमेत
- ०७३-CR-१०९१, जालसाजी, मिनाकुमारी गुरुङ वि. बीमा गुरुङसमेत
- ०७३-CR-१०८९, जालसाजी, रिना गुरुङ वि. बीमा गुरुङसमेत
- ०७३-CR-०७७५, जालसाजी, बीमा गुरुङसमेत वि. रिना गुरुङसमेत
- ०७३-CR-१०९०, जालसाजी, मिनाकुमारी गुरुङ वि. बीमा गुरुङसमेत
- ०७५-CR-२१३२, जालसाजी, धनदेवी गुरुङ वि. बीमा गुरुङसमेत

## ७

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. डा.श्री कुमार चुडाल,** *०७९-WH-००५७, बन्दीप्रत्यक्षीकरण, खड्कबहादुर खत्री के.सी. वि. दिपकप्रसाद ढकालसमेत*

निवेदक खड्कबहादुर खत्री के.सी.उपर दिपकप्रसाद ढकालको जाहेरीले नेपाल सरकार वादी भई चलेको बैंकिङ कसुर मुद्दामा उच्च अदालत पाटनबाट यी निवेदकलाई कसुरदार ठहऱ्याई ७ दिन कैद र जाहेरवालालाई बिगो भराई बिगोबमोजिम रु. ३०,२५,०००।- (तिस लाख पच्चिस हजार) जरिवानासमेत भएको देखिन्छ । उक्त मुद्दामा निवेदकको ठेगाना काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा नगरपालिका, वडा नं. ९ मा म्याद तामेल नभई दोलखा जिल्ला, जिरी नगरपालिका, वडा नं. ८ मा बेरितसँग तामेल भएकोले सुनुवाइको मौका नपाएको भन्ने निवेदन जिकिर रहेको देखिन्छ। निज निवेदकउपर परेको जाहेरी दरखास्तमा निजको ठेगाना दोलखा जिल्ला, ठुलोपाताल गा.वि.स. वडा नं. ५ घर भई हाल काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा नगरपालिका, वडा नं. ८ मनेटार बस्ने भनी उल्लेख भएको र अभियोगपत्रमा निजको ठेगाना दोलखा जिल्ला, ठुलोपाताल गा.वि.स. वडा नं. ५ परिवर्तित जिरी नगरपालिका, वडा नं. ८ भई काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा नगरपालिका, वडा नं. ८ मनेटार बस्ने भनी उल्लेख भएको पाइन्छ । उल्लिखित बैंकिङ कसुर मुद्दामा उच्च अदालत पाटनबाट निजको नाममा म्याद तामेल गर्दा दोलखा जिल्ला, जिरी नगरपालिका, वडा नं. ८ को ठेगाना उल्लेख गरेको देखिन्छ। उक्त तामेलीको म्याद प्रति हेर्दा निजको घर ठेगाना फेला नपरेको, निजको बारेमा सोधपुछ गर्दा काठमाडौं बसोबास गरेको भन्नेसमेत उल्लेख भएबाट

र अभियोजनमा नै निवेदकको ठेगाना हाल काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा नगरपालिका, वडा नं. ८ मनेटार बस्ने भनी उल्लेख भएको देखिँदा निवेदक बसोबास गरेको उल्लिखित स्थानमा म्याद तामेल नभई निवेदक बसोबास नगरेको ठेगानामा म्याद तामेल भएको देखियो । यसरी निवेदक बसोबास नगरेको स्थानमा निवेदकको नाउँमा जारी भएको म्याद मिति २०७७।७।१७ मा तामेल भएको देखिँदा निवेदकको नाउँको उक्त म्याद मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१(६) बमोजिम रीतपूर्वक रहेको तथा तामेल भएको मान्न नमिल्ने भएकाले यी निवेदकले उल्लिखित बैंकिङ कसुर मुद्दामा सुनुवाइको मौका पाएको भन्न नमिल्ने ।

निवेदक खड्कबहादुर खत्री के.सी.को नाउँमा मिति २०७७।०७।१७ मा तामेल भएको बेरितको म्याद र सो बेरितसँग तामेल भएको म्यादका आधारमा उच्च अदालत पाटनबाट यी निवेदकलाई कसुरदार ठहर्‍याई मिति २०७७।१०।२६ मा भएको फैसला उल्लिखित कानूनी व्यवस्था र प्राकृतिक न्यायको सिद्धान्तको प्रतिकूल भई त्रुटिपूर्ण देखिएकाले उक्त म्याद र फैसला उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । उच्च अदालत पाटनको उक्त फैसला बदर भएकोले ललितपुर जिल्ला अदालतबाट लगत कसी कैद ठेकेको च.नं. ०७९-४०-०००६७३, मिति २०७९।४।२३ को पत्रसमेत निष्क्रिय गरिदिएको छ । अब, यी निवेदक खड्कबहादुर खत्री के.सी.लाई अभियोग दाबीबमोजिम उल्लिखित बैंकिङ कसुर मुद्दामा निज थुनामा रहेको कारागार कार्यालयबाट उपस्थित गराई रीतपूर्वक म्याद बुझाई थुनछेक आदेशलगायतका प्रक्रियामा संलग्न गराई जे जो प्रमाण बुझ्नुपर्ने हो बुझी पुनः कानूनबमोजिम गर्नु गराउनु भनी परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत - ताराप्रसाद जोशी

इति संवत् २०७९ साल असोज ३१ गते रोज २ शुभम् ।

८

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री नहकुल सुवेदी,** *०७१-CI-००१२, अंश चलन, मिरन भन्ने मिरण ताम्राकारसमेत वि. किशोर ताम्राकार*

ललितपुर उपमहानगरपालिका वडा नं. १२ कि.नं. २११ को ०-२-२-० जग्गा र सोमा बनेको घरसमेत बन्डा लाग्नुपर्ने हो भनी पुनरावेदक प्रतिवादीहरूले पुनरावेदन जिकिरमा उठाएका विषयको सन्दर्भमा हेर्दा, प्रतिवादी ओमकृष्ण ताम्राकारले प्रतिउत्तर फिराउँदा नै विवादित कि.नं. २११ को घर जग्गा हजुरआमा तुलसीमाया ताम्राकारले मिति २०४३।२।३० मा शेषपछिको बकसपत्र गरिदिएको बन्डा नलाग्ने एकलौटी सम्पत्ति हो भनी बन्डा लाग्ने भन्ने कुरामा इन्कार रहेको देखिन्छ । निजले उक्त जग्गाको सम्बन्धमा आफ्नो एकलौटी हक रहेको तथ्य अझ विस्तृत रूपमा खुलाउँदै मिति २०५९।३।१७ मा पेस गरेको तायदाती फाँटवारीमा विवादित जग्गा शेषपछिको बकसपत्र गरिलिँदाको समयमा बजै तुलसीमाया र पिता इन्द्रकृष्ण दुई मात्र अंशियार रहेकोमा तुलसीमायाको आधा भाग घर जग्गा शेषपछिको बकसपत्रबाट प्राप्त गरेको र पिता इन्द्रकृष्णले ललितपुर नगरपालिका वडा नं. ५(त) कि.नं. ६९ र ७० को जग्गा दर्ता माग गरेको र उक्त जग्गामा शेषपछिको बकसपत्र अनुसार आफ्नो एकलौटी हक हुने भनी मालपोत कार्यालयमा आफूले पनि दाबी गरेको हुँदा पिता इन्द्रकृष्णले उक्त विवादित कि.नं. २११ को घर जग्गाको आधा हक आफूलाई छाडिदिने र कि.नं. ६९ र ७० मा भएको आफ्नो आधा हक बाबुलाई छाडिदिने गरी मालपोत कार्यालयमा मिलापत्र भएको हुँदा विवादित घर जग्गा आफ्नो हकको भई बन्डा नलाग्ने भएको तथ्य खुलाएको देखिन्छ । प्रतिवादी ओमकृष्ण ताम्राकारको नाममा विवादित कि.नं. २११ को दर्ता स्रेस्तासमेत कायम रहेको तथ्य मिसिल संलग्न जग्गाधनी दर्ता स्रेस्ताको

प्रतिलिपिबाट देखिने।

त्यसैगरी प्रतिवादीका साक्षी भुवनलाल ताम्राकारले सरस्वती ताम्राकारको सासूले प्रतिवादी ओमकृष्ण ताम्राकारलाई बकसपत्र गरी दिएको सम्पत्तिबाट वादीले अंश पाउने होइन भनी बकपत्र गरेकोसमेत देखिन्छ । मिसिल संलग्न मिति २०४३।२।३० को पारित लिखत हेर्दा मेरो हेरविचार स्याहार सुसार गर्ने गरी मेरो मात्र हक भोगको चल अचल श्री सम्पत्ति यो शेषपछिको बकसपत्र खुशी राजीसँग तिमी एकाघरका नाति ओमकृष्ण ताम्राकारलाई दिएँ भनी शेषपछिको बकसपत्रको लिखत गरिदिएको देखिन्छ। उक्त लिखत बदर गरेको तथा अन्यथा हो भनी कुनै प्रतिवादीले समेत भन्न नसकेको।

वादी प्रतिवादीहरू ८ अंशियारा भएकाले वादीले ८ भागको १ भाग अंश पाउने ठहर गरेको ललितपुर जिल्ला अदालतको मिति २०६०।५।११ को फैसलामा विवाह खर्च पर नसारेको हदसम्म केही उल्टी हुने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६२।८।७ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत - ताराप्रसाद जोशी

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०८० साल वैशाख ५ गते रोज ३ शुभम्।

## इजलास नं. ४

९

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७८-WH-०२१०, बन्दीप्रत्यक्षीकरण, ध्रुवबहादुर बस्नेत वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत*

निवेदक सुधा बस्नेतउपर चलेका बैंकिङ्ग कसुर मुद्दामा प्रमाणको रूपमा पेस भएका चेकहरूमध्ये मुद्दा नं. ०७४-CB-०२५५ को मुद्दामा निवेदक सुधा बस्नेतले मिति २०७४।८।२७ चेक जारी गरेको देखिन्छ भने मुद्दा नं.०७५-CB-०५८२ को मुद्दामा मिति २०७४।१२।१५ मा चेक जारी गरेको देखिन्छ। बाँकी अन्य १४ थान मुद्दामा जारी भएका चेकहरूको मिति माथि उल्लेख भएको चेक जारी भएको मिति २०७४।८।२७ देखि मिति २०७४।१२।१५ भित्रैको देखिएको छ। निवेदकबाट जारी भएका १६ थान चेकहरूमध्ये सबैभन्दा पहिला मुद्दा नं.०७४-CB-०२५४ को मुद्दामा सन् २०१८।२।१५ अर्थात् संवत् २०७४।११।३ मा र सबैभन्दा पछि सन् २०१८ Jun ३ अर्थात् संवत् २०७५।३।५ मा चेक बाउन्स भएको देखिन आउँछ । यसरी हेर्दा माथि उल्लेख गरिएका चेकहरू मुलुकी अपराध संहिता, २०७४ जारी हुनुअगावै निवेदकले चेक जारी गरेको र सो ऐन जारी हुनुअगावै नै उल्लिखित चेक बाउन्स भएको भन्ने कुरा प्रमाणमा रहेका बैंकिङ्ग कसुर मुद्दाका मिसिलहरूबाट देखिने।

निवेदक सुधा बस्नेतले प्रस्तुत निवेदनसाथ प्रमाणमा रहेका बैंकिङ कसुर मुद्दाका जाहेरवालाहरूलाई हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ लागु हुनुपूर्व अर्थात् मिति २०७५।०५।०१ अगावै चेक जारी गरेको र त्यसरी जारी भएका चेकहरूसमेत मुलुकी अपराध संहिता, २०७४ लागु हुनुअगावै बाउन्ससमेत भएको देखिएको छ। नेपालको संविधानको धारा २० मा न्यायसम्बन्धी हकको व्यवस्था गरेको र सो दफाको उपधारा ४ मा तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायभागी हुने छैन र कुनै पनि ब्यक्तिलाई कसुर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन " भन्ने व्यवस्था रहेकोसमेत पाइने।

निवेदक सुधा बस्नेतले बैंकिङ कसुर मुद्दामा कसुर गर्दाको अवस्थामा मुलुकी अपराध संहिता,

२०७४ लागु भएको नभई तत्कालीन मुलुकी ऐन प्रचलनमा रहेकोमा विवाद देखिएन । निजउपर मुद्दा चल्दै जाँदा फैसला भई कसुर ठहर भएपश्चात् फैसला कार्यान्वयनको सिलसिलामा जरिवानाबापत मुलुकी अपराध संहिता, २०७४ को ४६(१) (क) बमोजिम १० (दश वर्ष) कैद ठेकी कैदमा राख्न पठाइएको विषय कानूनसम्मत देखिन आएन। त्यसरी कानूनविपरीत जरिवानाबापत १० (दश वर्ष) कैद ठेक्ने गरी काठमाडौं जिल्ला अदालतबाट च.नं. २४११ मिति २०७९।०१।१४ मा निवेदक सुधा बस्नेतको हकमा जारी भएको कैदी पुर्जी कानूनविपरीत देखिँदा सो हदसम्म उक्त कैदी पुर्जी उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । निवेदक सुधा बस्नेत बैंकिङ कसुर मुद्दामा भएको फैसलाको कार्यान्वयनको सिलसिलामा मिति २०७४।१२।०४ देखि हालसम्म कैदमा बसेको देखिई निजका हकमा कार्यान्वयन हुने कैद महिना २ (दुई महिना) र निजबाट असुल हुन बाँकी रहेको जरिवानाबापत साबिक मुलुकी ऐन, दण्ड सजायको ३८ नं. बमोजिम हुने अधिकतम कैद वर्ष ४ (चार वर्ष) गरी जम्मा ४ वर्ष २ महिना कैद (चार वर्ष दुई महिना) सजाय भुक्तान भइसकेको देखिएबाट निज निवेदक हाल गैरकानूनी रूपमा थुनामा बसेको देखिँदा निजलाई तत्काल थुनामुक्त गर्नु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिदिएको छ । निज निवेदक सुधा बस्नेतलाई अन्य मुद्दाबाट कैद वा थुनामा राख्न नपर्ने भए आजै तत्काल थुनामुक्त गरिदिनु भनी सम्बन्धित कारागार कार्यालय र काठमाडौं जिल्ला अदालतमा छिटो साधनद्वारा लेखी पठाउनु भनी संक्षिप्त आदेश जारी भइसकेकोले केही गर्न नपर्ने।

इजलास अधिकृत - दामोदर घिमिरे

कम्प्युटर - अमिररत्न महर्जन

इति संवत् २०७९ साल जेठ ३१ गते रोज ३ शुभम्।

## १०

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७७-WH-०२१६, बन्दीप्रत्यक्षीकरण, उमेशकुमार वि.क. वि. महानगरीय प्रहरी वृत्त जनसेवा, नयाँसडक, काठमाडौंसमेत*

हर्कबहादुर वि.क.लाई विपक्षीहरूबाट यस अदालतबाट प्रतिपादित सिद्धान्त, संविधान तथा कानूनप्रतिकूल हुने गरी पटकपटक वैयक्तिक स्वतन्त्रताको अधिकारबाट वञ्चित गर्दा कानूनले तोकेको अनिवार्यरूपमा अनुशरण गर्नुपर्ने कानूनको उचित प्रक्रियाको अनुशरण नगरी वैयक्तिक स्वतन्त्रतामाथि आघात पुऱ्याएकोले निजउपर प्रवृत्त धारणा राखेर गरिएको व्यवहारलाई उचित ठान्न नसकिने हुँदा हर्कबहादुर वि.क.लाई फरक वैचारिक अवस्था राखेकै कारणले यस अदालतबाट आदेश जारी भई थुनामुक्त गर्नासाथ तत्कालै अदालतको परिसर नजिकबाटै पक्राउ गरी निरन्तर थुनामा राखेको कार्य गैरकानूनी देखिने।

हर्कबहादुर वि.क.उपर अभद्र व्यवहार मुद्दामा काठमाडौं जिल्ला अदालतबाट धरौटी मागी धरौटी दाखिल नगरेको भनी थुनामा राख्ने गरेको आदेश कानूनसम्मत नदेखिएको भनी मिति २०७७। १०। ११ गते बन्दीप्रत्यक्षीकरण आदेश जारी भई रजिस्ट्रारको रोहबरमा थुनामुक्त भएको बेहोरामा सहीछाप गरेलगत्तै कारागारबाट थुनामुक्त गर्ने हो भनी भ्यानमा राखी केन्द्रीय कारागार लगेको, भोलिपल्ट कारागार शाखाबाट प्रहरीले कहाँ लगेको जानकारी नदिई गैरकानूनी हिरासतमा राखेको भन्ने निवेदन तथा निजलाई मिति २०७७। १०। १२ गते सुन्धारामा प्रहरी टोलीसँग वादविवादसमेत गरेकोले अभद्र व्यवहार कसुरमा पक्राउ गरी म्याद थप गरिएको

भन्नेसमेत लिखित जवाफबाट देखिएको, निवेदक यसअघि पनि पटकपटक अभद्र व्यवहारको आरोपमा पक्राउ परी निरन्तर थुनामा रहेको देखिएको र यस अदालतबाट बन्दीप्रत्यक्षीकरणको आदेश जारी भई मुक्त हुनासाथ पुनः पक्राउ परेको भन्नेसमेत देखिई निजलाई वैचारिक आस्थाको आधारमा मात्र प्रवृत्त भावना राखी थुनामा राख्ने गरेको कार्य कानूनसम्मत नदेखिँदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(क) र (ख) बमोजिम निजलाई आजै सर्वोच्च अदालतका रजिष्ट्रारकोबरोहवरमा थुनामुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत - कमलकुमार आचार्य / विकाशकुमार रजक

कम्प्युटर :- सरस्वती दाहाल

इति संवत् २०७७ माघ २१ गते रोज ४ शुभम्।

११

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७१-CR-११५१, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.६ महाराजगन्ज स्थित आलमदेवी एसोसिएट्स प्रा.लि.समेत*

Alamdevi Associates Pvt.Ltd. महाराजगञ्ज काठमाडौं मेनपावर कम्पनीमार्फत मलेसिया देशको Supermax Worthy Sdn. Bhd. कम्पनीमा Factory Workers को काम गर्नको लागि Supermax Worthy Sdn. Bhd. कम्पनीमा त्रिपक्षीय सम्झौता अनुसार श्रम विभागको मिति २०६६।१०।२१ गतेको निर्णय अनुसार श्रम स्वीकृति लिई विपक्षी Alamdevi Associates Pvt. Ltd. ले जनही रु.१,२५,०००।- लिई मलेसिया पठाएको करारबमोजिमको काम गर्न नलगाई अर्कै काम लगाएको हुँदा प्रतिवादीहरूलाई कारबाही गरिपाउँ भनी जाहेरी दरखास्त परेको देखिन्छ। प्रतिवादीमध्येका महम्मद जाहिर अन्सारीले कसुरमा इन्कार गर्दै आलमदेवी एसोसिएट्स प्रा.लि. लाई सम्पर्क गराई प्रा.लि. ले नै वैदेशिक रोजगारमा मलेसिया पठाएको हो। मेनपावरले कस्तो एग्रिमेन्ट गराए आफूलाई केही थाहा नभएको भनी बयान गरेको पाइन्छ। आलमदेवी एसोसिएट्स प्रा.लि.बाट व्यक्तिगत श्रम स्वीकृति निकाल्दा धेरै खर्च हुन्छ भनेको हुँदा सहमतिको आधारमा कम्पनीबाट अफिसियल लाग्ने खर्च लिई श्रम स्वीकृति निकालिदिएको भए तापनि जाहेरवालाहरूलाई Supermax Worthy Sdn. Bhd. कम्पनीमा काम गर्न पठाएको र जाहेरवालाहरूबाट रु.४५,०००।- लिई ४९ जनालाई उक्त कम्पनीमा Demand Letter अनुसार श्रम स्वीकृति लिई पठाएको हो भनी मौकामा अनुसन्धानको क्रममा बयान गरेको देखिने।

प्रतिवादीमध्येका आलमदेवी एसोसिएट्स प्रा. लि.को हकमा वैदेशिक रोजगार ऐन, २०६४ को दफा २१(३) को कसुर कायम गरी सजाय गर्नुपर्ने हो होइन भन्नेतर्फ हेर्दा उक्त दफा २१(३) मा यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि इजाजतपत्रवालाले व्यक्तिगत रूपमा कामदार पठाउन पाउने छैन भन्ने व्यवस्था रहेको पाइन्छ। जाहेरवालाहरूले दिएको जाहेरीमा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ५५ बमोजिम उजुरी निवेदन दिएको र यी प्रतिवादीले न्यायाधिकरणसमक्ष बयान गर्दा सम्झौताबमोजिम पठाएको कम्पनीले विभागबाट श्रम स्वीकृति लिएर नै पठाएको भनी ४९ जना पठाएकोमध्ये हालसम्म ४२ जना कार्यरत छन् भनी बयान गरेको पाइन्छ। यी प्रतिवादी आलमदेवी एसोसिएट्स प्रा.लि. वैदेशिक रोजगारको लागि इजाजतपत्र प्राप्त संस्था रहेको र वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न पाउने कम्पनी रहेकोमा विवाद देखिँदैन। यस अवस्थामा इजाजतपत्र प्राप्त संस्थाले व्यक्तिगतरूपमा कामदार पठाएको भनी वैदेशिक रोजगार ऐन, २०६४ को दफा

२१(३) को कसुर कायम गरी सोही ऐनको दफा ५२ अनुरूप सजाय गर्नुपर्ने अवस्था विद्यमान नदेखिने।

प्रतिवादीहरू महम्मद जाहिर अन्सारी र इरसाद हुसैन अन्सारीउपर दफा १०, ४३ र ५५ को कसुर कायम गरी सजाय गर्न मिल्ने अवस्था नहुँदा सोतर्फको वादी दाबी नपुग्ने र प्रतिवादीमध्येका आलमदेवी एसोसिएट्स प्रा.लि. का हकमा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ५५ का सन्दर्भमा जो जे बुझ्नुपर्ने बुझी निर्णय गर्नु भनी सो दफाका हकमा प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी प्रस्तुत मिसिल वैदेशिक रोजगार विभागमा पठाइदिने र अन्य दफा १०, ४३, २१(३) र ५२ समेतको अभियोग माग दाबी नपुग्ने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७१।०८।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत - विकाशकुमार राजक

कम्प्युटर - सरस्वती दाहाल

इति संवत् २०७८ साल असोज ६ गते रोज ४ शुभम्।

## इजलास नं. ५

### १२

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७५-CR-१३७१, अवैध रक्तचन्दन, कवितमान श्रेष्ठ वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी र अर्का प्रतिवादीबिच उक्त गाडी बिक्रीको करार मिति २०६८।०४।१५ भएकोमा गाडी धितोमा राखी खरिदका लागि कर्जा दिने सहकारी संस्थालाई समेत झण्डै ६ महिनापछि मिति २०६८।१०।२८ मा जानकारी दिएको भन्ने सहकारीको मिति २०६९।०८।१७ को पत्रबाट देखिन्छ। तर अनुसन्धान अधिकारीलाई भने सोही मिति २०६८।१०।२८ को निवेदनसाथ हुलाकमार्फत उक्त करारनामा कागज पठाएको देखिन्छ। यदि गाडी बिक्रीको करार मिति २०६८।०४।१५ मा नै भएको भए गाडी खरिदका लागि कर्जा दिने सहकारी संस्थालाई समेत राखी त्रिपक्षीय सम्झौता हुनुपर्ने र सो नभएमा पनि गाडी बिक्री गरेको सम्बन्धमा तत्काल जानकारी गराउनुपर्नेमा धेरै समयपछि वन कार्यालयमा उक्त करारनामा पेस गरेको मिति २०६८।१०।२८ मा मात्र सहकारीलाई जानकारी गराएको देखिएकाले उक्त करारनामा लिखत मिति २०६८।१०।२८ मा नै वारदात हुनुभन्दा अघिको मिति २०६८।०४।१५ राखी तैयार गरिएको भनी सहजै अनुमान गर्न सकिने देखिन्छ। यी पुनरावेदक प्रतिवादीलाई उपस्थित हुन आउनु भनी जिल्ला वन कार्यालय भक्तपुरको च.नं.१८३ मिति २०६८।०७।०८ को पत्रबाट जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकलाई पत्राचार भएको देखिन्छ। तत्पश्चात् च.नं.१९१ मिति २०६८।०७।१६, च.नं.२१० मिति २०६८।०८।०१ को पत्रसमेतबाट जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकलाई पत्राचार गर्दासमेत यी पुनरावेदक प्रतिवादी उपस्थित हुन नआएपछि सोबारे जानकारी गराउँदै च.नं.२१५ मिति २०६८।०८।०५ को पत्रबाट वन विभागलाई पत्राचार गरेको देखिन्छ। त्यसै गरी जिल्ला वन कार्यालय भक्तपुरको च.नं.३१४ मिति २०६८।०९।२४ को पत्रबाट यी प्रतिवादीलाई उपस्थित गराइदिनु भनी जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकलाई चौथो पटक ताकेता गरेको देखिन्छ। यसपछि पनि जिल्ला वन कार्यालय भक्तपुरबाट च.नं.३५९ मिति २०६८।११।३० को पत्रबाट दुवै प्रतिवादीका नाममा उपस्थित हुन आउनु भनी जानकारी गराएको देखिन्छ। यसरी पटकपटक पत्राचार गर्दासमेत यी पुनरावेदक प्रतिवादीले अनुसन्धानको चरणमा अनुपस्थित रही अनुसन्धान कार्यमा असहयोग गरेको र मुद्दा दायर भएपछि मात्र सुरू अदालतमा मिति २०७०।१।४ मा उपस्थित

भएको देखिन्छ । अनुसन्धान अधिकृतले पटकपटक बोलाउँदा उपस्थित नभएका यी पुनरावेदक प्रतिवादीले सोही अवधिमा सहकारी संस्थामार्फत भने उक्त गाडी छुटाउन पटकपटक पत्राचार गर्न लगाएको भन्ने मिसिलबाट देखिँदा गाडी बिक्री गरेको कुरा सत्य भए अरूलाई बिक्री गरिसकेको गाडी आफ्नो भनी छुटाउन जानुपर्ने अवस्था रहँदैन । यथार्थमा गाडी बेचिसकेको भए अनुसन्धानमा बोलाउँदा उपस्थित भई गाडी बिक्रीको कागज प्रमाण देखाई आफ्नो निर्दोषिता पुष्टि गर्न सकिनेमा पनि यी पुनरावेदक प्रतिवादीले सो कार्य गरेको नदेखिने ।

अवैध वन पैदावार ओसार पसार कार्यको सम्बन्धमा सवारी धनीको सहमति, स्वीकृति, मन्जुरी वा जानकारी नभएको अवस्थामा मात्र गाडी जफत गर्न नमिल्ने भन्ने देखिन्छ । यी पुनरावेदक प्रतिवादीले अवैध रक्तचन्दन ओसार पसार गर्ने कार्यमा आफ्नो संलग्नता नरहेको भनी कसुरमा इन्कार रही बयान गरेको र अवैध रक्तचन्दन बरामद भएको गाडीसमेत अरूलाई बिक्री गरिसकेको भनी जिकिर लिएको भए पनि यी पुनरावेदक प्रतिवादीले पटक पटक सहकारी संस्थामार्फत गाडी छुटाउन प्रयास गरेको र अनुसन्धानमा पटकपटक उपस्थित हुन पत्राचार गर्दा पनि उपस्थित नभएको स्थितिलाई विचार गर्दा निजको गाडीमा अवैध रक्तचन्दन भएकै कारणले निज अनुसन्धानमा उपस्थित हुन नगएको मान्नुपर्ने देखियो । परिणामत: गाडीमा अवैध रक्त चन्दन बोकेको भन्नेबारेमा यी पुनरावेदक प्रतिवादीलाई जानकारी नभएको भन्न मिल्नेसमेत नदेखिँदा अवैध वन पैदावार गाडीमा रहेको कुरा गाडी धनीलाई जानकारी नभएको तथ्य रहेको अवस्थामा स्थापित नजिर अवैध रक्तचन्दन बोकेको जानकारी गाडी धनीलाई भएको तथ्य स्थापित रहेको यस मुद्दामा आकर्षित हुने नदेखिने ।

प्रतिवादी कवितमान श्रेष्ठले बिगो रु. २,६३,२००।– मूल्य पर्ने अवैध रक्तचन्दन अवैध रूपमा ओसार पसार गरी विदेश निकासी गर्ने उद्देश्यसमेतको कारोबार भए गरेको र उक्त कार्य वन ऐन, २०४९ को दफा ४९(झ) को कसुर भएकोले निज कवितमान श्रेष्ठलाई सोही ऐनको दफा ५०(ङ) बमोजिम बरामद रक्तचन्दन जफत भई बिगोबमोजिमको रु.२,६३,२००।– जरिवाना साथै दुई वर्ष कैद हुने, उक्त ऐनको दफा ६६ बमोजिम बरामद टाटा मोबाइल जिपसमेत जफत हुने ठहरी सुरु भक्तपुर जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर गरी उच्च अदालत पाटनबाट मिति २०७३।१२।०७ मा भएको फैसला मनासिव भई मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : टीकाबहादुर थापा

कम्प्युटर :- अमिररत्न महर्जन

इति संवत् २०८१ साल माघ ३ गते रोज ५ शुभम् ।

## १३

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०८०-RC-०००४, हाडनातामा जबरजस्ती करणी, नेपाल सरकार वि. सांङ्केतिक नाम D*

पीडित प्रतिवादीको भतिजी र प्रतिवादी पीडितको ठुलो बुबा नाताको रही एकाघरपरिवारमा बसेको भन्ने देखिन्छ । पीडित नाबालिगले आफ्नै ठुलो बुबा नाताका प्रतिवादीलाई बनावटी घटना सिर्जना गरी संवेदनशील र चरित्रमा दाग लगाउने गरी जबरजस्ती करणी गरेको भनी आरोप लगाउनुपर्नेसम्मको कुनै कारण पनि मिसिलबाट नदेखिने ।

प्रतिवादीले अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दा मिति २०७८।०१।२६ गते घरमा भाइ बुहारीसमेत नभएको र अन्य केटाकेटी सबै सुतिसकेको समयमा वर्ष १३ की पीडित साङ्केतिक नाम “C” लाई निजको कोठाबाट बिस्तारै उठाई मेरो कोठामा

ल्याई ओछ्यानमा राखी जबरजस्ती करणी गरेको भनी आरोपित कसुर स्वीकार गरी बयान गरेको देखिए तापनि अदालतमा भने कसुरमा इन्कार रही बयान गरेको देखिए तापनि मौकामा गरेको बयान जबरजस्ती वा दबाब करकापमा गरेको हो भनी स-प्रमाण दाबी लिन सकेको देखिँदैन । प्रतिवादीले पीडितको भनाइलाई अन्यथा रहेको भनी स-प्रमाण खण्डन गर्नसमेत सकेको अवस्था पनि मिसिलबाट नदेखिने ।

१३ वर्षकी नाबालिग पीडितलाई पीडितका ठुलो बाबु नाताका प्रतिवादीले जबरजस्ती करणी गरेको भन्ने कसुर पुष्टि हुन आएकोले प्रतिवादी साङ्केतिक नाम D लाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(३)(ख) बमोजिम १८(अठार) वर्ष कैद र ऐ. संहिताको दफा २१९(३क)(क) बमोजिम ६(छ) लाख रूपियाँ जरिवाना हुने गरी हाडनातातर्फ मुलुकी अपराध संहिता २०७४ को दफा २१९(८) अनुसार ऐ. संहिताको दफा २२०(२)(ग) बमोजिम थप ३ वर्ष कैद र रु. ३०,०००।– (तिस हजार रूपियाँ) जरिवानासमेत हुने ठहर्‍याई प्रतिवादीलाई जरिवाना भएको रकम रु.६,००,०००/- ऐ. संहिताको दफा २२८ बमोजिम पीडितलाई क्षतिपूर्ति भराइदिने साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम प्रतिवादीबाट रु.२४,०००/- (चौबिस हजार रूपियाँ) क्षतिपूर्ति शुल्क भराई पीडित राहत कोषमा जम्मा गराइदिने साथै प्रतिवादीले बाल बालिकासम्बन्धी ऐन, २०७५ को ६७(२) बमोजिम नैतिक पतन देखिने फौजदारी कसुर गरेको ठहर्‍याई सुरू झापा जिल्ला अदालतबाट भएको फैसला सदर ठहर गरी अभियोग दाबीबमोजिम प्रतिवादीबाट पीडितलाई मनासिब क्षतिपूर्ति दिलाई भराइपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर नपुग्ने भनी उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७९।१०।०४ मा भएको फैसला मिलेको देखिँदा साधक सदर हुने ।

इजलास अधिकृत :- टीकाबहादुर थापा

कम्प्युटर :- पुजा कंडेल

इति संवत् २०८० साल फागुन १० गते रोज ५ शुभम् ।

**१४**

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०८०-RC-००१७, कर्तव्य ज्यान, नेपाल सरकार वि. गोपाल भुजेलसमेत*

बाटोमा लडेको कारण निजको मृत्यु भएको हुन सक्छ भनी प्रतिवादी गोपाल भुजेलले अदालतमा बयान गरेको देखिए तापनि मृतक सन्तोष राईको हात, पाखुरा र टाउकोमा समेत चोटहरू रहे भएको भन्ने प्राथमिक स्वास्थ्य केन्द्र चिसापानी खोटाङ्गबाट भएको मृतकको शव परीक्षण प्रतिवेदनमा उल्लेख हुनुका साथै मृत्युको कारणमा The cause of death is head injury भन्नेसमेत बेहोरा उल्लेख भएको देखिन्छ । यसबाट सन्तोष राईको मृत्यु कर्तव्यबाट भएको भन्ने निर्विवाद रूपमा पुष्टि भएको देखिने ।

प्रस्तुत मुद्दामा प्रतिवादीहरूको कुटाइबाट सन्तोष राई भुइँमा ढलेकोमा निजको तत्काल मृत्यु भएको नभई घर जाने क्रममा बाटोमा बेहोस भई ढलेकोमा मिलन राई र रमेश राईले देखेपछि लालबहादुर सुनुवारको घरमा लगेर राखेकोमा भोलिपल्ट बिहान मात्र मृत्यु भएको भन्ने देखिन्छ । प्रतिवादी गोपाल भुजेलले सन्तोष राईलाई कुटपिटका कारणले नभई मादक पदार्थ खाएको हुँदा बाटोमा लडेर मरेको हुनुपर्छ भनी अदालतमा बयान गरेको देखिन्छ । मृतकको शव परीक्षण प्रतिवेदन हेर्दा निजको हात, पाखुरा र टाउकोमा चोट रहेको र टाउकोको चोटको कारण निजको मृत्यु भएको भन्ने देखिन्छ । सन्तोष राईलाई यी प्रतिवादीहरूसमेतले कुटपिट गरेकोमा बेहोस भई

ढलेको र उठेपछि घरतर्फ जाने क्रममा बाटोमा लडेर बेहोस भएकोमा भोलिपल्ट बिहानै मृत्यु भएको देखिने।

लडेर वा अन्य कारणले मृतकको मृत्यु भएको भन्ने मिसिल संलग्न कागज प्रमाणबाट नदेखिई यिनै प्रतिवादीहरूले चोट छाडेका कारण सन्तोष राईको मृत्यु भएको देखिन्छ । यी दुवै जना प्रतिवादीहरूले सन्तोष राईमाथी लात, मुक्का, बाँसको भाटा र दाउराको चिरपटले प्रहार गरेको हो भनी अदालतमा समेत साबित रहेको देखिँदा सोही चोटका कारण सन्तोष राइको मृत्यु भएको अवस्था पुष्टि हुने।

प्रतिवादीहरूसमेतले कर्तव्य गरी सन्तोष राईको ज्यान मारेको देखिएबाट प्रतिवादीहरू गोपाल भुजेल र रवि भन्ने रामबहादुर सुनुवारलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७ (२) तथा दफा ४२ अनुसार जनही जन्मकैद (पच्चिस वर्ष कैद) सजाय हुनेमा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,२०७४ को दफा १७क. बमोजिम निज प्रतिवादीहरूलाई जनही १४ (चौध) वर्ष कैद सजाय गर्दा पनि कानूनको उद्देश्य पूरा हुने देखिँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४५(१क) बमोजिम निज प्रतिवादीहरूलाई जनही १४ (चौध) वर्ष कैद सजाय गर्ने राय व्यक्त गरी उक्त संहिताको दफा १८६ बमोजिम मृतकका नजिकका हकदारले निज प्रतिवादीहरूबाट जनही एक लाख रूपियाँ क्षतिपूर्ति भरिपाउने र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ अनुसार निजहरूले पीडित राहतकोषमा जनही दुई हजार दुई सय रूपैया क्षतिपूर्ति शुल्कसमेत बुझाउनुपर्ने ठहर गरी सुरू खोटाङ्ग जिल्ला अदालतबाट भएको फैसला सदर ठहऱ्याएको उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाको मिति २०७९।०९।१२ को फैसला मिलेको देखिँदा रायसहित साधक सदर हुने भई प्रतिवादीहरू गोपाल भुजेल र रवि भन्ने रामबहादुर सुनुवारलाई जनही १४ (चौध) वर्ष कैद सजाय हुने।

इजलास अधिकृत : टीकाबहादुर थापा

कम्प्युटर : अमिर रत्न महर्जन

इति संवत् २०८० साल फागुन १० गते रोज ५ शुभम्।

१५

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०८०-RC-००२२, ज्यानसम्बन्धी कसुर (कर्तव्य ज्यान), नेपाल सरकार वि. बसन्ती चौधरी*

वारदात मितिमा प्रतिवादीले आफ्नै गोठबाट फरुवा ल्याई सो फरुवाले मृतक ओमकुमार चौधरीको निधार, टाउको, कान जस्ता संवेदनशील अङ्गसमेतका शरीरका विभिन्न भागमा पटकपटक हान्ने कार्यलाई मनसाययुक्त मान्नुपर्ने।

प्रतिवादी बसन्ती चौधरीका पति ओमकुमार चौधरीले दोस्रो विवाह गरी अर्को श्रीमतीका साथ काठमाडौंमा बस्ने गरेकोमा बिदामा घर आउँदा पनि सँगै सुते पनि पत्नीसँग यौन सम्पर्क नराख्ने, पत्नीले यौन सम्पर्क राख्न भन्दा पनि बेवास्ता गरी तिमीले सक्कली लिङ्ग पाउँदिनौ भनी नक्कली लिङ्ग दिई त्यसैबाट काम चलाउ भन्ने गरेको, पत्नीलाई नक्कली लिङ्ग प्रयोग गर्न लगाई आफूले हेर्ने र आफू उत्तेजित हुँदा पनि पत्निसँग यौन सम्पर्क नराखी हस्तमैथुन गर्ने गरेकोले यौनकुण्ठाबाट विरक्त भएर आवेशमा आई यी प्रतिवादीले यो घटना घटाएको देखिन्छ । प्रतिवादी र मृतक लोग्ने स्वास्नी भएकाले प्रतिवादी बसन्ती चौधरीले लोग्नेबाट यौनसुखको अपेक्षा गर्नुलाई अस्वाभाविक मान्न सकिँदैन । लोग्ने र स्वास्नीबिच शारीरिक सम्पर्क हुनुपर्ने भन्ने यी प्रतिवादीको बैध अपेक्षा पूरा नभएको मृतक पतिको आफू विरुद्ध गरेको चरम अपहेलित गतिविधिका कारण यौन विरक्तता र नैराश्यता पैदा भई पति सुतिरहेको समयमा फरुवाले प्रहार गरी हत्या गरेको भन्ने मौका र अदालतसमक्ष प्रतिवादीले गरेको स्वीकारोक्तिबाट न्यायिक प्रक्रियामा

सहयोग पुऱ्याएकोसमेतलाई मध्यनजर राख्दा निज प्रतिवादीलाई कानूनबमोजिम सजाय गर्दा सजाय बढी पर्न जाने भएको साथै अतृप्त यौन चाहनाका कारण यौन कुण्ठा उत्पन्न भई वारदात भएको अवस्था र परिस्थितिसमेतलाई विचार गर्दा निजलाई १०(दश) वर्ष कैद सजाय गर्दा पनि कानूनको उद्देश्य पूरा हुने देखियो । यस स्थितिमा फौजदारी कसुर(सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क. र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४५(१क) बमोजिम १०(दश) वर्ष कैद सजाय हुने गरी राय प्रस्ताव गरेको सुरू कञ्चनपुर जिल्ला अदालतबाट भएको फैसला सदर ठहर गरेको उच्च अदालतको फैसला मनासिब नै देखिने।

प्रतिवादी बसन्ती चौधरीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) बमोजिमको कसुरमा ऐ. संहिताको दफा १७७(२) बमोजिम जन्मकैद सजाय हुने ठहर गरी फौजदारी कसुर सजाय (निर्धारण र कार्यान्वयन) ऐन, २०७४ को दफा १७क र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४५(१क) बमोजिम १०(दश) वर्ष कैद सजाय हुने राय प्रस्ताव गरी सुरू कञ्चनपुर जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट मिति २०७९।०४।१५ मा भएको फैसला मिलेको देखिँदा रायसहित साधक सदर हुने भई प्रतिवादी वसन्ती चौधरीलाई १०(दश) वर्ष कैद सजाय हुने।

इजलास अधिकृत : टीकाबहादुर थापा

कम्प्युटर :- पुजा कंडेल

इति संवत् २०८० साल फागुन १० गते रोज ५ शुभम्।

## १६

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०८०-RC-००२९, ज्यानसम्बन्धी कसुर, नेपाल सरकार वि. कचालु भन्ने दयालु ताजपुरिया*

मृतक तिनताल ताजपुरिया सुतिरहेको अवस्थामा प्रतिवादी कचालु भन्ने दयालु ताजपुरियाले संवेदनशील अंग टाउकोमा पटकपटक ढुङ्गाले प्रहार गरी गम्भीर घाइते बनाएको र उपचार हुन नसकी घरमा ल्याई राखेको अवस्थामा मृत्यु भएको भन्ने घटनास्थल मुचुल्काबाट देखिने।

प्रतिवादी कचालु भन्ने दयालु ताजपुरियाले बुबा खाटमा टाउको उत्तर खुट्टा दक्षिण बनाई सुती निदाइरहेको अवस्थामा देखी घरको आँगनमा रहेको कल टुवेलको छेउमा रहेको अन्दाजी ३/४ केजी तौल भएको चिल्लो ढुङ्गा उठाई ल्याई टाउको र बायाँ हातमा प्रहार गर्दा बायाँ हातको चारवटा औँला कुच्ची ऐया माऱ्यो भनी बुबा कराई छटपटाउन थालेपछि यो चिल्लो ढुङ्गाले हान्दा मर्दैन भनी त्यो ढुङ्गालाई खाटनजिकै फाली फेरि कल टुवेलमा गई अर्को ३/४ केजी तौल भई खाल्डा खुल्डी गिर्खा चुच्चो भएको ढुङ्गा ल्याई पटकपटक टाउकोको टुपीको भागमा प्रहार गरेपछि बुबाले ऐया माऱ्यो माऱ्यो आउँ भन्दै टाउकोको भागबाट रगतसमेत निस्की बुबा बेहोस भएपछि कोठामा सुतेको छोरीले थाहा पाई छोरी उठेर बाहिर आई घटना हेरी हल्ला गर्दै गाउँतिर खबर गर्न गएपछि म बुबाको मृत्यु भयो होला भन्ने ठानी उक्त ढुङ्गालाई कल टुवेलतिर फाली डर त्रासमा परी घरबाट भागी गाउँघरतिरै लुकीछिपी बसिरहेको अवस्थामा प्रहरीले पक्राउ गरेको हो भनी मौकाको बयानमा उल्लेख गरेको देखिने।

वारदातको घटना विवरण कागज गर्ने प्रत्यक्षदर्शी पूर्णिमा ताजपुरियाले अदालतमा बकपत्र गर्दा मृतक हजुरबुबा मरेँ मरेँ भनी कराउनुभयो ब्युँझिई उठेर हेर्दा प्रतिवादीले मृतकको टाउकोमा ढुङ्गाले हान्दै हुनु हुन्थ्यो भनी लेखाइदिएबाट प्रतिवादीको साबिती बयान बेहोरा समर्थित भई यी प्रतिवादीले मृतकलाई ढुङ्गाले हिर्काई नियतपूर्वक ज्यान मारेको भन्ने पुष्टि हुने ।

प्रतिवादी कचालु भन्ने दयालु ताजपुरियाले तिनताल ताजपुरियालाई कर्तव्य गरी ज्यान मारेको पुष्टि भएकोले निज प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) को कसुरमा सोही दफाको उपदफा (२) बमोजिम जन्म कैदको सजाय हुने ठहर गरेको सुरू मोरङ जिल्ला अदालतको फैसला सदर ठहऱ्याएको उच्च अदालत विराटनगरको मिति २०७९।०८।१३ को फैसला मिलेको देखिँदा साधक सदर हुने।

इजलास अधिकृत : टीकाबहादुर थापा

कम्प्युटर :- पुजा कंडेल

इति संवत् २०८० साल फागुन १० गते रोज ५ शुभम्।

**१७**

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०८०-RC-००२७, कर्तव्य ज्यान, नेपाल सरकार वि. गुणराज राई*

प्रतिवादी गुणराज राईले अनुसन्धानको क्रममा मिति २०७८।१२।०८ गते बेलुका श्रीमती लिला राईलाई मैले राख्न दिएको पैसा माग्दा खेरि झगडा हुँदा मलाई गाली गलौज गर्दै पैसा भुईँमा फालिदिइन्, म रिसको आवेशमा आई बाँसको पुरानो भाटाले चारपटक जति खुट्टाको पासुलामा हिर्काई निजले फालेको पैसा टिपी गाउँतिर गएको हुँ। त्यसपछि राति २१.०० बजे घरमा आउँदा खाना नपकाई सुतेकी रहिछन्, बोलाउँदा पनि नबोलेपछि म पनि श्रीमतीको छेउमै सुतेको हुँ। भोलिपल्ट बिहान ५.०० बजेको समयमा बोलाउँदा बोलिनन् छाम्दाखेरि श्रीमतीको मृत्यु भइसकेको रहेछ, मैले श्रीमतीलाई घुँडाभन्दा मुनि खुट्टामा हिर्काएको सम्म थाहा छ, त्यसपछि अन्धाधुन्ध रूपमा हिर्काउँदा शरीरको अरू भागमा पनि चोटपटक लागेको हुनुपर्छ भनी बयान गरेकोमा मैले श्रीमतीलाई ज्यान मार्ने नियतले कुटपिट गरेको होइन, मैले निजलाई घुँडामुनि मात्र भाटाले हानेको थिएँ, के कसरी निजको मृत्यु भयो, मलाई थाहा छैन, वारदातमा अन्य मानिस नभएको र मैले कुटपिट गरेको हुँदा भुलचुकमा निजको ज्यान गएको स्वीकार गर्छु भनी मृतक लिला राईलाई बाँसको भाटाले कुटपिट गरेको तथ्य स्वीकार गरी अदालतमा बयान गरेको देखिने।

यस घटनाकी प्रत्यक्षदर्शी धनकुमारी गिरीले मृतक लिला राई, निजको श्रीमान् गुणराज राई र आफूसमेत दिनभर सँगै काम गरी बसिरहेकोमा साँझ मृतक र निज गुणराज राई घरभित्र झगडा गर्न थालेपछि आफूलाई डर लागी बाहिर बसेको, दुबै जनाबिच झगडा भएपछि गुणराज राईले मृतक लिला राईलाई कुटपिट गरी भुइँमा लडाई घाँटी थिचिरहेको आफूले देखेको भनी मौकाको घटना विवरण कागजमा लेखाइदिएकोमा भाटाले प्रतिवादीले निजको श्रीमतीलाई हान्यो । फलामको ढुङ्ग्रीले टाउकोमा २ पटक हान्यो र घाँटीमा समेत थिच्यो। सो घटना मैले प्रत्यक्ष देखेको भनी सुरू अदालतमा बकपत्रसमेत गरेको देखिने।

प्रतिवादी गुणराज राईलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) बमोजिमको कसुरमा सोही संहिताको दफा १७७(२) तथा दफा ४२ अनुसार प्रतिवादीलाई २५ (पच्चिस) वर्ष कैद तथा निज प्रतिवादीबाट पीडित पक्षले रु.१,००,०००।- (एक लाख रूपियाँ) क्षतिपूर्ति भरिपाउनुका साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम रु.२,८००।- प्रतिवादीबाट पीडित राहत कोषमा जम्मा गर्ने ठहर गरी सुरू सोलुखुम्बु जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाबाट मिति २०७९।०८।१८ मा भएको फैसला मिलेको देखिँदा साधक सदर हुने।

इजलास अधिकृत : टीकाबहादुर थापा

कम्प्युटर : अमिर रत्न महर्जन

इति संवत् २०८० साल फागुन १० गते रोज ५ शुभम्।

१८

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७४-CR-१८४४, भ्रष्टाचार (घुस/रिसवत), राधेश्याम साह वि. नेपाल सरकार*

अभियोग दाबीसँग सम्बन्धित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ हेर्दा रिसवत लिने, दिने र त्यस प्रकारको कसुर गर्न दुरूत्साहन दिने कार्यलाई निषेध गरी त्यस्तो कसुरजन्य कार्य गर्ने व्यक्तिलाई बरामदी बिगो अनुसार कैद र जरिवानाको सजाय हुने कानूनी व्यवस्था रहेको देखिन्छ । त्यसैले रिसवत लिने दिने र सो कार्यका लागि दुरूत्साहन दिने कार्य कानूनद्वारा निषेधित आपराधिक कार्य भएकोमा विवाद छैन । साथसाथै "रिसवतको रकम जफत हुने" भन्ने प्रावधान पनि भ्रष्टाचार निवारण ऐन, २०५९ मा रहेको देखिन्छ । प्रस्तुत मुद्दामा मूल विषय भनेको अभियोग माग दाबी गरिएबमोजिमको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र ३)१) (क) को कसुर प्रतिवादीले गरेको प्रमाणित हुनसक्ने अवस्था छ वा छैन भन्ने रहेको देखिन्छ । माथिको प्रकरणमा उल्लेख भएबमोजिम निज प्रतिवादीबाट घुसबापत रकम दिन भनी उजुरकर्ताले अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट बुझी लिएको रकम बरामद भएकोमा विवाद छैन । तर उक्त बरामदी रकमबाहेक प्रतिवादीले कसुर गरेको प्रमाणित हुने अन्य ठोस प्रमाणहरू मिसिल संलग्न रहन आएको देखिँदैन । प्रस्तुत मुद्दामा बरामद भए जस्तै अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट घुसबापतमा दिन भनी रकम उपलब्ध गराई उजुरकर्तामार्फत दिई त्यस्तो रकम बरामद गर्ने प्रक्रियाको वैधानिकतामा प्रश्न उठाई यस अदालतमा दायर निवेदक विष्णुप्रसाद घिमिरे विरुद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत भएको ०७४-WC-००२० को मुद्दामा यस अदालतको संवैधानिक इजलासबाट जुन अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० को अधिकार प्रयोग गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट घुसबापत दिन भनी रकम उपलब्ध गराउने र रकम दिएपछि बरामद गर्ने गरिएको हो, सो नियम ३० नै अमान्य हुने गरी फैसला भएको देखिन्छ । प्रस्तुत मुद्दामा घुसबापतको रकम अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट उपलब्ध गराउने र सोही रकम बरामद भएको देखाई अभियोग पत्र दायर भएको देखिएकोमा सो बरामदीसम्बन्धी कारबाहीको लागि अख्तियारी दिने अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० नै अमान्य घोषित भएको अवस्था हुँदा सोबमोजिमको बरामदी मुचुल्कालाई प्रमाणको रूपमा ग्रहण गर्न पनि मिल्ने देखिएन । बरामदी मुचुल्कालाई प्रमाणमा लिन मिल्ने नदेखिएको र प्रतिवादीले घुस रिसवत लिएको देखिने सो बाहेकका अन्य कुनै तथ्ययुक्त प्रमाण मिसिल संलग्न रहेको नदेखिँदा निज प्रतिवादीलाई कसुरदार ठहऱ्याई विशेष अदालतबाट भएको फैसलालाई पनि मिलेको मान्न नमिल्ने ।

प्रतिवादी राधेश्याम साहको साथबाट बरामद भएको भनिएको रकमबाहेकका अन्य कुनै भरपर्दो एवं विश्वसनीय प्रमाण पेस गरी अभियोजन पक्षले आरोप दाबी प्रमाणित गर्न सकेको नदेखिएको र यस अदालतको संवैधानिक इजलासबाट मुद्दा नं ०७४-WC-००२० मा भएको फैसला अनुसार बरामदी रकमलाई प्रमाणको रूपमा मान्यता दिन मिल्ने नदेखिँदा यी पुनरावेदक प्रतिवादी राधेश्याम साहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिम रू. ५,०००।- (पाँच हजार रूपियाँ) जरिवाना हुने र ऐ. ऐनको दफा ३(१)(क) बमोजिम १(एक) महिना कैदको सजाय हुने ठहऱ्याई विशेष अदालत काठमाडौंबाट मिति २०७४।१२।०१ मा भएको फैसला मिलेको नदेखिँदा सो फैसला उल्टी भई पुनरावेदक प्रतिवादी

राधेश्याम साहले अभियोगदाबीबाट सफाइ पाउने ।
इजलास अधिकृत : शिवबहादुर थापा/दिक्षा प्रधानाङ्ग
इति संवत् २०७९ साल कार्तिक ३० गते रोज ४ शुभम्।

**१९**

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०८०-WH-००५२, बन्दीप्रत्यक्षीकरण, लोकमान गुरुङ वि. उच्च अदालत पाटनसमेत*

रिट निवेदकले पेस गरेको च.नं. ८०६ मिति २०८०।०१।२६ को धादिङ्ग जिल्ला गंगा जमुना गाउँपालिका वडा नं.६ कार्यालयको सिफारिस हेर्दा नरबहादुर गुरुङको छोरा लोकमान गुरुङ धादिङ जिल्ला गंगाजमुना गाउँपालिका वडा नं.६ (साबिक बसेरी ४) स्थायी रूपमा बसोबास गर्दैआएकोमा मिति २०७२।०१।१२ गतेको भूकम्पपश्चात् आजको मितिसम्म काठमाडौं जिल्लामा बसोबास गर्दै आएको बेहोरा सिफारिससाथ प्रमाणित गरिन्छ भन्ने उल्लेख भएबाट निवेदकको जिकिर समर्थित भएको देखियो । निवेदकउपर चलेको बैंकिङ्ग कसुर मुद्दाको जाहेरी दरखास्त र अभियोगमा समेत निवेदक/प्रतिवादीको वतन धादिङ्ग जिल्ला गंगा जमुना गाउँपालिका वडा नं.६ घर भई हाल काठमाडौं जिल्ला टोखा नगरपालिका वडा नं.१० गोंगबु भनी उल्लेख भएको देखिँदा निवेदकको हालको वतन काठमाडौं जिल्ला टोखा नगरपालिका वडा नं.१० गोंगबु रहेको भन्ने देखिन्छ भने निवेदक हाल बसोबास गरेको टोखा १० गोंगबुमा म्याद तामेल नभई निवेदकले आठ वर्षअघि छोडेको निवेदकको स्थायी वतन धादिङ्ग जिल्ला गंगा जमुना गाउँपालिका वडा नं.६ मा तामेल भएको देखिने ।

म्याद तामेली सम्बन्धमा भएको कानूनी व्यवस्था हेर्दा मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १०५ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१ मा म्याद तामेलीको कार्यविधि सम्बन्धमा व्यवस्था गरिएको छ । उल्लिखित कानूनी व्यवस्थाले मुद्दामा म्याद तामेलीको विषय न्याय व्यवस्थाको अनिवार्य प्रक्रिया रहेको र स्वच्छ सुनुवाइको मुख्य आधार रहेको भन्ने देखिन्छ । म्याद तामेलीको लक्ष्य भनेकै आरोपित व्यक्तिले आफू विरुद्धको आरोपको जानकारी प्राप्त गरी प्रतिवाद गर्ने वा स्वीकार्ने अवसर प्राप्त गर्न सकोस् र आफूले आफ्नो बेहोरा राख्ने अवसर प्राप्त नगरी एक पक्षीय सुनुवाइका आधारमा निर्णय भई अन्याय पर्‍यो भन्ने महशुस गर्न नपरोस् भन्ने न्यायको मान्यतामा आधारित रहेको पाइन्छ । तसर्थ, म्याद तामेलीसम्बन्धी व्यवस्थाहरूको निष्पक्षतापूर्वक पूर्ण रूपले पालन नगरेको खण्डमा एकातिर प्रतिवादीले स्वच्छ सुनुवाइको मौकाबाट वञ्चित हुन जाने देखिन्छ भने अर्कोतर्फ त्यसरी भएका फैसलाहरू माथिल्लो अदालतबाट बदर भई न्याय सम्पादन प्रक्रिया नै प्रभावित हुने र पुन: मुद्दा दोहोर्‍याएर सुनुवाइ गर्नुपर्ने अवस्थासमेत सिर्जना हुन जाने देखिने ।

प्रस्तुत मुद्दामा समेत निवेदक बसोबास नगरेको वतनमा तामेल भएको म्याद सूचनासम्बन्धी कामकारबाहीलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१ तथा माथि उल्लेख गरिएको सिद्धान्तबमोजिमसमेत रीतपूर्वक म्याद तामेल भएको मान्न मिल्ने नदेखिएको हुँदा मिति २०७८।०८।१५ को म्याद सूचना र सोही आधारमा उच्च अदालत पाटन, ललितपुरबाट मिति २०७८।१२।१४ मा भएको फैसला सुनुवाइको मौका दिनुपर्ने भन्ने प्राकृतिक न्यायको सिद्धान्त तथा उल्लिखित कानूनी प्रावधानको प्रतिकूल देखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ ।

हाल कारागार कार्यालय डिल्लीबजार थुनामा रहेका निज निवेदकलाई अभियोगबमोजिम बैंकिङ कसुर मुद्दामा सम्बन्धित जिल्ला अदालतमा उपस्थित

गराई म्याद बुझाई थुनछेक आदेशलगायतका प्रक्रियामा संलग्न गराई पुनः कानूनबमोजिम जे जो गर्नुपर्ने सो गर्नु गराउनु भनी परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत - रंजना विश्वकर्मा
कम्प्युटर : सन्जय गुरुङ
इति संवत् २०८० भाद्र १७ गते रोज १ शुभम्।

**२०**

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७५-WO-१२८२, उत्प्रेषण / परमादेशसमेत, मिठु रेग्मी (लम्साल), वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् सिंहदरबार, काठमाडौंसमेत*

निवेदकलाई समायोजन गर्ने निर्णय र सोको प्रक्रियाका सम्बन्धमा विचार गर्दा, कर्मचारी समायोजन अध्यादेश मिति २०७५।०८।२३ मा जारी भएकोमा विवाद छैन। सो अध्यादेशबमोजिम कर्मचारी समायोजन गर्दा फाराम भर्ने अन्तिम म्याद मिति २०७५।१०।२ सम्म तोकिएको र निजामती सेवा ऐनले फारम भर्ने अन्तिम मितिमा बढुवाका लागि आवश्यक अवधि पुगे हुने भन्ने व्यवस्था गरे बमोजिम फाराम भर्ने अवधिभित्रै ५ वर्ष सेवा अवधि पुगेकोमा पनि बढुवा नदिई निवेदकलाई समायोजन गरेको मिले वा नमिलेको भन्नेमा विवाद देखियो। कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७ उपदफा (४) मा उपदफा (२) र (३) बमोजिम सरकारी सेवामा श्रेणीगत रूपमा कार्यरत कर्मचारीलाई प्रदेश र स्थानीय तहमा समायोजन गर्दा कर्मचारीको सेवा अवधि र शैक्षिक योग्यताका आधारमा देहायबमोजिम तह मिलान तथा ग्रेड (तलब वृद्धि) कायम हुने गरी समायोजन गरिने छ भन्ने व्यवस्था रहेको देखिन्छ। ऐ. दफा ७ को को देहाय खण्डमा राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहेका कर्मचारीको पाँच वर्ष वा पाँच वर्षभन्दा कम सेवा अवधि पुगेकालाई खाइपाई आएकोमा दुई ग्रेड थप गरी सहायकस्तर पाचौँ तहमा र पाँच वर्ष वा सोभन्दा बढी सेवा अवधि पूरा गरेको र राजपत्र अनङ्कित प्रथम श्रेणीमा सेवा प्रवेश गर्दाको बखत तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको कर्मचारीलाई अधिकृतस्तर छैठौँ तहमा समायोजन गर्ने व्यवस्था रहेको देखिन्छ। यो कानूनी व्यवस्थाले राजपत्र अनङ्कित प्रथम श्रेणीमा कार्यरत सरकारी सेवामा रहेका र ५ वर्ष सेवा अवधि पुगी आवश्यक शैक्षिक योग्यता भएकाको हकमा अधिकृत छैठौँ तहमा तह वृद्धिसहित समायोजन हुने देखियो। मिति २०७५।८।२३ गतेभित्र ५ वर्ष सेवा अवधि पुगेका कर्मचारीले प्रदेश वा स्थानीय तहमा समायोजन हुँदा एक तह वृद्धि गरी समायोजन गरिने गरी सूचना प्रकाशन भएको र यी रिट निवेदक मिति २०७०।१०।१ देखि ज्येष्ठता लागु हुने गरी राजपत्र अनङ्कित प्रथम श्रेणी नायब सुब्बा पदमा बढुवा भएको देखिएकाले उक्त मिति २०७५।८।२३ मा निवेदकको ५ वर्ष सेवा अवधि पुगेको नदेखिएकाले स्थानीय तहमा समायोजन हुँदा पाउने एक तह वृद्धिको सुविधा पाउन यी निवेदक योग्य भइ नसकेको अवस्था देखिँदा निवेदकको एक तह वृद्धिसहित समायोजन हुनुपर्ने भन्ने दाबी उचित नदेखिने।

निवेदकले समायोजनमा तह वृद्धिका लागि सेवा अवधि गणनामा लागु हुने भनी दाबी गरेको निजामती सेवा ऐन, २०४९ को दफा २४(३) मा हेर्दा सम्भाव्य उम्मेदवारको कार्य सम्पादन मूल्याङ्कनबापत अङ्क गणना गर्दा आषाढ मसान्तसम्मको हिसाबले र अन्य अङ्कको गणना गर्दा बढुवाको दरखास्त दिने अन्तिम म्यादसम्म हासिल गरेको अङ्क गणना गरिने छ भन्ने व्यवस्था रहेको देखिन्छ। निजामती कर्मचारीको हकमा यो ऐन लागु हुने भए पनि दफा २४ को उपदफा (३) को व्यवस्था कर्मचारी बढुवाको प्रक्रियामा आकर्षित हुने व्यवस्था रहेको देखियो। यी निवेदकको समायोजन कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम भएको भन्नेमा विवाद देखिँदैन। कर्मचारी समायोजन

ऐनको प्रस्तावना हेर्दा सरकारी सेवा र अन्य सेवाका कर्मचारीहरूलाई सङ्घ, प्रदेश र स्थानीय तहको सेवामा समायोजन गर्ने उद्देश्यले कर्मचारी समायोजन ऐन, २०७५ बनेको र सोही ऐनबमोजिम निवेदकको स्थानीय तहमा समायोजन भएको देखिएको स्थितिमा कर्मचारीको बढुवाका सन्दर्भमा आकर्षित हुने निजामती सेवा ऐनको दफा २४(३) को व्यवस्था र समायोजन हुँदा सुविधास्वरूप पाउने तह वृद्धि समान हुन् भन्न नमिल्ने हुँदा कर्मचारी समायोजनका सन्दर्भमा निजामती सेवा ऐनको उल्लिखित व्यवस्था आकर्षित हुने देखिँदैन । यस आधारमा निवेदकले दाबी गरेको निजामती सेवा ऐनको दफा २४(३) को व्यवस्थाबमोजिम समायोजन फाराम भर्ने अन्तिम मिति २०७५।१०।०२ लाई नै ५ वर्ष सेवा अवधि पुगेको मिति मान्न मिल्नेसमेत नदेखिने।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५।११।०६ र मिति २०७५।११।२१ को निर्णय एवम् २०७५।०९।०२ को मा. मन्त्रिस्तरीय निर्णय र ऐ. मन्त्रालयको निर्देशन एवम् समन्वय समितिको मिति २०७५।०९।०२ को प्रेस विज्ञप्तिको २०७५।०८।२३ लाई तह वृद्धिको लागि अन्तिम मिति कायम गर्ने निर्णयसमेत गैरसंवैधानिक तथा गैरकानूनी भएको नदेखिएको र उक्त निर्णयबाट निवेदकको संवैधानिक तथा कानूनी हकसमेत हनन भएको नेदेखिएकाले उक्त निर्णय बदर गर्नुपर्नेसमेत देखिएन। यी रिट निवेदकले अधिकृत छैठौँ तहमा बढुवा गरी समायोजन हुनुपर्ने माग गरी रिट निवेदन दिएकोमा यी निवेदकको ललितपुर महानगरपालिकाको च.नं. ४७१८ मिति २०७९।१०।१२ को पत्रबाट ललितपुर महानगरपालिकाको मिति २०७९।०९।०५ को निर्णयले निवेदकको अधिकृतस्तर छैठौँ तहमा तह वृद्धिसमेत भइसकेको देखिँदा रिट निवेदनको औचित्यसमेत समाप्त भएकोले निवेदकको मागबमोजिमको रिट आदेश जारी गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : टीकाबहादुर थापा

कम्प्युटर : अमिर रत्न महर्जन

इति संवत् २०८१ साल कार्तिक ४ गते रोज १ मा शुभम्।

**२१**

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७४-WO-०५३७, परमादेशसमेत, महेश्वरप्रसाद खनालसमेत वि. जिल्ला प्रहरी कार्यालय, बारा, कलैयासमेत*

विपक्षी च्याङ्वा रानी घलानसमेतले हाम्रो नाममा रहेको जग्गामा किर्ते मोही खडा गरी मोही लगत कट्टाका लागि निवेदन दिएको कुरा थाहा पाई किर्तेमा उजुरी दिँदा जिल्ला प्रहरी कार्यालय बाराले उजुरी दर्ता नगरेको भन्ने निवेदकहरूको मुख्य दाबी रहेको देखिन्छ। यस सम्बन्धमा विपक्षी जिल्ला प्रहरी कार्यालय बाराले निवेदकहरूको जाहेरी दर्ता भई मुद्दासमेत चलिसकेको भनी लिखित जवाफमा उल्लेख गरेको देखिने।

रिट निवेदकहरूले मिति २०७४।०७।१४ मा दिएको जाहेरी दर्ता भएपश्चात् अनुसन्धान भई ध्रुवप्रसाद खनालसमेतको जाहेरीले वादी नेपाल सरकार विरुद्ध कृष्णबहादुर घलानसमेत प्रतिवादी भई बारा जिल्ला अदालतमा चलेको स.फौ.नं. ०७६-C१-०२६२ को लिखतसम्बन्धी कसुर मुद्दामा मिति २०७७।१०।१५ मा वादी नेपाल सरकारको अभियोग दाबी पुग्न नसक्ने ठहरी फैसला भएको र सोहि फैसला उच्च अदालत जनकपुरबाट सदर हुने ठहरी मिति २०७९।०५।२९ मा फैसला भई सो अन्तिम भई बसेको मिसिलबाट देखिएकाले यो रिट निवेदनको औचित्यसमेत समाप्त भएको देखिने।

निवेदकहरूले दर्ता भएन भनेको जाहेरी दर्ता भई अनुसन्धान गरी मुद्दा दर्ता भई फैसलासमेत भइसकेको देखिँदा रिट निवेदनको औचित्य सकिएकाले

रिट निवेदकहरूको मागबमोजिमको आदेश जारी गरिरहनुपर्ने अवस्थाको विद्यमानता देखिन आएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत - टीकाबहादुर थापा

कम्प्युटर :- पुजा कँडेल

इति संवत् २०८१ साल कार्तिक ४ गते रोज १ शुभम् ।

## २२

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७४-WO-०६६७, उत्प्रेषण / परमादेशसमेत, टंकराज पोखरेल वि. बिभा शर्मासमेत*

रिट निवेदक प्रतिवादी र विपक्षी विभा शर्मासमेत वादी रहेको अंश मुद्दामा निवेदकले प्रतिउत्तर पेस गर्दा विपक्षी विभा शर्मा पोखरेलसँग रिट निवेदकको विवाह भएको र निजहरूको दाम्पत्य जीवनबाट छोरी श्रीयसी र छोरा सम्भवको जायजन्मसमेत भएको तथ्यलाई स्वीकार गरेको देखिन्छ । विपक्षी विभा शर्मा पोखरेलसँगको वैवाहिक सम्बन्ध कहीँकतैबाट सम्बन्ध विच्छेद भए गरेको भनी निवेदकले खुलाउन सकेको पनि नदेखिँदा रिट निवेदक र विपक्षीहरूबिच नाताको विवाद रहेको मान्न मिल्ने देखिँदैन । प्रस्तुत रिट निवेदनमा एकातर्फ तायदाती माग गर्ने काठमाडौं जिल्ला अदालतको आदेश गैह्रकानूनी भयो भनी रिट निवेदन दायर गरेको अवस्था देखिन्छ भने अर्कोतर्फ रिट निवेदकले सो आदेशलाई नै मानी तायदाती फाँटवारी पेस गरेको भन्ने विपक्षी विभा शर्मा पोखरेलसमेतको लिखित जवाफबाट देखिन्छ । यसरी रिट निवेदकले जुन आदेश गैरकानूनी भएकाले बदर गरिपाउन माग गरी रिट निवेदन दिएको हो, सोही आदेशलाई मानी उक्त आदेशबमोजिम अंश मुद्दामा तायदाती फाँटवारी पेस गरी आदेश कार्यान्वयन भइसकेको भन्ने विपक्षीहरूको लिखित जवाफबाट देखिएको र सो तथ्यगत बेहोरालाई निवेदकका तर्फबाट खण्डन भएको देखिएन । यसरी कार्यान्वयन भइसकेको उक्त आदेशउपरको रिट निवेदन नै औचित्यहीन हुन पुगेको देखियो । रिट निवेदक स्वयंको सहभागितामा कार्यान्वयनमा गइसकेको काठमाडौं जिल्ला अदालतको आदेश र त्यस्तो आदेश सदर ठहऱ्याएको उच्च अदालत पाटनको आदेशसमेत कानूनसम्मत भएकोले बदर गरिरहन नपर्ने ।

निवेदकउपर चलेको अंश चलन मुद्दामा तायदाती माग्ने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०७४।०९।०२ मा भएको आदेश उच्च अदालत पाटनबाट मिति २०७४।११।१० मा सदर हुने गरी आदेश भई सुरू अदालतको आदेश पुनरावेदन तहबाट समेत हेरी उक्त आदेशसमेत कानूनसम्मत भएको देखिएको साथै तायदाती माग्ने आदेश भएको अंश चलन मुद्दा (०७३-CP-२८६२) मा रिट निवेदकबाट तायदातीसमेत पेस भई मिति २०७५।०२।२९ मा काठमाडौं जिल्ला अदालतबाट वादी दाबी पुग्ने ठहरी फैसला भएको भन्ने काठमाडौं जिल्ला अदालतको मुद्दाको दैनिक पेसी सूचीबाट देखिँदा रिट निवेदनको औचित्यसमेत समाप्त भइसकेको देखिएकोले निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता रहेको देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : टीकाबहादुर थापा

कम्प्युटर : अमिर रत्न महर्जन

इति संवत् २०८१ साल कार्तिक ४ गते रोज १ मा शुभम् ।

## २३

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७५-WO-०१८१, उत्प्रेषणयुक्त परमादेश, दुर्गाकुमारी श्रेष्ठसमेत वि. पञ्चलाल महर्जनसमेत*

एकातिर रिट निवेदक / प्रतिवादीहरूले तहसिल शाखाबाट फैसला कार्यान्वयनको क्रममा प्रत्यर्थी/वादीले बिगोबापत कैदमा राखिपाउँ भनी पेस गरेको मिति २०७४।०३।१४ द.न.४९५१८ मा दर्ता भएको निवेदनमा फैसला कार्यान्वयन अधिकारीबाट

सो निवेदन इजलाससमक्ष पेस गर्ने गरी भएको आदेशको विरुद्धमा उक्त आदेश बदर गरिपाउँ भनी मिति २०७५।०१।२४ मा करिब ९ महिनापछि निवेदन दिएको देखिन्छ भने अर्कोतर्फ नपुग बिगोको सम्बन्धमा सिन्धुपाल्चोक जिल्लाको थप जाय जेथा पेस गरेको भनी मिति २०७४।०५।१९ मा यिनै निवेदक/प्रतिवादीहरूले काठमाडौं जिल्ला अदालतमा निवेदनसमेत दिएको देखिन्छ। रिट निवेदक/प्रतिवादीहरूबाट उक्त निवेदन पेस भएकै दिन काठमाडौं जिल्ला अदालतको तहसिल शाखाबाट मिति २०७४।०५।१९ द.नं. ५५४७ मा दर्ता गरी मिसिल सामेल गरी इजलाससमक्ष पेस गर्नु भनी तोकादेश भएको देखिने।

बिगो भराउने प्रयोजनका लागि निवेदक/प्रतिवादीहरूको नाममा रहेको समुच्चा सम्पत्ति लिलाम भइ नसकेको स्थिति निजहरूले धादिङ्गपछि सिन्धुपाल्चोक जिल्लामा आफ्नो अरु सम्पत्ति रहेको र सोबाट बिगो असुल गराइपाउँ भनी दिएको उक्त निवेदनबाट प्रस्ट हुन्छ। साथै अदालतको उक्त आदेशपश्चात् काठमाडौं जिल्ला अदालतको तहसिल शाखाबाट मिति २०७४।०६।२६, च.नं. १३१४ मा रिट निवेदक प्रतिवादीहरूले अदालतमा पेस गरेको सिन्धुपाल्चोक जिल्लाको जग्गाको दर्ता स्रेस्ताको प्रमाणित प्रतिलिपि तथा रोक्का भए नभएको जानकारी गराउनेसमेतको बेहोरा उल्लेख गरी मालपोत कार्यालय सिन्धुपाल्चोकलाई पत्राचारसमेत भएको देखिन्छ भने मालपोत कार्यालय सिन्धुपाल्चोकबाट मिति २०७४।०९।०७, च.नं. १६४६ मा जिल्ला अदालत काठमाडौंमा दर्ता स्रेस्ता उतार गरी आवश्यक कागजातसहित पठाएको थप कार्यविवरण मिसिलबाट देखिन्छ। यसरी सिन्धुपाल्चोक जिल्ला अदालतको जाय जेथा सम्बन्धमा थप बुझ्न आदेश तथा पत्राचार भइसकेको तथा सोको जवाफसमेत प्राप्त भइसकेको अवस्थामा निज रिट निवेदक/प्रतिवादीहरूलाई फैसला कार्यान्वयनको क्रममा बिगो भराउने प्रयोजनार्थ तत्कालै थुनामा पठाउने गरी काठमाडौं जिल्ला अदालतबाट कुनै प्रक्रिया अगाडि बढेकोसमेत देखिँदैन। यस स्थितिमा अदालतले प्रवृत्त भावना राखी रिट निवेदक/प्रतिवादीहरूलाई थुनामा पठाइहाल्ने भनी शंकाको भरमा अनुमान गर्न नमिल्ने।

रिट निवेदक/प्रतिवादीहरू फैसला कार्यान्वयनको सम्बन्धमा तहसिल शाखाबाट मिति २०७४।०३।१४ मा भएको आदेश सदर गर्ने गरी जिल्ला अदालत र उच्च अदालतले गरेको आदेशको विरुद्धमा फैसला कार्यान्वयनमा ढिलाइ गर्ने मनसाय लिई रिट निवेदनको साहारा लिई यस अदालतमा घुमाउरो बाटोबाट प्रवेश गरेको देखिन्छ। यी दुई अवस्थालाई तुलना गरी हेर्दा निज निवेदक प्रतिवादीहरू फैसला कार्यन्वयनमा के कसरी ढिलाइ गर्न सकिन्छ भन्ने दूषित मनसाय राखी रिट क्षेत्राधिकारको प्रयोग गरी यस अदालतमा प्रवेश गरेको देखिन्छ। साधारण क्षेत्राधिकारबाट फैसला कार्यन्वयनको क्रममा अदालतमा विचाराधीन रहेको मुद्दालाई प्रभावित पार्ने गरी असाधारण अधिकारक्षेत्रबाट हस्तक्षेप गर्दा साधारण क्षेत्राधिकार सीमित हुने, नियन्त्रित हुने तथा निस्तेज हुने खतरातर्फ सधैँ सजग र सचेत हुनुपर्ने।

प्रस्तुत निवेदनमा उठाइएको विषयमा रिट क्षेत्राधिकारको रोहबाट प्रवेश गरी काठमाडौं जिल्ला अदालतका फैसला कार्यान्वयन अधिकारीबाट म्याद नाघी परेको निवेदनउपर केही गरिरहनु परेन भनी मिति २०७५।०१।२४ मा भएको आदेशलाई सदर गर्ने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०७५।०२।११ मा भएको आदेश सदर गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०७५।०३।२१ मा भएको आदेश मिलेकै देखिँदा उत्प्रेषणको आदेशले बदर गरी

परमादेशको आदेश जारी गर्न मिल्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : सन्जित गौतम

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०८१ साल पुस १ गते रोज २ शुभम् ।

**२४**

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७५-CR-०७५८, चेक अनादर, रामजी अवाल वि. निराजन पौडेल*

उल्लिखित नि.नं.८९२७ को मुद्दाको तथ्य तथा निर्णय हेर्दा रु.३०,०००,००/- (तिस लाख) बिगो रहेको मुद्दामा प्रतिवादीले वादीसँगको १५ लाखको ऋणको विषयमा पहिलोपटक जारी गरेको १५ लाखको चेकको म्याद भुक्तान भयो भनेपछि अर्को १५ लाखको चेक काटिदिएकोमा दुबै चेक एकसाथ बैंकमा पेस गरी चेक अनादर गरेको तथ्य रहेकोमा यस अदालतबाट प्रतिवादी करम सिंह भन्डारीले वादीलाई मिति २०६०।१०।२९ मा १५ लाखको चेक दिएपछि सो चेक तत्काल अनादर भएपछि फेरी अर्को कारोबार गरी वादीले प्रतिवादीलाई पुनः ऋण दिएको भन्ने वादी दाबी देखिँदैन । नतः एउटा चेक अनादर भएपछि पुनः सोही व्यक्तिलाई सोही रकम बराबरको ऋण दिएको होला भनी अनुमान गर्न तर्कसङ्गत हुन सक्छ । पहिलो चेक प्राप्त गरेको करिब ४ महिनाभन्दा बढी अवधिसम्म बैंकमा प्रस्तुतसम्म नगरी साथै राखी पुनः मिति २०६१।०३।०५ मा अर्को चेक प्राप्त गरेपछि मात्र मिति २०६१।०३।१० मा दुबै चेकहरू बैंकमा प्रस्तुत गरेको देखिनाले एउटै रकमको लागि दुई पटक १५।१५ लाख रकमको चेक खिचेको भन्ने प्रतिवादीको जिकिर अन्य टिपोटसमेतका परिस्थितिजन्य प्रमाणहरूबाट पुष्टि भएको देखिना आयो भनी १५ लाख र सोको १० % ब्याज भराउने निर्णय भएको देखिन्छ । यसरी पुनरावेदक/प्रतिवादी करमसिंह भण्डारी विरुद्ध प्रत्यर्थी/वादी कर्णबहादुर चन्द भएको उक्त चेक अनादर (लेनदेन) मुद्दामा पहिले रु.१५,००,०००/-(पन्ध्र लाख) को चेक वादीलाई दिई वादीले उक्त चेक म्यादसम्म नभजाई राखी पुन: रु.१५,००,०००/- (पन्ध्र लाख) को अर्को चेक वादीले प्रतिवादीबाट लिएकोमा वादीले ३०,००,०००|- को दाबी लिई फिराद दायर गरेको तथ्य रहेकोमा रु. १५,००,०००|–मात्रको एउटा चेकको रकम मात्र ऋण दिएको र अर्को रु. १५,००,०००/- (पन्ध्र लाख) को चेक रकम ऋण दिएको पुष्टि हुन नसकेको भनी यस अदालतबाट व्याख्यासहित निर्णय भएकोमा प्रस्तुत मुद्दामा रु. ४९,९९,०००/- को एउटै चेक प्रतिवादीले वादीका नाममा लेखिदिएको उक्त चेक भजाउन नसकी चेक बाउन्स भएको स्थितिमा मुद्दा चलेको देखिँदा मुद्दा दोहोऱ्याई हेर्न अनुमति प्रदान गर्दा उल्लेख भएको नजिरको तथ्य र फैसलाको मूल आधार र प्रस्तुत मुद्दाको तथ्य फरक रहेको स्थितिमा सो मुद्दामा प्रतिपादित नजिरको सान्दर्भिकता प्रस्तुत मुद्दामा देखिन आएको भन्न नमिल्ने ।

आफ्नो खातामा पर्याप्त रकम मौज्दात नभएको जानकारी हुँदाहुँदै पनि वादीलाई चेक दिएको देखिएको, वादीले चेक नभजेको भनी जानकारी गराउँदा पनि नगद रकम दिएको भन्नेसमेत मिसिल प्रमाणबाट नदेखिएको, वादीलाई पुनरावेदक/प्रतिवादीले दिएको चेकको स्थितिबारे खातामा प्रर्याप्त रकम नभएको भनी स्टान्डर्ड चार्टर्ड बैंकको मिति २०७३।१०।२४ को पत्रबाट देखिएको स्थितिमा पुनरावेदक/प्रतिवादीले विनिमेय अधिकार ऐन,२०३४ को दफा १०७ क को कसुर गरेको पुष्टि हुन आयो । यस स्थितिमा फिराद दाबीबमोजिमको रकम भराइदिने गरी भएको सुरू फैसला सदर गरेको उच्च अदालत पाटनबाट मिति २०७४।०४।२७ मा भएको फैसला मिलेकै देखिँदा अन्यथा गरिरहनुपर्ने देखिएन । ने.का.प.२०६९

नि.नं.८९२७ को सिद्धान्तको रोहमा उच्च अदालत पाटनबाट मिति २०७४।०४।२७ गतेमा भएको फैसला फरक पर्न सक्ने भनी प्रस्तुत मुद्दा दोहोऱ्याई हेर्न अनुमति प्रदान गर्ने आदेश भएकोले उच्च अदालत पाटनबाट मिति २०७४।०४।२७ गतेमा भएको फैसला बदर गरी पुनरावेदन जिकिरबमोजिम होस् भन्ने पुनरावेदक/प्रतिवादीका पक्षबाट प्रस्तुत विद्वान् अधिवक्ताहरूको बहस जिकिरसँग समेत सहमत हुन नसकिने।

प्रतिवादीलाई विनिमेय अधिकार पत्र ऐन, २०३४ को दफा १०७क अनुसार रु.२,०००/- जरिवाना र वादीले प्रतिवादीबाट सोही दफाबमोजिम चेकमा उल्लिखित रकम रु.४९,९९,०००/- (उनान्चास लाख उनान्सय हजार) र सो चेक बैंकमा दाखिला गरेको मिति २०६९।१०।१९ देखि फैसला मितिसम्म र भरिभराउतर्फको कानूनबमोजिम सयकडा १० प्रतिशतका दरले हुन आउने ब्याजसमेत भराइलिन पाउने ठहर गरी मिति २०७३।११।०४ मा काठमाडौं जिल्ला अदालतबाट भएको फैसलालाई सदर ठहर गरी उच्च अदालत पाटनबाट मिति २०७४।०४।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : हरिबहादुर चौधरी

कम्प्युटर : सन्जय गुरुङ

इति संवत् २०८० वैशाख २७ गते रोज ४ शुभम्।

२५

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री शारङ्गा सुवेदी,** *०८०-WH-०१२१, बन्दीप्रत्यक्षीकरण, पुर्णकुमार राई (वान्तावा) वि. भोजपुर जिल्ला अदालत, भोजपुरसमेत*

निवेदक/प्रतिवादी विरुद्धको मुद्दा नं. ०७९-c१-००४१ मा ६ महिना कैद, मुद्दा नं. ०७९-c१-००४२ मा ३ महिना कैद, मुद्दा नं. ०७९-c१-००४३ मा ३ महिना कैद र मुद्दा नं. ०७९-c१-००४४ मा ३ महिना कैद सजाय हुने ठहरी फैसला भएको अवस्थामा मुद्दा नं. ०७९-c१-००४१ मा ठहर भएको ६ महिना कैद, अन्य ३ वटा मुद्दा प्रत्येकमा ठहर भएको ३/३ महिना कैद भन्दा बढी भएकोमा ऐ. ऐनको दफा ३६ बमोजिम बढी कैदको सजाय मात्र कार्यान्वयन गर्नुपर्ने देखिन्छ। यी निवेदकको हकमा मुद्दा नं. ०७९-c१-००४१ मा भएको ०-६-० महिनाको कैद भुक्तान भइसकेको देखिएको, जरिवाना र क्षतिपूर्तिको हकमा निवेदक/प्रतिवादीले भुक्तान गरिसकेको भन्ने भोजपुर जिल्ला अदालतबाट च.नं. २४१५ मिति २०८०।०३।२५, च.नं. २४१६, च.नं. २४१७, च.नं.२४१८ मिति २०८०।०३।२७ र च.नं. ३६ मिति २०८०।०४।१५ मा जारी भएको संशोधित कैदी पुर्जीमा समेत उल्लेख भएको मिसिल संलग्न कागजबाट देखिन्छ। उपर्युक्त कानूनी व्यवस्थाबमोजिम यी निवेदकको हकमा मुद्दा नं.०७९-c१-००४१ मा ठहर भएको सजाय ६ महिना मात्र भुक्तान गर्नुपर्ने देखिँदा निवेदन जिकिरलाई अन्यथा भन्न नमिल्ने।

यी निवेदकलाई अलग अलग कैद सजाय गर्ने गरी भोजपुर जिल्ला अदालतबाट च.नं. २४१५ मिति २०८०।०३।२५, च.नं. २४१६, च.नं.२४१७, च.नं. २४१८ मिति २०८०।०३।२७ र च.नं. ३६, मिति २०८०।०४।१५ मा जारी भएको कैदी पुर्जीहरू फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ समेतको विपरीत रहेको देखिँदा बदर गरिदिएको छ। निवेदक/प्रतिवादीले जरिवाना दाखिल गरिसकेको देखिँदा मिति २०७९।०९।२९ मा पक्राउ परी थुनामा रहेको मितिबाट मिति २०८०।०३।२९ मा थुना मुक्त हुनुपर्नेमा हालसम्म पनि थुनामा रहेको देखिएकोले निजको हालको थुना गैरकानूनी हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिदिएको छ। यस सम्बन्धमा यस अदालतबाट संक्षिप्त आदेश जारी भई सोही आदेशानुसार निवेदकलाई कैद मुक्त गर्नका लागि

लेखी पठाइसकेको हुँदा प्रस्तुत निवेदनबाट थप केही गर्नु नपर्ने।

इजलास अधिकृत : सीता रेग्मी

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०८० साल पौष ११ गते रोज ४ शुभम्।

## २६

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री शारङ्गा सुवेदी,** *०८१-WH-००१६, बन्दीप्रत्यक्षीकरणलगायत उपर्युक्त आज्ञा आदेश जारी गरिपाउँ, प्रज्वल खड्गी वि. ललितपुर जिल्ला अदालत, तहसिल शाखासमेत*

प्रस्तुत रिट निवेदनसँग सम्बन्धित तमसुक हेर्दा उक्त तमसुक मिति २०७४।०६।०२ मा तैयार भएको देखियो । सो तमसुकमा रकम बुझाउने ६ महिनाको सुरू रहेको देखियो । २०७४ साल असोजदेखि छ महिना गणना गर्दा सोही वर्षको फागुनसम्म छ महिना पुग्ने देखिन्छ । साबिक मुलुकी ऐन, २०२० र हाल प्रचलनमा रहेको मुलुकी देवानी संहिता, २०७४ मा लेनदेन मुद्दामा बिगोबापत कैदमा राख्न सक्ने अवधि फरक फरक रहेको देखिन्छ । प्रस्तुत रिट निवेदनसँग सम्बन्धित मुद्दामा कुन कार्यविधि लागु हुने हो भन्ने सम्वन्धमा मुलुकी ऐन र संहितामा रहेको कानूनी व्यवस्था हेर्नुपर्ने हुन्छ। यस सम्बन्धमा स्थापित विधिशास्त्रीय मान्यतामा वारदात वा घटना भएको मितिमा रहेको कानून वा पछिको कानूनले दिएको सुविधाको हकमा जुनबाट कसुरदार वा प्रतिवादीलाई फाइदा वा बढी सुविधा प्राप्त हुन्छ सोही कानूनी व्यवस्था लागु हुनुपर्दछ भन्ने मान्यता रहेको छ। वारदात वा घटना भएको मितिको कानूनले कम सजाय गर्ने भनेकोमा पछि बनेको कानूनले बढी सजाय हुने व्यवस्था गरेमा अघिल्लो कानूनी व्यवस्था नै लागु हुन्छ । यो व्यवस्थालाई हाल प्रचलित नेपालको संविधानको धारा २० (४) ले "तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायभागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन" भनी संवैधानिक संरक्षण गरेको छ। सोहीबमोजिमको व्यवस्था फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा घटी सजाय सम्बन्धमा भनिएको छ, "कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी सजाय निर्धारण गर्नुपर्ने छ। त्यसैगरी केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ (२)(ग) मा "कुनै कानूनअन्तर्गत कुनै अदालतबाट भइसकेको सजाय सोही कानूनबमोजिम नै कार्यान्वयन हुने छ। तर त्यस्तो सजाय मुलुकी अपराध संहितामा सोही कसुरमा लेखिएको सजायभन्दा बढी हुने रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय कार्यान्वयन हुने छ" भनी उल्लेख भएको पाइने।

रिट निवेदक र विपक्षी राजमान अवालेबिच रकम लेनदेन हुँदाको समयमा साबिकको मुलुकी ऐन प्रचलनमा रहेको देखिन्छ । दुई पक्षका बिचमा तमसुकमा रकम तिर्न भनी राखेको भाकासमेत २०७४ सालको फागुन महिनासम्म रहेको देखिन्छ । त्यतिबेलासम्म हाल प्रचललनमा रहेको मुलुकी देवानी संहिता लागु भइसकेको देखिँदैन । यसरी २०७५ साल भदौ १ गतेबाट मात्र लागु भएको संहिताको कानूनी व्यवस्था सोभन्दा अगाडिदेखि नै कार्यान्वयन भइसकेको मान्न मिल्ने देखिँदैन । निवेदक तथा विपक्षीबिचको लेनदेन कारोबार साबिक मुलुकी ऐन लागु रहेको समयको देखिएको र साबिक कानून भएको समयमा नै लिखतबमोजिमको सुरूको अवधिसमेत समाप्त भइसकेको अवस्थामा निवेदकलाई सिधा खर्च राखी थुनामा राख्न पाउने समयसमेत साबिक मुलुकी ऐन, लेनदेन व्यवहारको १९(२) नंबर र दण्ड सजायको

४२ नम्बरको कानूनी व्यवस्था आकर्षित हुने देखियो। यसबाट लेनदेन मुद्दाका वादी निवेदकले दुई वर्षको सिदा खर्च अदालतमा दाखिल गरी रिट निवेदकलाई दुई वर्ष कैदमा राख्न माग गरेबमोजिम अदालतबाट सोही मागबमोजिम आदेश भएको जिकिर कानूनसम्मतको मान्न मिल्ने देखिएन। यी रिट निवेदकलाई लेनदेनको बिगोबापतमा बढीमा एक वर्ष सजाय हुने देखिएको र निवेदक मिति २०८०।०३।१० देखि हालसम्म निरन्तर थुनामा रहेको भन्ने देखिनआई निजले बेहोर्नुपर्ने एक वर्ष कैद भुक्तान भए पनि निज हालसम्म थुनामै रहेको स्थितिमा हालको निजको थुना कानूनप्रतिकूल देखिएकोले यसरी भएको आदेश मुलुकी ऐन, लेनदेन व्यवहारको १९ नं. अनुकूल रहेको नदेखिएको हुदा यस प्रकारको थुनालाई कानूनअनुकूलको थुना रहेछ भनी मान्न नमिल्ने।

रिट निवेदक प्रज्वल खड्गीलाई २०७४ सालको लेनदेनको बिगोबापत मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २४४ बमोजिम भनी दुई वर्ष थुनामा राख्ने गरी भएको ललितपुर जिल्ला अदालतको मिति २०८०।०३।०८ को आदेश तथा सोही अदालतबाट रिट निवेदकलाई बिगोबापत २ वर्ष कैद म्याद ठेकी पठाइएको सम्बन्धमा मिति २०८०।०३।१० मा दिइएको थुनुवा पुर्जीसमेत कानूनप्रतिकूल रहेको देखिएकोले उत्प्रषणको आदेशले बदर गरिदिएको छ। रिट निवेदकलाई एक वर्ष मात्र कैदमा राख्न पाउनेमा सो अवधिभन्दा बढी समयको कैदलाई कानूनअनुकूलको थुना भनि मान्न मिल्ने नदेखिँदा नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) तथा सर्वोच्च अदालत नियमावली २०७४ को नियम ३७(क) बमोजिम निज रिट निवेदक प्रज्वल खड्गीलाई तत्काल थुनामुक्त गर्नु गराउनु भनी प्रत्यर्थीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत - खुमप्रसाद भण्डारी

कम्प्युटर :- पुजा कंडेल

इति संवत् २०८१ साल साउन २९ गते रोज ३ शुभम्।

२७

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री अब्दुल अजीज मुसलमान,** *०७३-RB-०१२७, आयकर (२०६१/०६२),* एनआईसि एसिया बैंक लि. *(साबिक नेपाल इन्डष्ट्रियल एन्ड कमर्सियल बैंक लिमिटेड) वि. ठूला करदाता कार्यालय, हरिहर भवन, ललितपुरसमेत*

Leasehold बापतको खर्च रकम रु. २५,०८,४८१/- लाई खर्च कट्टी नदिई आयमा समावेश गरिएको सम्बन्धमा हेर्दा, करदाताले कानूनमा स्पष्ट रूपमा उल्लेख भएको कुरालाई अन्यथा अर्थ गरी दाबी गरेको देखिँदा सुरू कार्यालयबाट उक्त शीर्षकअन्तर्गतको रकमलाई खर्च कट्टी नदिई आयमा समावेश गर्ने गरी भएको निर्णय मिलेको भनी राजस्व न्यायाधिकरणबाट फैसला भएको देखिन्छ । उक्त फैसलाउपरको पुनरावेदनमा पुनरावेदक करदाताले पट्टामा लिएका सम्पत्तिमा भएका खर्चहरू करदाताको आय आर्जन हुने कार्यसँग सम्बन्धित रहेको, करदाताको आय आर्जनमा हुने खर्चकट्टी माग गर्न आयकर ऐन, २०५८ को दफा १३ ले सकिनेमा पट्टामा लिएका सम्पत्तिमा करदाताको स्वामित्व नै नहुने भएकाले त्यस्ता सम्पत्तिको ह्रासकट्टी दफा १९ अन्तर्गत खर्चकट्टी माग गर्ने गरी भएको कर निर्धारणको निर्णय सदर गरेको राजस्व न्यायाधिकरणको फैसला त्रुटिपूर्ण रहेको भनी जिकिर लिएको देखिन्छ। आयकर ऐन, २०५८ को दफा १३ मा सामान्य कट्टी र दफा १९ मा ह्रासकट्टी खर्चसम्बन्धी व्यवस्था रहेको देखिन्छ। यसरी ह्रासकट्टी खर्चसम्बन्धी व्यवस्था दफा १९ ले गरेकोमा यी पुनरावेदक करदाताले लिजहोल्डमा ह्रास खर्च कट्टी

दाबी गर्दा दफा १३ अनुसार गरेको देखिन्छ। करदाताले ह्रासकट्टी खर्च दफा १९ बमोजिम दाबी गर्नुपर्नेमा दफा १३ बमोजिम दाबी गरी सम्बन्धित शीर्षकमा नभई अर्कै शीर्षकमा खर्चकट्टी दाबी गरेकोलाई कानूनसम्मत मान्न मिल्दैन। जुन शीर्षकको खर्च हो, खर्चकट्टी दाबी गर्दा पनि कानूनको सोही शीर्षकअन्तर्गत रहेर गरिनुपर्दछ। दफा १३ बाट ह्रासकट्टी खर्च दाबी गर्न मिल्ने विधायिकी मनसाय भएको भए ह्रासकट्टी खर्च सम्बन्धमा छुट्टै दफा १९ मा व्यवस्था गरिनुपर्ने आवश्यकता हुने थिएन। यस सन्दर्भमा लक्ष्मी बैंक लिमिटेड विरुद्ध ठुला करदाता कार्यालय भएको आयकर (आ.ब.०६०।०६१) ०७३-RB-०१६८ समेतका मुद्दामा बैंकले सफ्टवेयर खरिदको रकममा दफा १३ बमोजिम ह्रासकट्टी माग गरेको विषयमा यसरी ऐनले दफा १९ बमोजिमको दाबी गर्नुपर्ने स्पष्ट व्यवस्था गरेकोमा करदाता बैंकले दफा १३ बमोजिम खर्च गर्न पाउनुपर्ने भन्ने जिकिर स्वीकारयोग्य देखिन आउँदैन भनी व्याख्या भएको देखिन्छ। सो व्याख्याबमोजिम दफा १९ बमोजिम खर्चकट्टी दाबी गर्नुपर्नेमा दफा १३ बमोजिम शीर्षक फरक पारी खर्चकट्टी माग गरेको अवस्थामा खर्चकट्टी दिन नमिल्ने भएकाले उक्त लिजहोल्ड शीर्षकमा खर्चकट्टी नदिने गरी सुरू ठुला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारणको निर्णय सदर ठहर गरी राजस्व न्यायाधिकरण काठमाडौँबाट भएको फैसला मिलेकै देखिँदा अन्यथा गरिरहनुपर्ने नदेखिने।

अवकाश योगदान कोषमा सीमाभन्दा बढी दाखिला भएको रकममा अग्रिम कर कट्टीसमेत रु. १४,१७८। असुल गर्नुपर्ने भन्ने सम्बन्धमा विचार गर्दा, सुरू कार्यालयको कर निर्धारण हेर्दा, आयकर नियमावली, २०५९ को नियम २१ बमोजिमको सीमाभन्दा बढी देखिएको भनी बढी रकमको पारिश्रमिक कर र सोमा लाग्ने ब्याजसमेत माग गरेको देखिन्छ । सो निर्णय मिलेको देखिएको भनी राजस्व न्यायाधिकरणबाट फैसला भएको देखिन्छ। सो फैसलाउपरको पुनरावेदनमा पुनरावेदक करदाता बैंकले यस बैंकका कर्मचारी बामदेव दाहालको निर्धारण योग्य आय रु ७,०४,१८८।८० मात्रै रहेको र सोही आधारमा निजको अवकाश कोषमा रु २,१९,४००।- मात्र दाखिला भएकोमा बिनाआधार प्रमाण नै निजको निर्धारणयोग्य आय रु ७,८२,३०४।- कायम गरी सोही आधारमा रु ३६,७४७।- बढी दाखिला भएको भनी अग्रिम कर कट्टी माग गर्ने निर्णय मिलेको छैन भनी जिकिर लिएको देखिन्छ। आयकर नियमावली, २०५९ को दफा २१ हेर्दा "कुनै आय वर्षमा स्वीकृत अवकाश कोषको हिताधिकारी प्राकृतिक व्यक्तिले अवकाश कोषमा अवकाश योगदान गर्दा तीन लाख रुपियाँ वा निजको निर्धारणयोग्य आयको एक तिहाइमा जुन घटी हुन्छ सो रकमसम्म आफ्नो करयोग्य आयबाट घटाउन सक्ने छ भन्ने व्यवस्था रहेको देखिन्छ। ठुला करदाता कार्यालयले संशोधित कर निर्धारण गर्दा बैंकका कर्मचारी बामदेव दाहालको निर्धारणयोग्य आय रु ७,८२,३०४। देखाएकोमा सोको एक तिहाइ रकम अर्थात् रु.२,६०,७६७।- हुने देखिन्छ । ऐ. नियम २१ ले तोकेको ३ लाख वा निर्धारणयोग्य आयको एक तिहाइ रु.२,६०,७६७।- मा जुन घटी हुन्छ सोही रकमसम्म आफ्नो करयोग्य आयबाट घटाउन पाउने देखिन्छ। पुनरावेदक/करदाता बैंकले निज कर्मचारीको निर्धारणयोग्य आय रु. ७,०४,१८८।८० कायम गरी अवकाश कोषमा दाखिला गर्न पाउनेभन्दा बढी रकम दाखिला गरेको भनी करयोग्य आयबाट घटाएको देखिन्छ । निज कर्मचारीको निर्धारणयोग्य आय रु. ७,०४,१८८।८० के कसरी कायम गरिएको भनी खुलाउन सकेको देखिँदैन । यस स्थितिमा प्रचलित आय कर कानूनबमोजिम गरेको कर निर्धारणलाई सदर गर्ने राजस्व न्यायाधिकरणको फैसला मिलेकै देखिँदा सो फैसला बदर गरिपाउँ भन्ने पुनरावेदन जिकिर

स्वीकारयोग्य नदेखिने ।

पुनरावेदकलाई बोनस खर्च तथा मर्मत सुधार खर्च नपाउने भनी ठुला करदाता कार्यालयबाट मिति २०६६।०१।३० मा भएको निर्णय र सोलाई सदर गर्ने गरी गरेको आन्तरिक राजस्व विभागको मिति २०६६।०३।१० को निर्णय सो हदसम्म नमिलेकाले उल्टी हुने साथै जगेडा कोष, Leasehold र अग्रिम आयकर माग शीर्षकको हकमा सुरू निर्णय मिलेकै देखिँदा सदर हुने ठहर्छ भनी राजस्व न्यायाधिकरण काठमाडौंबाट मिति २०६९।०३।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : टीकाबहादुर थापा

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०८० साल माघ ९ गते रोज ३ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैनुसार फैसला भएका छन् ।

- ०७३-RB-०१३०, आयकर (२०६३/०६४), एनआईसि एसिया बैंक लि. वि. ठुला करदाता कार्यालय, हरिहर भवन, ललितपुरसमेत
- ०७३-RB-०१२९, आयकर (२०६२/०६३), एनआईसि एसिया बैंक लि. वि. ठुला करदाता कार्यालय, हरिहर भवन, ललितपुरसमेत
- ०७३-RB-०१२८, आयकर (२०६०/०६१), एनआईसि एसिया बैंक लि. वि. ठुला करदाता कार्यालय, हरिहर भवन, ललितपुरसमेत

## २८

**मा.न्या.श्री कुमार रेग्मी र मा. न्या. अब्दुल अजीज मुसलमान,** *०८१-WH-०२२६, बन्दीप्रत्यक्षीकरणसमेत, लक्ष्मीप्रसाद मैनाली वि. सर्वोच्च अदालत, मुद्दा तथा रिट महाशाखासमेत*

निवेदन तथा लिखित जवाफ बेहोरासमेतबाट निवेदकलाई फैसला कार्यान्वयनको क्रममा थुनामा राखिएको भन्ने प्रस्ट रूपमा उल्लेख भएको देखिन्छ । अदालतबाट भएको फैसला कार्यान्वयन हुनुपर्नेमा दुविधा रहन सक्दैन । यसै सन्दर्भमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५१ को उपदफा (४) मा “कैद सजाय पाउने व्यक्ति अदालतमा उपस्थित रहेको भए निजलाई अदालतले कारागार चलान गरी पठाउनुपर्ने छ, उपस्थित भएको रहेनछ वा थुना कैदमा पनि बसेको रहेनछ भने निजलाई पक्राउ गरी कारागारमा बुझाउने गरी सम्बन्धित प्रहरी कार्यालयलाई आदेश गरी पठाउनुपर्दछ” भन्ने व्यवस्था गरिएको छ । सोही संहिताको दफा १५३ को उपदफा (३) मा “उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस संहितामा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै कसुरदारलाई कैदको सजाय हुने ठहरी फैसला भएकोमा त्यस्तो कसुरदारलाई तत्काल कैदमा पठाउनुपर्ने छ” भन्ने उल्लेख भएको पाइन्छ । सुरू अदालत वा निर्णय गर्ने अधिकारीबाट भएको फैसला/आदेश नै अन्तिम नहुन सक्ने तथा कानूनले पुनरावेदन गर्ने वा आदेश पुनर्विचारका लागि इजलाससमक्ष पेस गर्न सक्ने व्यवस्था गरेकोमा तोकिएको म्यादभित्र सम्बन्धित पक्षको आफ्नो कानूनी अधिकारसमेत सुरक्षित गर्न आवश्यक प्रक्रिया अवलम्बन गर्नुपर्ने हुन्छ । साधिकार निकायबाट भए गरेका कामकारबाहीउपर चित्त नबुझे नियमित कानूनी उपचारको मार्ग उपलब्ध भएसम्म सोही मार्ग अवलम्बन गर्नुपर्ने ।

निवेदकले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ दफा १३७ (२) को सुविधा प्राप्त गर्नबाट वञ्चित गरिएको कारण गैरकानूनी थुनामा रहनुपरेको भन्दै बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न माग गरी यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत प्रस्तुत निवेदन दायर गरेको

देखिन्छ । यस अदालतको असाधारण अधिकारक्षेत्रको प्रयोगका सम्बन्धमा नेपालको संविधानको धारा १३३ (२) र (३) को व्यवस्था हेर्दा संविधान प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि यस अदालतले बन्दीप्रत्यक्षीकरणलगायतका आवश्यक र उपर्युक्त आदेश जारी गर्न सक्ने देखिन्छ । यी निवेदकलाई दुई तहबाट समान फैसला भएपश्चात् बेरुजु कैद जरिवाना भुक्तानको प्रयोजनार्थ पक्राउ गरिएको, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ दफा १३७ (२) को सुविधा प्राप्त गर्न यी निवेदक असमर्थ रहेको सोउपर कानूनबमोजिमको मार्ग अवलम्बन गर्न सक्ने अवस्था रहदै प्रस्तुत निवेदन दायर गरेको देखिन्छ । यी निवेदकले सो सम्बन्धमा प्रचलित कानूनबमोजिम प्राप्त वैकल्पिक उपचारको मार्ग अवलम्बन गरेको अवस्था नदेखिएको अवस्थामा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्नेसम्मको अवस्थाको विद्यमानता नदेखिने ।

रिट निवेदकले यसै अदालतमा दायर गरेको ०८१-RI-१८०३ को ठगी मुद्दामा दोहोर्‍याई हेरिपाउँ निवेदन विचाराधीन रहेको तथा निजले यस अदालतबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ (२) बमोजिमको सुविधा प्राप्त गर्न असमर्थ रहेको अवस्थामा निवेदकलाई फैसला कार्यान्वयनका क्रममा कैदमा राख्ने गरी भएको कार्य गैरकानूनी नदेखिएकोले निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : प्रकाश न्यौपाने

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०८१ साल माघ १५ गते रोज ३ शुभम् ।

## २९

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री अब्दुल अजीज मुसलमान,** *०८१-WH-०२३६, बन्दीप्रत्यक्षीकरण, मोहित वंशल वि. प्रहरी परिसर भद्रकाली, काठमाडौंसमेत*

निवेदकले प्रस्तुत निवेदनमा आफूलाई गैह्रकानूनी थुनामा राख्ने गरी भएको विपक्षीहरूको गैह्रकानूनी कार्यबाट आफ्नो संवैधानिक तथा कानूनी हक अधिकारमा असर परेको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरिपाउँ भनी दाबी लिएको देखिन्छ । निवेदकले आफ्नो रिट निवेदमा के कस्तो हक अधिकार हनन भएको हो भनी निश्चित आधार र कारण उल्लेख गर्न सकेको पाइँदैन भने आफू थुनामा बस्नु नपर्ने हो भन्नेसम्म दाबी जिकिर लिएको देखिन्छ । यी निवेदकलाई मिति २०८१।१०।०६ गते कानूनबमोजिम पक्राउ गरी सोही मितिबाट पहिलो पटक दिन ३ (तीन) र मिति २०८१।१०।०९ गतेबाट लागु हुने गरी दोस्रो पटक दिन ४ (चार) को म्याद थप भई थुनुवा पुर्जीसमेत दिई हिरासतमा राखिएको भन्ने बागमती प्रदेश सरकार सहकारी तथा गरिबी निवारण मन्त्रालयसमेतको पत्र जाहेरीले वादी नेपाल सरकार प्रतिवादी रोशन वंशलसमेत भएको ठगी र सहकारी संस्थाको बचत रकम अपचलनसम्बन्धी कसुर मुद्दाको अनुसन्धानको क्रममा रहेको आज इजलाससमक्ष पेस हुन आएको सक्कल मिसिलसमेतबाट देखिरहेको अवस्थासमेत छ । यसरी साधिकार अदालतबाट रीतपूर्वकको म्याद थपसमेत गराई यी प्रतिवादीलाई मुद्दा अनुसन्धानका लागि हिरासतमा राखिएको देखिँदा यी रिट निवेदकलाई कानूनबमोजिम नै हिरासतमा राखिएको मान्नुपर्ने हुन्छ । साधारण अधिकार क्षेत्रअन्तर्गत कानूनको अधीनमा रही कानूनबमोजिम भएको कार्यलाई प्रथम दृष्टिमा नै गैरकानूनी वा प्राकृतिक न्यायको सिद्धान्त वा क्षेत्राधिकारको अभाव

देखिएको अवस्थामा बाहेक असाधारण अधिकार क्षेत्र ग्रहण गरी बदर गर्दा साधारण अधिकार क्षेत्रअन्तर्गतको संवैधानिक एवं कानूनी व्यवस्थाको औचित्य समाप्त हुन जाने अवस्था रहने।

प्रस्तुत निवेदनमा निवेदकले उठान गरेको आफू थुनामा रहनुपरेको सन्दर्भका हकमा निजले साधारण अधिकार क्षेत्रमार्फत उपचार पाउने विषय समाप्त भएको भन्ने अवस्था पनि देखिँदैन । निज थुनामा रहेको विषयका सम्बन्धमा अनुसन्धान जारी रहेको र प्रमाण कागजातका आधारमा सो सम्बन्धमा निर्णय हुन सक्ने अवस्थामा बाँकी रहेको नै देखिन्छ । यसरी असाधारण अधिकार क्षेत्रमार्फत हस्तक्षेप गर्नुपर्नेसम्मको अवस्था नरहेको, कानूनको उचित प्रक्रिया पूरा नगरेको र प्रथम दृष्टिमा नै अधिकार प्राप्त निकायबाट त्रुटि भएको भन्ने प्रश्न उठाई दायर भएको रिट निवेदनमा निवेदकले सो कुराको पुष्टि गर्न सकेको देखिँदैन। निवेदकउपरको कसुरका सम्बन्धमा चलाइएको कारबाहीबाट निजले कानूनबमोजिम भेटघाट गर्न नपाएको, कानून व्यवसायीको परामर्श प्राप्त गर्न नसकेको भन्नेसमेतका प्राकृतिक न्यायको सिद्धान्तविपरीतको काम कारबाही भयो भन्ने अवस्थाको विद्यमानता देखाउन नसकेको आधार कारणसमेतबाट यी निवेदकले माग गरे अनुसारको आदेश जारी गर्नुपर्नेसम्मको अवस्था नदेखिने।

मातहात अदालतबाट आफ्नो अधिकार क्षेत्रको प्रयोग गरी पक्राउ अनुमति प्रदान भई यी रिट निवेदकलाई कानूनबमोजिम म्याद थपसमेत भई रहेको तथा सो सम्बन्धमा साधिकार निकायहरूबाट न्यायिक निर्णय हुन बाँकी नै रहेको अवस्थामा निजको थुना गैरकानूनी नदेखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : प्रकाश न्यौपाने

इति संवत् २०८१ साल माघ १५ गते रोज ३ शुभम्।

## ३०

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री अब्दुल अजीज मुसलमान,** *०७९-RC-०१५३, ०७९-CR-१२०६, कर्तव्य ज्यान, नेपाल सरकार वि. किशोर गिरीसमेत, सरोज घोरासैनी वि. नेपाल सरकार*

यसै कर्तव्य ज्यान मुद्दाको जरिया रहेको अपहरण तथा शरीर बन्धक मुद्दाका पीडित जाहेरवाला श्यामसुन्दर अग्रवालको पसलमा काम गर्ने मृतक राधिका सुनार भएकोले निज श्यामसुन्दर अग्रवालको अपहरण गरी बन्धक बनाई फिरौती लिएको कसुर वारदातको पोल खुल्ने डरले सरसल्लाह गरी योजनाबद्ध रूपमा प्रतिवादी प्रकाश लामिछानेको घरमा राधिका सुनारलाई बोलाई प्रतिवादीहरू ३ जना भेला जम्मा भई सोही वारदातको दिन राति प्रतिवादीहरू ३ जनाले राधिका सुनारको मनसायपूर्वक कर्तव्य गरी हत्या गरेपछि प्रकाश लामिछानेको घर नजिक खाल्डो खनी मृतक राधिका सुनारको लास गाडेको अवस्थामा लास फेला परेको प्रमाण अकाट्य भएर बसेको छ । मृतकको हत्यामा आफ्नो प्रत्यक्ष संलग्नता नरहे तापनि किशोर गिरीसमेतले कर्तव्य गरेको मृतकको लास आफ्नो घरमा रहेको अवस्थामा सोको व्यवस्थापन गर्ने काममा आफ्नो संलग्नता रहेको बेहोरा प्रकाश लामिछानेको अदालतको बयानबाट खुलेको देखिँदा, निजको संलग्नताविना मृतकको हत्या भई लास मात्र निजको घरमा फेला परेको भनी विश्वास गर्न सक्ने अवस्था देखिँदैन । प्रकाश लामिछानेको समेत संलग्नता रहेको सो बेहोरालाई प्रतिवादीहरू सरोज घोरासैनी र किशोर गिरीले अधिकार प्राप्त अधिकारीसमक्ष आरोपित कसुरमा साबित भई अर्का प्रतिवादी प्रकाश लामिछानेलाई पोल गरी मालाकार र सिलसिलाबद्ध रूपमा साबिती गरेको बयान बेहोराबाट समेत पुष्टि भएको देखिन्छ। प्रतिवादीहरूको यी बयान कागजहरूमा मृतक राधिका सुनारको लास जाँच प्रकृति

मुचुल्का, शव परीक्षण प्रतिवेदन र डा. गोपालकुमार चौधरीले गरेको बकपत्र एकआपसमा Corroborate हुन आएको देखिँदा प्रतिवादीहरू सरोज घोरासैनी, किशोर गिरी र प्रकाश लामिछानेले अदालतमा कसुरमा इन्कार रही बयान गरेको आधारमा मात्र प्रस्तुत वारदातमा यी प्रतिवादीहरूको संलग्नता थिएन भनी विश्वास गर्ने आधार र प्रमाणहरू नदेखिँदा मृतक राधिका सुनारको हत्यामा प्रतिवादीहरू सरोज घोरासैनी, किशोर गिरी र प्रकाश लामिछानेको संलग्नता रहेको पुष्टि हुन आएको देखियो। तसर्थ, पुनरावेदक/प्रतिवादी सरोज घोरासैनी तथा अन्य प्रतिवादीहरू किशोर गिरी र प्रकाश लामिछानेलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. र १३ (३) नं. बमोजिमको कसुरमा सोही महलको १३ (३) नं. बमोजिम जनही जन्मकैदको सजाय हुने ठहर गरी भक्तपुर जिल्ला अदालतबाट मिति २०७८।१०।१४ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर गरी उच्च अदालत, पाटनबाट मिति २०७९।०५।३१ मा भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

पुनरावेदन नपरेका प्रतिवादीहरू किशोर गिरी र प्रकाश लामिछानेको हकमा साधकको रोहबाट र पुनरावेदन गरेका पुनरावेदक/प्रतिवादी सरोज घोरासैनीको पुनरावेदनको रोहबाट हेर्दा प्रतिवादीहरू सरोज घोरासैनी, किशोर गिरी र प्रकाश लामिछानेलाई जनही जन्मकैदको सजाय ठहर गरी भक्तपुर जिल्ला अदालतबाट मिति २०७८/१०/१४ मा भएको फैसला सदर गरी गरेको उच्च अदालत, पाटनको मिति २०७९।०५।३१ को फैसला सदर हुने।

इजलास अधिकृत : मोहनप्रसाद बेल्वासे

इति संवत् २०८० पौष २२ गते रोज १ शुभम्।

**३१**

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री अब्दुल अजीज मुसलमान,** *०७४-WO-०६२६, उत्प्रेषण / परमादेश, प्रदिपराज पन्त वि. कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

रिट निवेदनको बेहोरा हेर्दा आ.व.२०७४/०७५ को लागि बृहत सुन्तलाजात अनुसन्धान विकास विस्तार (स्रोत केन्द्र स्थापना) कार्यक्रम सञ्चालन कार्यविधि, २०७४ को दफा ९ अनुसूची २, ३ मा उल्लिखित मापदण्ड निवेदकले पूरा गरी प्रस्ताव पेस गरेकोमा विपक्षीहरूबाट प्रस्ताव मूल्याङ्कनको क्रममा बदयनितसाथ मेरो ४० रोपनी जग्गा नपुगेको उल्लेख गरी निवेदक कम्पनीलाई स्थलगत प्रमाणीकरणमा छनौट नगर्ने निर्णय गरेको हुँदा उक्त स्थलगत प्रमाणीकरणमा छनौट नगर्ने निर्णय, पत्र एवं मिति २०७४।१०।२१ च.नं.१९२ को जानकारी पत्र साथै २०७४।११।२३ को सचिवस्तर निर्णय एवं ऐ. च. नं. ४६८ को पत्रलगायत सोसँग सम्बन्धी निर्णय चिठ्ठी बदर गर्ने गरी आवश्यक आदेश गरिपाउँ भनी निवेदन माग गरेको देखिन्छ। रिट निवेदन बेहोराबाट नै आ.व.२०७४/०७५ को लागि बृहत् सुन्तलाजात अनुसन्धान विकास र विस्तार कार्यक्रम सञ्चालन हुन लागेको भन्ने बेहोरा उल्लेख गरेको देखिन्छ। उक्त विषय उक्त आर्थिक वर्षको निर्धारित कार्यक्रम रहेकोमा हाल सो कार्यक्रमको सञ्चालन अवधि समाप्त भई सकेको हुँदा प्रस्तुत रिट निवेदनको औचित्यसमेत नरहेको भन्ने जानकारी निवेदक तथा विपक्षीतर्फबाट उपस्थित हुनुभएका कानून व्यवसायीहरूले बहसका क्रममा जानकारी गराउनुभएको तथा सो तथ्य मिसिल संलग्न कागजातबाट पुष्टि भई बदर माग भएको कार्यक्रम एक वर्षीय आ.व. २०७४/०७५ को लागि भनी प्रस्ताव आह्वान भएको भन्ने देखियो । उक्त कार्यक्रम सञ्चालन गरिनुपर्ने कार्यकाल सोही आ.व. को अवधिभित्र नै रहेकोमा हाल उक्त आ.व.समाप्त भइसकेको देखियो । बृहत् सुन्तलाजात अनुसन्धान विकास र विस्तार कार्यक्रम वर्ष वर्ष दिनको अर्थात्

छुट्टाछुट्टै आर्थिक वर्षको कार्यक्रम देखिएको र आ.व. २०७४/०७५ का लागि छनौट नभएपछि सो कार्यक्रम सोही आर्थिक वर्षमा समाप्त भइसकेको र उक्त अवधिभित्रै कार्यक्रम सञ्चालन गर्नुपर्ने भन्ने माग गरी दायर गरिएको रिट निवेदनको माग दाबीबमोजिम समाप्त भइसकेको आर्थिक वर्षका लागि कार्यक्रम समावेश गर्नु भनी आदेश जारी गर्नेसम्मको अवस्थासमेत नरहेको हुँदा औचित्य समाप्त भइसकेको प्रस्तुत रिट निवेदनमा केही बोलिरहनु नपर्ने।

प्रस्तुत रिट निवेदनको प्रयोजन नै समाप्त भई औचित्य नरहेको देखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : देवेन्द्र पौडेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०८० साल पुस १७ गते रोज ३ मा शुभम्।

**३२**

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री महेश शर्मा पौडेल,** *०७२-CI-१९७१, राजीनामा लिखत दर्ता बदर, राहुल गौडसमेत वि. रामपृत कलवार*

पुनरावेदक वादीहरूमध्येकी मैना गौड जग्गा बिक्री गर्ने नाथु गौडको आमा रहेको देखिन्छ भने अन्य पुनरावेदकहरू विपिन गौड, अजय गौड र राहुल गौड नाथु गौडका छोराछोरीहरू रहेको नातामा कुनै विवाद रहेको देखिँदैन। यसबाट नाथु गौड र पुनरावेदकहरू समान दुई पुस्ताभित्रका नभई आमा छोरा समान पुस्ताका र बाबु र छोराछोरीहरू समान दुई पुस्ताका भएको देखियो भने हजुरआमा र नाति नातिना तेस्रो पुस्ताका रहेको मिसिलबाट देखिन्छ। निजहरूमध्ये मैना गौडको उमेर ७४ वर्ष रहेको देखिन्छ भने अन्य पुनरावेदक वादीहरूको उमेर विवादित लिखत गर्दाका बखत २१ वर्षभन्दा कम रहेको देखिन्छ। जग्गा बिक्री गर्दा पुनरावेदकहरूलाई साक्षी राखेको वा निजहरूको मन्जुरी लिएको भन्ने मिसिल संलग्न कागजातबाट देखिँदैन। जग्गा खरिद गर्ने प्रत्यर्थी प्रतिवादी रामपृत कलवारले घरको मुख्य व्यक्ति निज नाथु गौड रहेको भनी स्वीकार गरेको र जग्गा जमिन निज नाथु गौडको नाममा रहेको देखिन्छ। यस आधारबाट हेर्दा निज प्रतिवादी नाथु गौड घरको व्यवहार चलाउने मुख्य व्यक्ति रहेको देखिए पनि एकासगोलमा रहेकी निजकी ७४ वर्षीय आमा मैना गौडको मन्जुरी सहमतिबिना निजको समेत अंश लाग्ने पैतृक अचल सम्पत्ति बिक्री गरेको भन्ने देखिने।

पैत्रिक सम्पत्ति छोराले बिक्री वितरण गरेको अवस्थामा अंशबन्डाको १९(१) नं. को यो कानूनी व्यवस्थाबमोजिम आफ्नो अंश भागमा पर्ने सम्पत्तिसम्मको हकमा बिक्री गर्दा माथिल्लो पुस्ताकी आमा मैना गौडको मन्जुरी लिनपर्ने देखिँदैन। प्रस्तुत विवादमा नाथु गौडले आफ्नो श्रीमतीलाई साक्षी राखी अन्य २१ वर्ष उमेर नपुगेका छोराछोरीहरूको मन्जुरीबिना जग्गा बिक्री गर्दा आफ्नो भागको मात्र नभई आमाको अंश भाग लाग्ने आधा जग्गासमेत बिक्री गरेको देखिन्छ। जसलाई अंशबन्डाको समग्र कानूनी व्यवस्था हेर्दा कानूनसम्मत मान्न मिल्ने देखिँदैन। यसरी आमा मैना गौड तत्कालीन अवस्थामा ज्येष्ठ नागरिक रहेको देखिनुका साथै निजलाई राजीनामा लिखतमा साक्षी राखेको नदेखिएको अवस्थामा निज आमा र छोरा दुई पुस्ताका समान दुई अंशियार रहेको देखिएको अवस्थामा एकासगोलको सम्पत्तिमा मैना र नाथु अंशको समान हकदार हुनेमा एकाको हक पूरै मेटिने गरी छोराले गरेको लिखतलाई कानूनसम्मत मान्न नमिल्ने।

सुरू अदालतबाट भएको फैसला केही उल्टी गरी पुनरावेदकहरूको वादी दाबीको लिखतको जग्गामा वादी मैना गौडको हकमा २ भागको १ भाग लिखत बदर भई वादी मैना गौडले आफ्ना नाममा दर्ता गराइलिन पाउनेसम्म कुरालाई सदर गरी अन्य पुनरावेदक वादीहरूको हकमा जग्गा राजीनामा हुँदाका

बखत निजहरूको उमेर २१ वर्ष पुगेको नदेखिँदा घरको मुख्य भई काम गर्ने व्यक्तिले चलमा सबै र अचलमा आधासम्म बिक्री व्यवहार गर्न सक्ने नै हुँदा मैनाको हकमा १ भाग लिखत बदर भई बाँकी रहेको १ भागलाई ५ भाग लगाई सोको ३ भाग बदर भई वादीहरूले चलन दर्तासमेत पाउने ठहर गरेको सुरू फैसला सो हदसम्म नमिलेको भनी केही उल्टी गरी अन्य पुनरावेदक वादीहरूको दाबी पुग्न नसक्ने ठहर गरेको तत्कालीन पुनरावेदन अदालत, बुटवलको मिति २०७२।०३।२२ को फैसला मिलेको देखिँदा उक्त फैसला सदर हुने।

इजलास अधिकृत : खुमप्रसाद भण्डारी

कम्प्युटर : अमिर रत्न महर्जन

इति संवत् २०८१ साल आषाढ २७ गते रोज ५ शुभम्।

- यसै लगाउको ०७२-CI-१९७२, राजीनामा लिखत दर्ता बदर, राहुल गौडसमेत वि. रामपृत कलवारसमेत भएको मुद्दामा पनि यसैनुसार फैसला भएको छ।

३३

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री टेकप्रसाद ढुङ्गाना,** *०८०-WH-०३५३, बन्दीप्रत्यक्षीकरण, लक्ष्मी ज्ञवाली वि. उच्च अदालत तुलसीपुर, बुटवल इजलाससमेत*

निवेदकले उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट जारी म्याद तामेल गर्दा निवेदकको वतन पत्ता नलागी बेपत्ते म्याद तामेल गरेकोमा सो म्याद बदर गरी अभियोग पत्रमा उल्लिखित वतनमा भन्दा फरक ठेगाना राखी ३० दिने म्याद मिति २०७८।०९।०५ मा गोरखापत्रमार्फत प्रकाशित भएको सूचना कानूनसम्मत नभएको जिकिर लिएको देखिन्छ। बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ को दफा २३ मा "यस ऐन वा अन्य प्रचलित कानूनबमोजिम कुनै व्यक्तिको नाममा सूचना पठाउँदा वा म्याद तामेल गर्दा त्यस्तो व्यक्तिको ठेगाना पत्ता नलागी वा अन्य कुनै कारणले त्यस्तो सूचना बुझाउन नसकिएको वा म्याद तामेल हुन नसकेको कुराको प्रतिवेदन पर्न आएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिलाई तीस दिनसम्मको म्याद दिई अनुसन्धान भएको वा मुद्दा हेर्ने अधिकारीसमक्ष मुद्दा दायर भइसकेको भए सो विषयको संक्षिप्त विवरण उल्लेख गरी उपस्थित हुन राष्ट्रियस्तरको समाचारपत्रमा (विदेशीको हकमा अंग्रेजी दैनिकमा) कम्तीमा दुईपटक सार्वजनिक सूचना प्रकाशन गरिने छ र त्यसरी सूचना प्रकाशन भएकोमा यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिलाई रीतपूर्वक सूचना दिइएको वा म्याद तामेल भएको मानिने छ" भन्ने प्रस्ट व्यवस्था रहेको छ। यस कानूनी व्यवस्था अनुसार सूचनाको सुविधा व्यक्तिले कम्तीमा दुई पटक पाउनुपर्छ भन्ने विधायिकी मनसाय प्रस्ट रहेको देखिन्छ। यसर्थ, मिति २०७८।०९।०५ मा गोरखापत्रमार्फत प्रकाशित भएको सूचना एक पटक मात्र प्रकाशित भएको र उक्त सूचनामा समेत निवेदकको फरक वतन हुनुको अलावा यसमा कानूनले स्थापित गरेको कार्यविधिको पालना भएकोसमेत नदेखिने।

प्रस्तुत विवादको सन्दर्भमा जाहेरी र अभियोगसमेतको विपरीत वतनमा फरक पारी गोरखापत्रमा मिति २०७८।०९।०५ मा सूचना प्रकाशित भएको देखिन्छ। चेक अनादर भएको बैंकिङ कसुर मुद्दामा सूचना प्रकाशित गर्दा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा २३ बमोजिम दुई पटक सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेमा एक पटक मात्र प्रकाशित गरेको समेत आधारमा मिति २०७८।०९।०५ मा प्रकाशित सूचना र सोको आधारमा भएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७९।०२।१८ को फैसला कानूनसम्मत मान्न नमिल्ने देखिएको हुँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब, निवेदक/प्रतिवादी

लक्ष्मीप्रसाद ज्ञवालीलाई निज हाल थुनामा रहेको कारागार कार्यालयबाट सम्बन्धित अदालतमा झिकाई बयान, थुनछेकलगायतका जे-जो गर्नुपर्ने कार्यविधि पूरा गरी मुद्दाको पुनः फैसला गर्नु भनी परमादेशको आदेश जारी गरिदिएको छ । निवेदक/प्रतिवादी लक्ष्मीप्रसाद ज्ञवालीको हकमा पुनः बयानलगायतका प्रक्रिया पूरा गरी थुनछेकसमेतको आदेश हुने हुँदा हालको थुनालाई गैरकानूनी मानी तत्काल बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहन नपर्ने ।

इजलास अधिकृत : अनिष्मा ढकाल

कम्प्युटर : अमिर रत्न महर्जन

इति संवत् २०८१ साल असार २५ गते रोज ३ शुभम् ।

**३४**

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री टेकप्रसाद ढुङ्गाना,** *०७५-CR-२४३५, ०७६-CR-०१३४, जबरजस्ती करणी, केशव परियार वि. नेपाल सरकार, नेपाल सरकार वि. केशव परियार*

प्रस्तुत मुद्दामा निज प्रतिवादी जाहेरवालीको दोस्रो पति रहेको भन्ने मिसिलबाट देखिँदा निज प्रतिवादी दोस्रो पतिको संरक्षणमा रहे बसेको मानिसले विनाआधार र प्रमाण जबरजस्ती करणीजस्तो गम्भीर आरोप लगाउन सक्ने/पर्ने पनि देखिँदैन । प्रतिवादीले मौकामा कसुरमा साबित रही गरेको बयान प्रतिवादीउपरको किटानी जाहेरी र जाहेरी समर्थित जाहेरवालीको बकपत्र, साथै पीडित नाबालिकाले मौकामा गरेको कागजमा मलाई बुबाले गाली गरी अश्लील कार्यहरू गरेको हो भनी बताएको र सोही बेहोरा उच्च अदालत पाटनमा समेत पीडितले बताएको देखिन्छ । त्यस्तै मिति २०७५।०३।०७ को मनो विमर्श टिपोटमा समेत पीडितसँगको परामर्शबाट निजलाई यौन दुर्व्यवहार भएको अनुमान गर्न सकिन्छ भन्ने बेहोरा उल्लेख भएको देखिन्छ । यसरी यी नाबालिकाप्रतिको प्रतिवादीको व्यवहारबाट कलिलो अन्जान बालमस्तिष्कमा हाल घटेको घटनाले भविष्यमा गम्भीर असर पर्ने भन्ने कुरालाई समेत मध्यनजर गरी न्याय निरूपण गर्नुपर्ने देखिन्छ । पीडित नाबालिका प्रतिवादीको झट्केली नातिनी रहेको र निजकै संरक्षणमा रहेको देखिएको र प्रतिवादीले सो मौकाको फाइदा उठाउँदै पीडितमाथि यौनजन्य कार्यगरेको भन्ने तथ्य मिसिल संलग्न पीडित बालिकाको शारीरिक परीक्षण प्रतिवेदन, पिडितको मौकाको कागज र पीडितले उच्च अदालतमा आई गरिदिएको बकपत्र, घटना विवरण कागजलगायतका अकाट्य प्रमाणहरूबाट यी प्रतिवादीको कसुर प्रमाणित भइरहेको हुँदा प्रतिवादीले सुरू अदालतमा इन्कारी बयान गर्दैमा निज कसुरदार होइनन् भन्न सकिने अवस्था नदेखिँदा प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादीले आफ्नी झड्केली नातिनी नाबालिकालाई जबरजस्ती करणी गरेको हुँदा निजलाई हाडनातामा करणी गर्नेको महलमा समेत सजाय हुनुपर्छ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा, प्रतिवादी र पीडितबिचको नातामा प्रतिवादीको पत्नीको अघिल्लो पतिबाट जन्मेको छोरीको छोरी पीडित रहे भएको देखिन्छ । प्रतिवादी र पीडित एकै हाँगाको भन्ने देखिन आउँदैन । पीडित र प्रतिवादिबीचको सम्बन्ध तत्कालीन मुलुकी ऐन हाडनातामा करणी गर्नेको महलको २ नं. तथा मुलुकी अपराध (संहिता) ऐन,२०७४ को दफा २२०(२) ले व्याख्या गरेको नाता पुस्ताभित्रको रहेको नदेखिएको अवस्थामा निजलाई सो महलबमोजिम सजाय गर्नु कानूनसम्मत देखिँदैन । त्यस्तै, प्रतिवादीलाई मुलुकी ऐन जबरजस्ती करणीको महलको ९क नं. बमोजिम थप सजाय गर्नुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर रहेकोमा यी प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको

पुष्टि भएको स्थिति देखिएको, यौन दुराचारसम्बन्धी गरिएको कानूनी व्यवस्थासमेतबाट निज प्रतिवादीले पीडितउपर जबरजस्ती करणीबाहेक के कस्ता यौन दुराचारका अन्य कार्य गरेको भनी पुष्टि हुने स्वतन्त्र र वस्तुनिष्ठ प्रमाण वादी नेपाल सरकारले पेस गर्न सकेको नदेखिँदा निजलाई सो महलबमोजिम थप सजायसमेत गर्न मिल्ने अवस्थाको विद्यमानता नदेखिने।

प्रतिवादीउपर आफ्नो संरक्षणमा रहेकी पीडितलाई जबरजस्ती करणी गरेकोले मुलुकी ऐन जबरजस्ती करणीको महलको ३क नं. समेतको थप अभियोग दाबी लिएको देखिँदा पीडित नाबालिका र प्रतिवादी एउटै घर परिवारमा बस्ने गरेको र निजले समेत हेरविचार गरेको अवस्था मिसिल संलग्न कागजातबाट देखिन्छ । सोही महलको ३क को कानूनी व्यवस्था हेर्दा, कसैले कुनै नाबालकसँग कुनै किसिमको बाल यौनदुराचार (पेडो फायल) गरे गराएमा जबरजस्ती करणी गरेको मानी यसै महलको ३ नं. बमोजिम हुने सजायमा थप एक वर्षसम्म कैद गरी त्यस्तो नाबालकलाई निजको उमेर र उसलाई पुग्न गएको मर्कासमेत विचार गरी अदालतले बाल यौन दुराचार (पेडो फायल) गर्नेबाट मनासिब माफिकको क्षतिपूर्तिसमेत भराइदिनुपर्छ भन्ने देखिन्छ । सोही कसुरका सम्बन्धमा विद्यमान कानून मुलुकी अपराध (संहिता) ऐन,२०७४ को दफा २२२(१) को कानूनी व्यवस्था हेर्दा, आफ्नो संरक्षण वा सुरक्षामा रहेको व्यक्तिसँग करणी गर्ने कार्यलाई निषेध गरेको देखिन्छ भने दफा २२२(२) मा "उपदफा १ बमोजिमको कसुर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद हुने छ र त्यस्तो करणी यस ऐन वा अन्य कानून अनुसार पनि कसुर हुने रहेछ भने सोबमोजिम हुने सजायमा यस दफाको सजाय थप हुनेछ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। यी दुबै कानूनमा रहेको कानूनी व्यवस्था एवं सजायलाई फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,२०७४ को दफा ५ समेतको सन्दर्भमा हेर्दा यी दुई कानूनी व्यवस्थामध्ये जुन कानूनी व्यवस्थाले कम सजाय हुन सोही कानूनबमोजिम सजाय गर्नुपर्ने हुँदा सो व्यवस्थाबमोजिम निज प्रतिवादीलाई थप सजायसमेत गर्नुपर्ने देखिन आयो। सोबमोजिम सजाय गर्दा दफा २२२(२) बमोजिम १ वर्षसम्म कैद गर्ने गरी उच्च अदालतबाट भएको फैसलालाई कानूनसम्मत नै मान्नुपर्ने।

सुरू ललितपुर जिल्ला अदालतबाट मिति २०७५।०६।०७ मा भएको फैसला केही उल्टी भई प्रतिवादी केशव परियारलाई तत्कालीन मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं. को कसुरमा सोही दफाबमोजिम १०(दश) वर्ष कैद तथा मुलुकी अपराध संहिता ऐन,२०७४ को दफा २२२ बमोजिम १ (एक) वर्ष थप सजाय एवं पीडितले प्रतिवादीबाट रू.१०००००।- (एक लाख) रकम क्षतिपूर्तिबापत भराइपाउने ठहऱ्याई उच्च अदालत पाटनबाट मिति २०७६।०१।०३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : सीता रेग्मी

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०८० साल फाल्गुन २३ गते रोज ३ शुभम्।

### ३५

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री टेकप्रसाद ढुङ्गाना,** *०७६-CR-११३३, कर्तव्य ज्यान, नबिन भन्ने कमल राई वि. नेपाल सरकार*

अनुसन्धानका क्रममा कागज गर्ने व्यक्तिहरूले समेत यी प्रतिवादीले कर्तव्य गरी मारेकोमा विश्वास लाग्छ भनी कागज गरेको साथै प्रतिवादी वारदातका समयमा घटनास्थलमै रहेको, मृतकको घरमै आएर पहिलेदेखि बस्ने गरेको, मृतकको खुट्टामा चोट रहेको लास प्रकृति मुचुल्का र Autopsy Report बाट देखिएको, मृतक र प्रतिवादीबिच Extra adult affair रहेको भन्ने

Autopsy report को Brief Introduction of case समेतमा उल्लेख भएको, वारदातपछि प्रतिवादीले वारदातको बारेमा जाहेर नगरी भागी हिँडेको समेतका परिस्थितिजन्य प्रमाणहरूबाट प्रतिवादीउपरको कसुर पुष्टि भइरहेको देखिन्छ । जहाँसम्म मिराक लिम्बुको अदालतमा बकपत्र हुन नसकेको भन्ने पुनरावेदन जिकिर छ त्यसतर्फ हेर्दा, यी प्रतिवादीले मृतकलाई सलमा पिङ खेलाएर लात्ताले हानेको मिराक लिम्बुले बताएको भनी रेवन्तराज अधिकारीले अदालतमा बकपत्र गरेबाट मिराक लिम्बुको मौकाको कथन पुष्टि भएको अवस्था हुँदा मिराक लिम्बुको मौकाको भनाइ प्रमाणग्राह्य नै मान्नुपर्ने देखिन्छ । यसै गरी पोष्टमार्टम गर्ने विशेषज्ञले कर्तव्यबाट मारेको भनी बकपत्र नगरी आत्महत्याको प्रकृतिजस्तो भन्ने किटान गरी बकपत्र गरेको भन्ने पुनरावेदन जिकिर रहेकोमा सो बकपत्रको स.ज.११ मा मैले शरीरमा चोट देखेकाले भएको कुरा लेखाइदिएको छु । उक्त घाउबाट आत्महत्या हो वा होइन म भन्न सक्दिनँ भनी बेहोरा लेखाएको देखिँदा विशेषज्ञले किटान रूपमा बकपत्र गरेको भनी मान्न मिल्ने देखिन आएन । मृतकको खुट्टामा चोट रहेको भन्ने लास जाँच प्रकृति मुचुल्कामा उल्लेख भएको देखिँदा मृतक साली झुण्डिएको अवस्थामा चल्दा यताउता गर्दा खुट्टामा चोट लागेको हुनुपर्छ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर त्यति विश्वसनीय नदेखिने ।

प्रतिवादीले कसुर गरेको भन्ने प्रत्यक्ष एवं परिस्थितिजन्य दुबै प्रमाणबाट पुष्टि भइरहेको हुँदा सुरू जिल्ला अदालतले मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसुर ठहर्‍याएको फैसलालाई सदर गरी उच्च अदालत विराटनगरबाट मिति २०७६।०३।०३ मा भएको फैसला बदर भई पुनरावेदक प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउनु पर्दछ भन्ने पुनरावेदकतर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादीलाई जन्म कैदको सजाय हुने देखिए पनि मृतक र प्रतिवादी साली भेना नाताका देखिएका, वारदातका समयमा दुबैले मादक पदार्थ सेवन गरेको भन्ने देखिएको, प्रतिवादीले यसपूर्व कुनै कसुर गरेको भन्नेसमेत नदेखिएको विवाह गर्ने विषयलाई लियर दुवैका बिच विवाद भएको विवादको कारक तत्त्व प्रतिवादी मात्र नभई मृतक स्वयम्समेत रहेकोबाट मृतकलाई मार्ने पूर्वयोजना र तयारी गरेको भन्ने पनि नदेखिएको हुँदा वारदातको स्वरूप, प्रकृति र जरियासमेतलाई दृष्टिगत गरी न्यायको रोहमा विचार गर्दा सुरू जिल्ला अदालतले जन्म कैदको सजाय गर्दा चर्को पर्ने भनी अ.वं. १८८ नं. बमोजिम यी पुनरावेदक प्रतिवादीलाई १० (दश) वर्ष कैद सजाय गर्न राय व्यक्त गरेको मनासिब ठहर्‍याई उच्च अदालत विराटनगरबाट मिति २०७६।०३।०३ मा भएको फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत :- सीता रेग्मी

कम्प्युटर :- विकेश गुरागाई

इति संवत् २०८० साल फागुन २३ गते रोज ४ शुभम् ।

## ३६

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री सुनिलकुमार पोखरेल,** *०७७-CI-०२४५, लिखत दर्ता बदर, अष्टमाया महर्जनसमेत वि. तिर्थ महर्जनसमेत*

विवादको कि.नं. २२६४ को जग्गाको साबिकदेखिको स्रोत हेर्दा, साबिक कि.नं.११४६ को क्षेत्रफल १-१-०-० को जग्गा र.नं. ७५ मिति २०६०।०४।०५ को लिखतमार्फत कित्ताकाट भई कि.नं.११५१ क्षेत्रफल ०-६-० जग्गा प्रतिवादी तिर्थ महर्जनले मिसन गौरव श्रेष्ठलाई यी वादी राजेश महर्जन साक्षी बसी पारित भएको देखिन्छ । उक्त लिखत पारित भई बाँकी ज.रो.०-११-०-० जग्गा कि.नं.११५२

कायम भई प्रतिवादी तिर्थ महर्जनको नाउँमा दर्ता कायम भएको देखिन्छ। उक्त कि.नं.११५२ को ज.रो.०-११-०-० जग्गा र.नं.४८१८क मिति २०७२।१२।०२ को लिखतबाट कित्ताकाट भई कि.नं.२६६४ ज.रो.०-५-२-० जग्गा खरिदकर्ता माया थापासमेतको नाममा र बाँकी कि.नं.२६६५ को ज.रो. ०-५-२-० जग्गा तिर्थ महर्जनको नाममा कायम रही स्रेस्ता कायम भएको देखिने।

उक्त र.नं.४८१८क मिति २०७२।१२।०२ को पारित लिखतबाट हक हस्तान्तरण भएको कि.नं.२६६४ को ज.रो.०-५-२-० जग्गाका सम्बन्धमा वादीहरूले ३ भागको २ भाग लिखत बदर गरिपाउँ भनी प्रस्तुत लिखत बदरको फिराद दायर गरेको देखियो । उक्त र.नं.४८१८ क को लिखत वादी दाबीबमोजिम बदर गरिपाउँ भन्ने वादी दाबी एवं मुलुकी ऐन, लेनदेन व्यवहारको ८ नं. को कानूनी व्यवस्थासमेतको प्रतिकूल हुने गरी पारित भएको लिखत बदर गर्नुपर्नेमा बदर नगर्ने गरी भएको फैसला मिलेको छैन भन्ने अष्टमाया महर्जनसमेतको पुनरावेदन जिकिर लिएको सन्दर्भसमेतलाई विचार गर्दा, प्रमाणमा आएको वादी राजेश महर्जनसमेत प्रतिवादी तिर्थ महर्जन भएको ललितपुर जिल्ला अदालतमा चलेको ०७२-CD-०७७८ को अंश मुद्दामा प्रत्यर्थी प्रतिवादी तिर्थ महर्जनले तायदाती फाँटवारी पेस गर्दा विवादको कि.नं.२६६५ को जग्गा तायदाती फाँटवारीमा देखाएको देखिँदैन । यसरी तायदातीमा उल्लेख नगरेको कुरामा सो कि.नं. उल्लेख गरी प्रमाणसहित बन्डा लाग्ने हो भनी वादीहरूबाट उक्त मुद्दामा तायदाती फाँटवारीउपर उजुर गरी जिकिर लिएको देखिँदैन । साथै दपोटतर्फ तिर्थ महर्जनउपर अर्को फिराद दाबी लिएको पनि मिसिलबाट देखिँदैन । उक्त अंश मुद्दा सुरू जिल्ला अदालतबाट भएको फैसला नै अन्तिम भई बसेको देखिन्छ। साबिक कि.नं.११४६ ज.रो.१-१-०-० को जग्गामध्ये कित्ताकाट भई कायम भएको कि.नं.११५१ को जग्गा मिसन गौरब श्रेष्ठलाई बिक्री गर्दा यी वादी राजेश महर्जन स्वयम् साक्षी बसी बिक्री भएको छ । बाँकी कि.नं.११५२ को ज.रो.०-११-०-० जग्गामध्ये आधा ज.रो.०-५-२-० जग्गा प्रतिवादी तिर्थ महर्जनले प्रतिवादी निर्मला थापासमेतलाई बिक्री गरेको देखिन्छ। उक्त तथ्यबाट प्रतिवादी तिर्थ महर्जनले आधा जग्गा आफूसँग राखी आधा बिक्री गरेको भन्ने नै देखिने।

प्रतिवादी तिर्थ महर्जनले आफ्नो नाममा आधा जग्गा कायम राखी कि.नं.२२६४ को ज.रो.०-५-२-० जग्गा माया थापासमेतलाई बिक्री गरेको देखिन्छ। यसरी उक्त कानूनमा प्रयुक्त भएको अचलमा आधीसम्म व्यवहार चलाउनलाई गरेको कार्यलाई कानूनले मान्यता दिएको अवस्थामा प्रत्यर्थी प्रतिवादीले कि.नं.११५२ को ज.रो.०-११-०-० जग्गामध्ये आधा ज.रो.०-५-२-० जग्गा बिक्री गरेको कार्यलाई अन्यथा हो भन्न पनि नमिल्ने।

पुनरावेदक वादी राजेश महर्जन छुट्टै सरहदमा गई व्यापार व्यवसाय गरेको हो भन्ने निजले प्रमाण पेस गरेको देखिँदैन। एउटै घरमा बसी सोही सरहदमा व्यापार गरेको अवस्था देखिन्छ । निजले गरेको व्यापार व्यवसायको हकमा सम्म मुख्य भई काम गरेकै आधारमा उक्त लेनदेन व्यवहारको ८ नं. को समग्र व्यवस्था आकर्षण हुने हो भन्न मिलेन। प्रमाणमा रहेको अंश मुद्दा दायर भएको बखतसम्म वादी र प्रतिवादी तिर्थ महर्जन सगोलमै रहेको भन्ने उक्त फैसलाबाट स्थापित भएको छ। अर्थात् विवादको लिखत पारित हुँदाका बखत एकासगोलमा रहेको स्थिति छ। प्रतिवादी राजेश महर्जनले छुट्टै बसी खति उपति गरेको भन्ने पुष्टि नभएको अवस्थामा निज मुख्य जानकार पनि हुन् निजको सहमतिको लिखित चाहिने हो भन्ने देखिएन। यसरी प्रतिवादी तिर्थ महर्जनले आफ्नो नाममा रहेका

जग्गामध्ये आधासम्म घर व्यवहार चलाउन बिक्री गरेको कुरामा यी वादीको समेत सहमति वा मन्जुरी लिखत लिनुपर्ने हो भन्ने जिकिरसँग सहमत हुन नसकिने।

सुरू ललितपुर जिल्ला अदालतबाट मिति २०७३।९।३ मा वादी दाबी नपुग्ने भनी भएको फैसलालाई सदर हुने ठहऱ्याई उच्च अदालत पाटनबाट मिति २०७६।०३।१५ मा भएको इन्साफ मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : डोलनाथ न्यौपाने

कम्प्युटर : पुजा कंडेल

इति संवत् २०८० साल पुस १८ गते रोज ४ शुभम्।

**३७**

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री सुनिलकुमार पोखरेल,** *०८०-WO-०४०५, उत्प्रेषणसमेत, कमल उप्रेती वि. प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंसमेत*

निवेदक कम्पनीको गाडी (सम्पत्ति) विनाकारण विपक्षीहरूले नियन्त्रणमा राख्ने कार्य गरेको देखिएको स्थितिमा व्यक्तिको सम्पत्तिको हक र अधिकारसम्बन्धी विषय आकर्षित भएको देखियो। यस सम्बन्धमा भएका संवैधानिक एवम् कानूनी व्यवस्था हेर्दा नेपालको संविधानको धारा २५(१) ले "प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुने छ भन्ने व्यवस्था गरेको देखिन्छ। सोही धाराको उपधारा (२) मा "सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्तिउपर अरू कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन" भन्ने व्यवस्था गरी प्रत्येक व्यक्तिलाई सम्पत्तिको हकको ग्यारेन्टी गरी सार्वजनिक हितका लागि बाहेक राज्यले त्यस्तो सम्पत्तिउपर कुनै प्रकारको अधिकार सिर्जना गर्न वा कुनै प्रकारले नियन्त्रणमा राख्न सक्ने भन्ने देखिँदैन। प्रस्तुत निवेदनमा विपक्षीहरूले निवेदकको गाडी नियन्त्रणमा राखेकोमा कुनै सार्वजनिक हित वा प्रयोजनका लागि त्यसो गरेको भन्ने पनि देखिँदैन। विनाकारण व्यक्तिको सम्पत्ति नियन्त्रणमा लिई आफूसँग राख्ने अधिकार विपक्षीहरूलाई रहे भएको नदेखिँदा निवेदकको गाडी नियन्त्रणमा लिने विपक्षीहरूको कार्य उल्लिखित संवैधानिक हकविपरीतको कार्य भई सोबाट निवेदकको मौलिक हकको रूपमा रहेको सम्पत्तिको हकको निर्वाध उपभोग गर्नमा बाधा पुगेको भन्ने देखिने।

संवैधानिक एवम् कानूनी व्यवस्थाले समेत राज्यले सार्वजनिक हितका लागि कानूनबमोजिम व्यक्तिको सम्पत्ति प्राप्त गर्नेबाहेक व्यक्तिको सम्पत्ति कब्जा वा नियन्त्रणमा लिन वा अतिक्रमण गर्न नहुने भन्ने देखियो। व्यक्ति व्यक्तिबिचको लेनदेनको विवादको विषयमा साहु र ऋणीले देवानी कानूनबमोजिम नै उपचार खोज्ने र यस्तोमा अधिकारप्राप्त अदालतको आदेशबमोजिमबाहेक व्यक्तिको निजी सम्पत्तिमाथि कुनै पनि व्यक्ति वा राज्यका निकायले अनधिकृत हस्तक्षेप गर्ने वा कब्जा वा नियन्त्रणमा राख्न मिल्ने देखिँदैन। यसरी व्यक्तिको सम्पत्ति अनधिकृत रूपमा कब्जामा राखिएमा कानूनको शासनको उपहास हुन जान्छ। विपक्षीहरूले निवेदकको गाडीविना कारण लामो समयदेखि गैरकानूनी नियन्त्रणमा लिई राखेको कार्य व्यवहारलाई मुलुकी देवानी संहिता, २०७४ को दफा २६७, २७६ र २७७ अनुरूपको कार्य व्यवहार हो भनी मान्न नमिल्ने।

निवेदक कम्पनीको गाडी विपक्षीहरूले गैरकानूनी रूपमा आफ्नो कब्जा वा नियन्त्रणमा राखेको देखिएको, यस्तो कार्य नेपालको संविधान तथा मुलुकी देवानी संहिता, २०७४ ले सुनिश्चित गरेको व्यक्तिको सम्पत्तिको हक र अधिकारको प्रतिकूल रहेको साथै विपक्षीहरूको उक्त कार्यबाट निवेदक कम्पनीको

उक्त संवैधानिक एवम् कानूनी हक उपभोगमा बाधा पुगेको देखिएकाले निवेदकको बा. २० च २६९७ नं. को हाइलक्स गाडी नियन्त्रणमा नलिनु, नराख्नु र निवेदकलाई तत्काल बुझाइदिनु वा लिएर जान दिनु, सो कार्यमा कुनै बाधा अवरोध नगर्नु नगराउनु भनी विपक्षीहरूका नाममा परमादेश जारी हुने।

इजलास अधिकृत - टीका बहादुर थापा

कम्प्युटर :- पुजा कंडेल

इति संवत् २०८० साल माघ १९ गते रोज ६ शुभम्।

३८

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री बालकृष्ण ढकाल,** *०७६-CR-१२३७, कर्तव्य ज्यान, पासाङ शेर्पा वि. नेपाल सरकार*

निज प्रतिवादी पासाङ शेर्पाले अदालतमा उपस्थित भई बयान गर्दा निज मृतक श्रीमती निम्छोकी शेर्पाले भान्सा कोठामाथि छानामा ढुंगा हानेकी हुँदा विवाद भई मैले गाली गर्दा नमानेकीले निजको टाउकोमा कोदालाको बिँडले प्रहार गर्दा झन् गाली गर्न थालेकीले पुन: दोस्रोपटक तथा तेस्रोपटक गरी पटकपटक निजको टाउकोमा प्रहार गरेको कारण निजको मृत्यु भएको भनी अदालतमा आई बयान गरेको आधार, प्रमाणसमेतबाट प्रमाण ऐन,२०३१ को दफा ९(१) मा उल्लेख भएको मुद्दाको कुनै पक्षले व्यक्त गरेको कुनै कुरा निजका विरुद्धमा प्रमाणमा लिन हुन्छ भन्ने कानूनी व्यवस्थाबमोजिम निज प्रतिवादी पासाङ शेर्पाले अनुसन्धान तथा अदालतमा उपस्थित भई निज मृतक श्रीमती निम्छोकी शेर्पालाई आफैँले कोदालोको बिँडले निजको टाउकोमा पटकपटक प्रहार गरी रगताम्मे भई ढलिसकेपश्चात् आफू भागेको र सोही चोटका कारण श्रीमती निम्छोकी शेर्पाको मृत्यु भएको भनी लेखाएको कुरा जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, बरामदित कोदालाको बिँडलगायतका अन्य प्रमाणसमेतले निज प्रतिवादी पासाङ शेर्पाले आफ्नै श्रीमतीलाई सामान्य विवादमा पटकपटक कोदालाको बिँडले टाउकोलगायतका शरीरका संवेदनशील अंगमा प्रहार गरी कर्तव्य गरी मारेको पुष्टि भएकै देखिने।

प्रतिवादीले यस अदालतमा पुनरावेदन गर्दा निज मृतक स्वयंले उत्तेजनामा ल्याई आवेशमा आएको कारण निजलाई कोदालोको बिँडले टाउकोमा प्रहार गर्दा निजको मृत्यु भएकोले आवेश प्रेरित कर्तव्य ज्यानतर्फ सजाय हुनुपर्ने भन्ने जिकिर सम्बन्धमा विचार गर्दा उक्त वारदात हुँदाको परिस्थिति, अवस्था, वारदातको प्रकृतिलगायतका घटनाक्रमहरूको सूक्ष्म विश्लेषण गरिनुपर्ने हुन्छ । आवेश प्रेरित हत्यामा मृतकको तत्कालीन क्रियाकलापबाट कसुरदारमा गम्भीर उत्तेजना उत्पन्न भएको हुनुपर्दछ। उक्त उत्तेजनाको कारण कसुरदारले क्षणिक रूपमा आत्मनियन्त्रण गुमाएको अवस्था स्थापित हुनुपर्दछ। आत्मनियन्त्रण गुमाएको अवस्थामा प्रतिक्रियास्वरूप गरिएको कार्य सामान्य प्रकृतिको हुनुपर्दछ । साथै सोही सामान्य प्रतिक्रियाको परिणामस्वरूप मृतकको मृत्यु भएको तथ्य स्थापित हुनुपर्दछ । यसरी हेर्दा कसुरदारले पूर्वरिसइवी वा योजनाबद्ध तरिकाले गरेको कार्यलाई आवेश प्रेरित हत्याको परिभाषाभित्र समावेश गर्न मिल्दैन । साथै, मृतकको क्रियाकलापबाट उत्पन्न भएको आवेगको कारण गरिएको प्रतिक्रिया असामान्य वा अत्यधिक भएमा पनि त्यस्तो कार्यलाई आवेश प्रेरित हत्याको कोटीमा राख्न नमिल्ने हुन्छ । अदालतले यस्ता मुद्दाहरूको न्यायानिरूपण गर्दा माथि उल्लिखित सम्पूर्ण तत्त्वहरूको विद्यमानता रहे नरहेको सम्बन्धमा सूक्ष्म विश्लेषण गर्नुपर्ने।

प्रस्तुत मुद्दामा मृतकले विवाद हुँदा छानामा ढुंगा हानेको कारण देखाई निज प्रतिवादीले कोदालोको बिँड बनाउन सुकाइराखेको दाउराले मृतकको टाउकोजस्तो संवेदनशील अंगमा पटकपटक प्रहार गर्दा मानिसको मृत्यु हुन सक्छ भन्ने थाहा जानकारी

सामान्य समझ भएको मानिसलाई नहुने भन्ने अवस्था रहँदैन । टाउकोजस्तो संवेदनशील अंगमा कोदालोको बिँड बनाउन सुकाएर राखेको बलियो दाउराले पटकपटक प्रहार गर्ने र ढलेपश्चात् उद्धार तथा उपचारलगायतका कार्य नगरी वारदातस्थलबाट फरार हुने कार्य आफैँमा मनासाय पुष्टि हुने पर्याप्त आधार र कारण हो । प्रतिवादीलाई निजकी श्रीमतीको मृत्युको परिणाम इच्छित नभएको अवस्था हुँदो हो त रिस आवेगमा एकचोटि प्रहार गरेपश्चात् पटकपटक पुन: प्रहार गर्नुको सट्टा घाइतेलाई तत्काल अस्पतालमा उपचार गर्नेलगायतका उद्धारका कार्य गरेको देखिनुपर्नेमा सो कार्यहरूको अनुपस्थितिमा निज प्रतिवादीको कार्य आवेश प्रेरित थियो भन्ने निष्कर्षमा पुग्न नसकिने ।

पुनरावेदक प्रतिवादीले लिएको जिकिरमा निजका साक्षीले अदालतमा उपस्थित भई बकपत्र गर्दा निज प्रतिवादीले आवेश उत्तेजनामा आई निजकी श्रीमतीलाई मारेको भनी किटानी बकपत्र गरेको विषयलाई अदालतले प्रमाण मूल्याङ्कनको रोहमा नलिएको भनी जिकिर लिएको देखिन्छ । प्रतिवादीका साक्षी निङगम्बा शेर्पा तथा गजिन्द्र शेर्पाले बकपत्रमा निज प्रतिवादी पासाङ शेर्पाले निजकी श्रीमती मृतक निम्छोकी शेर्पालाई रिस आवेगमा लाठीले टाउकोमा प्रहार गर्दा निजको मृत्यु भएको भनी लेखाएको बेहोरालाई हेर्दा निज प्रतिवादीले मृतकलाई टाउकोमा कोदालाको बिँड बनाउने दाउराले पटकपटक प्रहार गरी कर्तव्य गरी मारेको तथ्यमा मुख मिलेको देखिएको र पटकपटक टाउकोमा सुकेको काठले प्रहार गरी मृतकको टाउको क्षतविक्षत पारेको अवस्थालाई आवेशप्रेरित हत्या मान्न नमिल्ने ।

झापा जिल्ला अदालतबाट मिति २०७५।०९।१७ गते प्रतिवादी पासाङ शेर्पालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने गरी भएको फैसला सदर हुने ठहर गरी उच्च अदालत, विराटनगर, इलाम इजलासबाट मिति २०७६।०५।३१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : सन्जित गौतम

इति संवत् २०८१ साल पौष ११ गते रोज ५ शुभम् ।

**३९**

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री बालकृष्ण ढकाल,** *०७५-CR-२२७०, जालसाजी, सानुमाया महर्जन वि. तुयुलाल महर्जनसमेत*

विवादित लिखतबाट तुयुलाल महर्जनको नाममा रहेका सम्पत्तिमध्ये आधाभन्दा बढी बिक्री गरेको देखिन्छ वा देखिँदैन भनी हेर्दा, लिखतमा उल्लिखित जग्गाबाहेक पनि प्रतिवादी तुयुलाल महर्जनको नाममा ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं.१० कित्ता नम्बर ७५४ क्षेत्रफल ०-०-३-० को जग्गा रहेको भन्ने मालपोत कार्यालय ललितपुरबाट प्राप्त जग्गाको स्रेस्ताको प्रमाणित प्रतिलिपिबाट देखिएको छ । सो जग्गामा ४ तले घर बनेको र सो घर जग्गाको अन्दाजी रु.७०,००,०००।– मूल्य रहेको भन्ने प्रमाणमा रहेको यिनै पुनरावेदक वादीहरू र प्रत्यर्थी प्रतिवादीहरूबिच ललितपुर जिल्ला अदालतमा चलेको अंश चलन मुद्दा (०७३-cp-०१६२) मा प्रतिवादी तुयुलाल महर्जनले पेस गरेको सम्पत्तिको तायदाती फाँटवारीसमेतबाट देखिन आउँछ । प्रतिवादी तुयुलाल महर्जनले हेमबहादुर पुनलाई विवादित लिखतमा उल्लेख भएको जग्गा जम्मा रु.२९,५०,०००।– मा बिक्री गरेको मिसिल सामेल रहेको विवादित राजीनामाको लिखतको प्रतिलिपिबाट देखिन्छ । यसरी विवादित लिखतबाट बिक्री भएको जग्गाभन्दा बढी मूल्य पर्ने अरू घरजग्गासमेत प्रतिवादी तुयुलाल महर्जनका नाममा बाँकी नै रहेकोसमेत देखिँदा आधाभन्दा कम अचल सम्पत्ति बिक्री गरेको देखिने ।

राजीनामाको लिखत हुँदा अंशियारलाई

जानकारी नदिएको र साक्षी पनि नराखेको भन्ने पुनरावेदन जिकिरतर्फ विचार गर्दा, विवादित राजीनामाको लिखतमा प्रतिवादी तुयुलाल महर्जनले छोरा प्रतिवादी सुमन महर्जनसमेतलाई दाबीको राजीनामाको लिखतमा साक्षी राखेको देखिन्छ । उक्त लिखतका साक्षी प्रतिवादी सुमन महर्जनले बुबाले झुक्याएर लिखतमा साक्षी राखेको भने पनि करकाप वा झुक्यानमा पारी लिखतमा सही गराएको भनी कानूनले तोकेको समयभित्र उक्त विषयमा कानूनी चुनौती दिई उक्त लिखत बदर गराएको देखिएन । निज सुमन महर्जनले लिखतमा भएको सहीछाप आफ्नो होइन भनी जिकिर लिन नसकेको अवस्थामा निजलाई ढाँटी झुक्याई उक्त राजीनामा लिखतमा सही गराएको भन्ने दाबी प्रमाणबाट समर्थित भएकोसमेत देखिएन । मिति २०७१।१२।१२ गतेका दिन दाबीको जग्गा प्रतिवादी तुयुलाल महर्जनले प्रतिवादी हेमबहादुर पुनलाई जम्मा रु.२९,५०,०००।– मा बिक्री गरी सहकारीबाट लिएको आठ लाख ऋण तिरेको र फिरादीमध्येकी छोरी नीता महर्जनलाई जापानमा पढ्न पठाउनको लागि रु.१२,००,०००।-, सानुमाया महर्जनलाई खर्चबापत भनी रु.४,५०,०००।– दिएको र छोरा सुजन महर्जनलाई रु.१,६०,०००।– को स्कुटर किनिदिएको भनी तुयुलाल महर्जनले सुरू अदालतमा प्रतिउत्तर दिँदा उल्लेख गरेको देखिन्छ । पुनरावेदक वादी निता महर्जन जापान गएको र जापानमा रहेकोमा विवाद छैन । यदि घरमूली बुबाले जापान जाने रकम व्यवस्था गरको होइन आफैँ अलग्गै स्रोतको व्यवस्था गरी जापान गएको पठाएको भन्ने वादीहरूको फिराद दाबी वा बहसका क्रममा विद्वान्हरूबाट सो कुराको खण्डन गर्न सकेको नदेखिएबाट छोरीलाई विदेश पठाउन जग्गा धितो राखी कर्जा लिएको भन्ने देखिएको र एकाघरका छोरालाई समेत साक्षी राखी जग्गा बिक्री गरी ऋण चुक्ता भुक्तानी गरेको भन्ने देखिन्छ । उक्त जग्गा बिक्रीबाट प्राप्त रकम आफूले समेत लिने तत्पश्चात् त्यही कारोबारको जानकारी नदिएको वा नपाएको भन्ने पुनरावेदक वादीहरूको जिकिर उचित मान्न नमिल्ने ।

पुनरावेदक वादीहरूले प्रत्यर्थी प्रतिवादीहरूबिच जग्गा बिक्री भएको मिति २०७१।१२।१२ र.नं. ४९१३ बाट मालपोत कार्यालय ललितपुरबाट पारित राजीनामाको लिखत बदर गर्न माग गरी मिति २०७३।०४।२६ मा ललितपुर जिल्ला अदालतमा फिराद दायर गरेको देखिन्छ । सो फिराद हदम्याद नघाई दिएको भनी सुरू अदालत तथा उच्च अदालतको फैसलामा समेत उल्लेख भएको देखिन्छ । पुनरावेदक वादीले भने जालसाजी भएकोमा हदम्याद आकर्षित नहुने भनी सर्वोच्च अदालतबाट स्थापित नजिरलाई उद्धृत गर्दै सो फैसलाहरू बदर हुन जिकिर लिएको देखिने ।

प्रस्तुत मुद्दामा जग्गा रजिस्ट्रेसन पारित गरिदिएको मिति २०७१।१२।१२ को लिखत बदर गर्न मिति २०७३।०४।२६ मा अर्थात् करिब दुई वर्षपछि मुलुकी ऐन लेनदेन व्यवहारको १० नं बमोजिमको हदम्याद नघाई फिराद दिएको देखिएको र माथि विवेचना भएबमोजिम लिखतमा एकासगोलका छोरा सुमन महर्जनलाई साक्षी राखेको देखिएको साथै विवादित लिखतबाट घरमूली रहेका प्रत्यर्थी प्रतिवादी तुयुलाल महर्जनले बिक्री गरेको सम्पत्तिभन्दा बढी नै मूल्य पर्ने सम्पत्ति बाँकी रहेको देखिएकाले आधाभन्दा कम सम्पत्ति बिक्री गर्दा ऐनले आफूखुश गर्न पाउने अरूको मन्जुरी लिन नपर्ने कानूनी व्यवस्था भएकोले उक्त लिखतलाई अन्यथा भन्न नमिल्ने ।

पुनरावेदक वादी दाबीको जग्गा प्रत्यर्थी प्रतिवादीले घर व्यवहारसमेत चलाउन सहकारी संस्थाबाट लिएको ऋण चुक्ता गर्ने र छोरीलाई विदेशमा पढाउनेलगायतका घर व्यवहार चलाउने प्रयोजनका लागि जग्गा बिक्री गरी रीतपूर्वक राजीनामाको लिखत

पारित गरी हक हस्तान्तरण गरेको देखिन आएको र राजीनामा पारित गरिदिएको उक्त लिखतबाट बिक्री गरेको जग्गाभन्दा बढी नै मूल्य पर्ने घर जग्गा बाँकी हुँदा यी पुनरावेदक वादीहरूको अंश हक हनन हुने अवस्थासमेत नदेखिएकाले कानूनबमोजिमको राजीनामा पारित भएको लिखतलाई जालसाजी ठहर गर्न मिल्ने नदेखिएकाले दाबीको लिखतमध्ये हाम्रो भागजति ४ भागको २ भाग राजीनामा लिखत जालसाजी घोषित गरिपाउँ भन्नेसमेत वादी दाबी नपुग्ने ठहर गरेको सुरू ललितपुर जिल्ला अदालतबाट भएको फैसला सदर हुने।

इजलास अधिकृत : टीकाबहादुर थापा

कम्प्युटर : अमिर रत्न महर्जन

इति संवत् २०८१ साल पौष २१ गते रोज १ शुभम्।

## इजलास नं.६

### ४०

**मा.न्या.श्री हरिप्रसाद फुयाल र मा.न्या.डा.श्री नहकुल सुवेदी**, *०७५-CR-१९०१, झुट्टा / नक्कली शैक्षिक योग्यताको प्रमाण पत्र पेस गरी भ्रष्टाचार गरेको, पवित्रा श्रेष्ठ वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले आफूले २०४७ साल भाद्र महिनामा भारतको शारदा सदन सँस्कृत माध्यमिक विद्यालय चैनपुर, पूर्वी चम्पारन (बिहार) बाट मध्यमाको परीक्षा दिई प्रमाणपत्र प्राप्त गरेको प्रमामाण पत्र सक्कली भएको, आफूले २०५६/१०/५ मा टाइपिस्ट नायब सुब्बा पदमा सेवा प्रवेश गर्दा त्रि. बि. बाट २०५५ सालमा पास गरेको आई.ए. को प्रमाणपत्र पेस गरेको भनी जिकिर लिएको देखिन्छ। निजले प्राप्त गरेको विवादित मध्यमा तहको प्रमाणपत्र प्रमाणीकरणको लागि सो प्रमाणपत्र जारी गर्ने निकाय बिहार संस्कृत शिक्षा बोर्ड पटना, भारतमा पत्राचार भएकोमा सो बोर्डबाट तह-मध्यमा परीक्षा, लब्धाङ्कपत्र सन् १९९१, क्रमाङ्क- १९३१२९४, नाम पवित्रा श्रेष्ठ, बाबुको नाम पन्ना काजी श्रेष्ठ र बोर्डद्वारा निर्गत नहीँ है भनी उल्लेख भएको देखिन्छ। पुनरावेदकले मेरो क्रमाङ्क १९३१२९४ नभई १९३/२९४ भएकोले पुनः परीक्षण गरी प्रमाण लगाइपाउँ भनी जिकिर गरेकोमा पुनः यस अदालतको मिति २०७८/९/१३ को आदेश अनुसार पुनः सत्यापनको लागि पठाइएकोमा नाम पवित्रा श्रेष्ठ कोड नं. १९३ क्रमाङ्क २९४ वर्ष १९९१ "बोर्ड कार्यालयद्वारा निर्गत नही है" भनी उल्लेख भएको बेहोरा उल्लेख भइआएको राष्ट्रिय परीक्षा बोर्डको च.नं. ४५ मिति २०७९/३/२८ को पत्रबाट देखिने।

पुनरावेदकले अनुसन्धानको क्रममा समेत प्रमाणीकरणको बेहोरा " बोर्डद्वारा निर्गत नही है" भन्ने बेहोरा स्वीकार गरेको र यस अदालतबाट सत्यापनको लागि पठाइएकोमा पनि सोही बेहोरा उल्लेख भइआएको देखिँदा विवादित प्रमाणपत्र सद्दे नै हो भन्न सक्ने देखिँदैन। निजले पुनरावेदन पत्रमा र निजतर्फका विद्वान् कानून व्यवसायीले बहसका क्रममा सेवा प्रवेश गर्दा त्रि.बि.बाट पास गरेको आइ.ए. को प्रमाणपत्र पेस गरी जागिर खाएको हो सो प्रमाणपत्र अन्यथा भन्न सकेको छैन भनी लिएको जिकिर लिएकोमा विवादित मध्यमा तहको प्रमाणपत्र पेस गरेको कुरालाई प्रतिवादीले अनुसन्धान एवं अदालतसमक्ष स्वीकारी बयान गरेको अवस्था रहेको सो प्रमाण पत्र झुट्टा देखिएपछि आई.ए. को त्रि.बि. बाट पास गरेको प्रमाणपत्र पेस गरी जागिर खाएको भनी जिकिर लिएको देखिन्छ। प्रस्तुत मुद्दामा टाइपिस्ट नायब सुब्बा परीक्षामा सामेल हुन चाहिने न्यूनतम आई.ए. सरहको शैक्षिक योग्यता सोही विवादित मध्यमा तहको शैक्षिक योग्यताका आधारमा लिएको होइन भनी प्रतिवादीले खण्डन गर्न सकेको अवस्था देखिँदैन। निजले इ.स. १९९१ सालमा विवादित मध्यमा तह पास गरेको र

वि.स. २०५५ सालमा आई.ए.पास गरेको देखिएबाट आई.ए. तहमा भर्ना हुने आधार विवादित इ.स. १९९१ सालमा पास गरेको भारतकै मध्यमाको प्रमाणपत्र हो भन्ने कुरा अवस्था परिस्थितिबाट स्पष्ट हुन आयो । तल्लो तहको मध्यमाको शैक्षिक योग्यताको प्रमाणपत्र नै नक्कली प्रमाणित भइरहेको अवस्थामा आइ.ए. को शैक्षिक योग्यता सक्कली भएकै आधारमा कसुरबाट उन्मुक्ति पाउने अवस्था नहुने र नक्कली प्रमाणपत्रको हैसियत अस्तित्वमा रहेसम्म नक्कली नै हुने भएकोले सेवा प्रवेश गर्दा आइ.ए.को सक्कली प्रमाण पत्र पेस गरेको भन्ने पुनरावेदन तथा पुनरावेदकतर्फका विद्वान् कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन सकिएन । साथै शैक्षिक प्रमाण पत्रजस्तो संवेदनशील अभिलेख राख्ने निकायलाई विद्यालय बन्द हुने, गाभिने, शिक्षा बोर्डको नाम परिवर्तन हुने, अभिलेखको समुचित व्यवस्थापन नहुनेजस्ता कारण रेकर्ड नभेटिएको हुन सक्ने भन्ने बहस जिकिरसँग समेत सहमत हुन नसकिने ।

यी प्रतिवादी पवित्रा श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुरमा ऐ. दफा १२ र २९(२) बमोजिम रु.५,०००।- (पाँच हजार रूपियाँ) जरिवाना हुने ठहऱ्याएको सुरू विशेष अदालत काठमाडौंको मिति २०७५/५/१० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत - विरेन्द्रप्रकाश खड्का

इति संवत् २०८० साल मङ्सिर २० गते रोज ४ शुभम् ।

## ४१

**मा.न्या.श्री हरिप्रसाद फुयाल र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७४-CI-०६३५, हक कायम, योगी मण्डल वि. चन्देश्वरप्रसाद साह*

वादी तथा प्रतिवादीको उल्लिखित जग्गाहरूको मूलस्रोत भनेको साबिक कि.नं. २२९ बाट कित्ता काट भई पूर्वतर्फ कि.नं.६०८ र पश्चिमतर्फ कि. नं. ६०७ कायम भएको त्यस्तै साबिक कि.न. २०४ कित्ता काट भई कि.नं. ६०९ र कि.नं. ६१० कायम भई पुनरावेदकको दाता लक्ष्मेश्वर साहको अंश भागमा परेको कि.नं. ६०७ र ६०९ जग्गा यी पुनरावेदकले मिति २०५९।९।२ मा र.नं. ४०६६ खरिद गरिलिएको तथा कि.नं. ६०८ र ६१० प्रत्यर्थी वादीको अंश भागमा परेको देखिन्छ । उल्लिखित जग्गाहरूको सम्बन्धमा नापी कार्यालय महोत्तरीबाट भइआएको सर्वे नक्सा ट्रेस हेर्दा कि.नं. ६०६ र ६०७ का जग्गा बाटोअगाडिको मोहडामा देखिएको र वादीको कि.नं. ६०८ का जग्गा उल्लखित कि.न. ६०६ र ६०७ भन्दा भित्र रहेको देखिन्छ। नक्सामा अगाडि मोहडामा देखिएको कि.न. ६०६ जग्गा अर्कै तेस्रो व्यक्तिको रहेको भन्ने देखिन्छ। यी वादीको कि.नं. ६०८ को जग्गामा जानकोनिमित्त प्रतिवादीको कि.नं. ६०७ मार्फत भएर जानुपर्ने र निजले जान नदिएको अवस्थामा घर घडेरी तथा खेतीपातीलगायत कुलो पैनी गर्नसमेत असहज हुने अवस्था देखिँदा कि.न. ६०८ को साँध सर्पन पर्न गएकोले हकसफा गरी निखनाइपाउनेनै देखिने।

सुरू महोत्तरी जिल्ला अदालतबाट वादीले प्रतिवादीबाट कि.नं. ६०७ को जग्गा निखनाई पाउने र कि.नं. ६०९ मा फिराद दाबी नपुग्ने ठहर गरेको सुरू फैसला सदर गरेको साबिक पुनरावेदन अदालत जनकपुरको मिति २०७३।२।१० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : बासुदेव पाण्डे

कम्प्युटर :- रामशरण तिमल्सिना

इति संवत् २०८० साल मङ्सिर २५ गते रोज २ शुभम्।

## ४२

**मा.न्या.श्री हरिप्रसाद फुयाल र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७३-CI-१७४६, बाली बिगो, रामगोपाल चमारसमेत वि. तुलसीराम चमार*

प्रस्तुत मुद्दा यी दुई वादी प्रतिवादीबिचको

अंश मुद्दाको जरियाबाट सुरूवात भएको पाइन्छ । यी दुवै पक्ष एकासगोलको अंशियार रही मिति २०६४ सालमा अंश मुद्दा चली मिति २०६५ सालमा वादी दाबीबमोजिम २ (दुई) भागको १(एक) भाग अंश पाउने ठहर गरी फैसला अन्तिम भएको देखिन्छ । उल्लिखित अंश मुद्दाको चलनको लागि मिति २०७०।४।१२ मा निवेदन परेको देखिन्छ । यी वादी प्रतिवादीबिच अंश मुद्दा अनुसार वादीको भागमा परेको उल्लिखित जग्गा यी पुनरावेदक प्रतिवादीले नै जोत कमोद गरेको बेहोरामा प्रतिवादीले अन्यथा भन्न सकेको अवस्था देखिँदैन । यी प्रत्यर्थी वादीको अंश हक स्थापित भई स्वामित्व कायम भएको जग्गामा आयस्ता नपाउने भन्ने अवस्था रहँदैन । मुलुकी ऐन, जग्गा मिच्नेको १० नं.मा "बाली रोक्का भएमा मुद्दा छिनिएपछि हक पुग्नेलाई फिर्ता दिनुपर्ने" भन्ने व्यवस्था गरेको पाइन्छ । उक्त व्यवस्थाले मुद्दा अन्तिम भई बन्डा नछुटिएसम्मको वाली रोक्का राखी हक पुग्नेलाई दिलाइदिनुपर्ने भन्ने रहेको देखिन्छ । यसरी आफ्नो कानूनबमोजिमको अंश हक हिस्सा स्थापित भएको जग्गाको बाली बिगो रोक्का नराखेको अवस्थामा जग्गाको बाली नपाउने भन्ने अवस्था नहुँदा साबिक बाँके जिल्ला अदालतबाट फिराद दाबी पुग्ने ठहर गरेको सुरू फैसला सदर गरेको साबिक पुनरावेदन अदालत नेपालगन्जको फैसला प्रचलित कानून र प्रमाणसम्मत देखिने ।

सुरू बाँके जिल्ला अदालतको फैसला सदर गरेको साबिक पुनरावेदन अदालत बाँकेको मिति २०७२।१०।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : बासुदेव पाण्डे

इति संवत् २०८० साल मङ्सिर २५ गते रोज २ शुभम् ।

**४३**

**मा.न्या.श्री हरिप्रसाद फुयाल र मा.न्या.श्री विनोद शर्मा,** *०८०-WH-०१५२, बन्दीप्रत्यक्षीकरण, राव पाण्डुरंग मरगले वि. उच्च अदालत पाटनसमेत*

निवेदक प्रतिवादीले आफ्नो रिट निवेदनमा आफू नेपालमा विगत लामो समयदेखि स्थायी रूपमा बसोबास गर्दैआएको र पशुपति सुनचाँदी खार्ने पसल (व्यवसाय) दर्ता गरी नेपाल सरकारलाई करसमेत तिर्दैआएको भनी निवेदन दाबी लिएको देखिन्छ भने आफ्नो स्थायी बसोबास नेपालमा रहेको भनी पुष्टि गर्ने विभिन्न कागजात पेस गरिएको देखिन्छ । अब उक्त मिसिल संलग्न कागजात के कस्तो रहेछ भनी हेर्नुपर्ने देखियो । मिसिल संलग्न भारतीय राजदूतावासबाट सन् २००८।७।४ मा जारी भएको Certificate of Registration as Indian National हेर्दा यी निवेदक भारतीय राजदूतावासमा नेपालमा रहेको इन्डियन नागरिक भनी दर्ता भएको देखिएको तर उक्त प्रमाणपत्रमा निजको बसोबासको ठेगाना खुलेको देखिँदैन । निवेदकले मिति २०८०।७।१४ मा काठमाडौं महानगरपालिकाबाट अस्थायी बसोबासको सिफारिस लिएको देखिन्छ । तर उक्त सिफारिस निजउपर काठमाडौं जिल्ला अदालतमा मिति २०८०।३।२७ मा मुद्दा दायर भएपश्चात्को मिति २०८०।७।१४ मा तयार भएको देखिन्छ । अर्थात् प्रस्तुत रिट निवेदनको प्रयोजनको लागि तयार गरेको भन्ने देखिन्छ । सो देखिनाले उक्त सिफारिस पत्रमा उल्लेख गरेबमोजिमको यी निवेदक काठमाडौं महानगरपालिकाको वडा नं. २२ मा बसोबास गर्दैआएका हुन् भनी शंकारहित तवरबाट भन्न सकिने अवस्था देखिएन । निजले यी बाहेक अन्य कागजातहरू जस्तै काठमाडौं महानगरपालिकालाई तिरेको घरबहाल करको रसिद, कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र, पशुपति सुनचाँदी पसलको नाममा जारी भएको व्यवसाय दर्ता प्रमाण पत्र र विभिन्न खरिद भरपाईहरू पेस गरेको देखिन्छ । उक्त कागजातहरूमध्ये कुनै पनि कागजात यी निवेदकको नाममा जारी भएको देखिँदैन । बहसको क्रममा यी

निवेदक निजको दाजुको पशुपति सुनचाँदी पसलमा काम गर्दैआएको भनी जिकिर लिएको भए तापनि यी निवेदक उक्त पसलमा कार्यरत रहेको भनी पुष्टि गर्ने कुनै पनि कागजात मिसिल संलग्न रहेको पाइएन। मिसिल संलग्न निवेदकले पेस गरिएका कागजातहरूबाट यी निवेदकको नेपालमा स्थायी बसोबास रहेको भनी स्थापित हुन नसक्ने।

निवेदकले आफ्नो रिट निवेदनमा उल्लेख गरेको ०७८-WH-००९७ र ०७८-WH-००९६ मा भएको अवस्था प्रस्तुत निवेदनको सन्दर्भमा विद्यमान छैन । उक्त निवेदनहरूमा निवेदक लामो समयदेखि नेपालमा बसोबास गरी व्यापार व्यवसाय सञ्चालन गर्दैआएको भनी पुष्टि गर्ने यथेष्ट कागज प्रमाणहरू पेस भएको देखिन्छ भने प्रस्तुत निवेदनको सन्दर्भमा त्यस्तो कुनै कागज प्रमाण निवेदकले पेस गर्न सकेको देखिँदैन । प्रस्तुत निवेदनमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ को उपदफा (२) को खण्ड (ख) बमोजिमको "अभियुक्तको नेपालमा स्थायी बसोबास नभएको र निजलाई थुनामा नराखेको खण्डमा निज भाग्ने र पछि पक्राउ पर्ने सम्भावना नरहेको" अवस्था विद्यमान रहेको देखिन्छ भने उक्त पेस भएका निवेदनहरूमा निवेदकको घर, व्यवसाय तथा परिवार नेपालमा नै रही व्यवसाय सञ्चालन गर्दै आइरहेको अवस्था देखिन्छ। निवेदक साहेव राव पाण्डुरङ मरगलेको हकमा निजउपर काठमाडौं जिल्ला अदालतमा दायर भएको आपराधिक विश्वासघात र सङ्गठित अपराध मुद्दामा (०७९-C१-३१४२) थुनछेक प्रयोजनको लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ को उपदफा (२) को खण्ड (ख) को अवस्था विद्यमान रहेबाट निजलाई मुद्दा पुर्पक्षको निम्ति थुनामा राखी मुद्दा पुर्पक्ष गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०८०।६।१८ मा भएको आदेश निवेदकको जिकिरबमोजिमको गैरकानूनी भएको नदेखिँदा अदालतको आदेशबमोजिम कानूनको रीत पुऱ्याई यी रिट निवेदकलाई मुद्दा पुर्पक्षको लागि राखिएको थुना गैरकानूनी नदेखिने।

रिट निवेदकले निवेदनमा दाबी गरेबमोजिम निजको नेपालमा स्थायी बसोबास रही सुनचाँदी खार्ने व्यवसाय सञ्चालन गर्दैआएको भन्ने मिसिल संलग्न कागजातबाट नदेखिएको अवस्थामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ ले थुनछेक प्रयोजनको लागि अभियुक्तलाई थुनामा राख्ने सम्बन्धमा गरेको व्यवस्थाबमोजिम सोही दफाको उपदफा (२) को खण्ड (ख) को अवस्था विद्यमान रहेबाट निजलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु भनी उच्च अदालत पाटनबाट मिति २०८०।६।१८ मा भएको आदेश निवेदन जिकिरबमोजिमको गैरकानूनी नदेखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत – सुमेधा खनाल

कम्प्युटर : रामशरण तिमल्सिना

इति संवत् २०८० साल मङ्सिर २० गते रोज ४ शुभम्।

## ४४

**मा.न्या.श्री हरिप्रसाद फुयाल र मा.न्या.श्री सुनिलकुमार पोखरेल,** *०७८-CR-०१२९, जबरजस्ती करणी, नेपाल सरकार वि. अबिन परियार*

पीडित नाम परिवर्तित ३५ भरतपुर (३२) ०७६।०७७ ले जाहेरीमा मिति २०७६।०७।३० गते राति अं.१०:०० बजेको समयमा चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं. १० स्थित साझा पेट्रोल पम्पमा आइपुगी गाडीबाट झरेपछि एक जना रक्सी खाएको मानिस आई मलाई समात्न खोजेपछि हारगुहार गरी भाग्न खोज्दा रातो रङको ७६१९ नं. को अटो रिक्सा हाँकी आएका अबिन परियारले तिमी कहाँ पुग्ने हो ? रातको समय खराब हुन्छ भने। मैले गैँडाकोट

मामाघर जाने भनेपछि म निजको उक्त अटो रिक्सामा बसी जाने क्रममा निजले मलाई गैँडाकोट नलगी भरतपुर महानगरपालिका वडा नं. १२ स्थित जङ्गल झाडीमा लगी मेरो इच्छा विपरीत मुखमा रुमाल कोची, हात बाँधी, भुइँमा लडाई मलाई जबरजस्ती करणी गरेको भनी उल्लेख गरेको देखिन्छ भने अदालतमा उपस्थित भई बकपत्र गर्दा, बकपत्रको स.ज.८ मा मेरो मामाघर लगिदिनु भनी भन्दा मलाई यी प्रतिवादीले झाडीमा लगेर मुखमा रुमाल कोची जबरजस्ती करणी गरेका हुन् भनी उल्लेख गरेको देखिन्छ । त्यसै गरी स.ज. ७ मा मेरो मुखमा यी प्रतिवादीले रुमाल कोचिदिएको हुँदा चिच्याउने कराउने गर्न सकिन । भाग्ने उम्कने प्रयास गरी उम्केको हो भनी उल्लेख गरेको देखिन्छ । बकपत्रको स.ज. १४ मा पीडितले यी प्रतिवादीले मलाई जबरजस्ती करणी गर्न खोज्दा मैले हार गुहार गरिनँ । खुट्टाले निज प्रतिवादीलाई धकेलिदिएर भाग्न सफल भएको हो भन्ने बेहोरा उल्लेख गरेको पाइन्छ । यसरी पीडितले जाहेरीमा प्रतिवादीले आफूलाई मुखमा रुमाल कोची जबरजस्ती करणी गरेको भनी उल्लेख गरे पनि अदालतमा उपस्थित भई बकपत्र गर्दा भने निज प्रतिवादीले जबरजस्ती करणी गर्न खोज्दा प्रतिवादीलाई धकेलिदिएर आफू भाग्न सफल भएको भनी उल्लेख गरेबाट करणीको कार्य नै सम्पन्न भएको कुरामा जाहेरवालाको भनाइ परस्पर विरोधाभाषपूर्ण रहेको देखिन्छ । फौजदारी मुद्दामा प्रमाण ग्रहण हुन् त्यस्ता प्रमाणहरू विरोधाभाषमुक्त हुनुपर्छ । अन्यथा त्यस्तो प्रमाण प्रतिवादीलाई कसुरदार ठहर गर्ने आधार बन्न नसक्ने ।

मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ मा, "(१) कसैले जबरजस्ती करणी गर्न हुँदैन उपदफा (२) ले कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा मन्जुरी लिएर भए पनि अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जबरजस्ती करणी गरेको मानिने छ ।उपदफा (३) को खण्ड (ङ) मा अठार वर्ष वा अठार वर्षभन्दा बढी उमेरकी महिला भए सात वर्षदेखि दश वर्षसम्म कैद" हुने भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । त्यसै गरी मुलुकी अपराध संहिता, २०७४ को दफा ३४ को उपदफा (३) मा, "यस संहितामा अन्यथा व्यवस्था भएकोमा बाहेक कसुर गर्न उद्योग गर्ने वा गराउने व्यक्तिलाई त्यस्तो कसुरको लागि तोकिएको सजायको आधा सजाय हुने छ भन्ने कानूनी प्रावधान रहेको देखिन्छ । प्रतिवादी अबिन परियारले पीडित नाम परिवर्तित ३५ भरतपुर (३२) ०७६।०७७ लाई जबरजस्ती करणी नगरी जबरजस्ती करणीको उद्योग गरेको भन्ने तथ्य पुष्टि भइरहेको अवस्थामा सुरू चितवन जिल्ला अदालतले मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१), (२) र (३) को खण्ड (ङ) बमोजिम जबरजस्ती करणीको कसुरमा प्रतिवादीलाई ८ (आठ) वर्ष कैद र रु.५०,०००।– (पचास हजार) क्षतिपूर्ति भराइदिने फैसला गरेकोमा उच्च अदालत पाटन, हेटौंडा इजलासबाट जबरजस्ती करणीको उद्योगको कसुरमा ऐ. संहिताको दफा ३४ को उपदफा ३ अनुसार आधा सजाय ४ (चार वर्ष) कैद र रु.५०,०००।– क्षतिपूर्ति भराइदिने र प्रतिवादीबाट अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ उपदफा १ बमोजिम रु.८००।– अपराध पीडित राहत कोषमा जम्मा गर्ने गरी भएको फैसला मिलेकै देखिने ।

प्रतिवादी अबिन परियारले पीडित नाम परिवर्तित ३५ भरतपुर (३२) ०७६।०७७ लाई जबरजस्ती करणीको उद्योग गरेको भन्ने तथ्य स्थापित भएको अवस्थामा प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (३) को खण्ड (ङ) बमोजिम जबरजस्ती करणीको कसुर गरेको भनी सुरू चितवन जिल्ला अदालतबाट मिति २०७७।६।७ मा भएको फैसला केही उल्टी भई उच्च

अदालत पाटन, हेटौंडा इजलासबाट प्रतिवादीलाई जबरजस्ती करणीको उद्योग ठहर गरी ४ (चार वर्ष) कैद र रु.५०,०००।– (पचास हजार) क्षतिपूर्ति भराइदिने साथै रु.८००।– (आठ सय) अपराध पीडित राहत कोषमा जम्मा हुने गरी भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत - मेजुमी गुरुङ

कम्प्युटर : शंकर गुरुङ

इति संवत् २०८१ साल जेष्ठ १८ गते रोज ६ शुभम्।

## इजलास नं. ८

### ४५

**मा.न्या.डा.श्री कुमार चुडाल र मा.न्या.श्री अब्दुल अजीज मुसलमान,** *०७५-CI-०९५६, निषेधाज्ञा, सियाराम सिंहमैत यादव वि. सत्यनारायण बहरखेर यादवसमेत*

जिल्ला सप्तरी गोइठी गा.वि.स. वडा नं. ७ मौजे पिपराहीको गाउँ ब्लक नं. १७६ को सा.कि. नं ८८२ को ज.वि.०-०-१०१/२ जग्गा निवेदक सियाराम सिंहमैत यादवको हकभोगमा रहेकोमा उक्त गाउँ प्लटमा नापी नक्सा आउने भएकाले विपक्षीहरूले यी निवेदकको हक भोगको जग्गामा आफ्नो स्वामित्व स्थापित गर्ने उदेश्यका साथ घर निर्माण सामाग्री थुपारेकाले निजहरूको नाममा निषेधाज्ञाको आदेश माग भएकोमा निज निवेदक वादी भई नथुनी यादवसमेत प्रस्तुत मुद्दाका प्रतिवादीहरूलाई समेत प्रतिवादी बनाई सप्तरी जिल्ला अदालतमा दायर गरेको ०७३-CP-१२८२ को घर उठाइ खिचोला मेटाइ चलन मुद्दामा पनि उल्लिखित जग्गामा निज प्रतिवादीहरूले घर निर्माण गर्ने सामाग्री राखी खिचोला गरेको भन्ने विषय समाहित रहेकोले उच्च अदालत जनकपुर, राजविराज इजलासबाट फैसला हुँदा प्रस्तुत मुद्दाको विवादको निरूपण उल्लिखित जग्गा खिचोला मुद्दाबाट नै हुने देखिएकाले प्रस्तुत मुद्दाको तथ्यभित्र प्रवेश नगरी प्रस्तुत निवेदन खारेज हुने गरी फैसला गरेको देखिने।

निवेदकले एकै विषयलाई लिएर साधारण क्षेत्राधिकारमार्फत जिल्ला अदालत प्रवेश गर्नुका साथै नागरिक अधिकार ऐन, २०१२ अन्तर्गतको क्षेत्राधिकारमार्फत उच्च अदालतमा समेत प्रवेश गरेको देखिने।

निवेदकको माग दाबीबमोजिमको विवादमा सामान्य क्षेत्राधिकारबाट जिल्ला अदालतले सो विवादको निराकरण गर्ने र सोमा यी निवेदकलाई चित्त नबुझेमा निजको पुनरावेदकीय अधिकारसमेत सुरक्षित नै रहेको हुँदा प्रस्तुत निवेदनबाट विवादको तथ्यमा प्रवेश गरी न्याय निरूपण गर्नुपर्ने सम्मको स्थिति देखिँदैन। यस अवस्थामा प्रस्तुत विवादको निराकरण यी निवेदक र प्रतिवादीहरू बिचको जग्गा खिचोला मुद्दाबाट हुने नै हुँदा निवेदन खारेज हुने ठहर गरी उच्च अदालत जनकपुर, राजविराज इजलासबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने देखिएन्। मागबमोजिम तथ्यभित्र प्रवेश गरी न्याय निरूपण हुनुपर्ने भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

निवेदकको जग्गामा घर बनाउने, बनाउन लगाउनेलगायतका गैरकानूनी कार्य नगर्नु नगराउनु भनी विपक्षीहरूको नाममा निषेधाज्ञाको आदेश जारी गरिपाउँ भन्ने निवेदकको रिट निवेदन खारेज हुने ठहरी उच्च अदालत जनकपुर, राजविराज इजलासबाट मिति २०७५।०२।२७ मा भएको फैसला कानूनसम्मत नै देखिँदा सदर हुने।

इजलास अधिकृत : सलिना चापागाई पौडेल

इति संवत् २०८१ साल आश्विन ८ गते रोज ३ शुभम्।

### ४६

**मा.न्या.डा.श्री कुमार चुडाल र मा.न्या.श्री अब्दुल अजीज मुसलमान,** *०८१-WH- ००९०,*

*बन्दीप्रत्यक्षीकरण, सरिता चौलागाई वि. श्री उच्च अदालत पाटन, ललितपुरसमेत*

रिट निवेदकका पति राजु चौलागाईलाई बैंकिङ कसुर मुद्दामा मिति २०७६।०२।२१ को फैसलाले ठहरेबमोजिमको तिर्नु बुझाउनुपर्ने जम्मा रु. १०,२०,०००।– (दश लाख रूपियाँ) जरिवाना र क्षतिपूर्तिबापत यी रिट निवेदकले धरौट जमानतबापत राखेको धिरेन्द्र घर्ती मगरको नाम दर्ता स्रेस्ता रहेको सिन्धुपाल्चोक जिल्ला साबिक बतासे गा.वि.स. वडा नं. ७ हाल चौतारा साँगा चोकगढी नगरपालिका वडा नं. ३ स्थित कि.नं. १३६१ को क्षे.फ. ०-१५-०-० जग्गाको मिति २०८०।०३।०८ को तायदात मुचुल्का र मिति २०८०।०३।२५ मा प्रतिरोपनी रु ३५,०००।– (पैँतिस हजार रूपियाँ) प्रतिरोपनी कायम हुने गरी पञ्चकिर्ते मूल्याङ्कन भएको देखिन्छ। सोही आधारमा मिति २०८०।०५।२५ को लिलामी तारिख तोकिएकोमा लिलाम सकार गर्न कोही नआएकोले रु.३५,०००।– प्रतिरोपनी मूल्य कायम गरी उक्त जग्गा नेपाल सरकारको नाममा रहने गरी सम्बन्धित मालपोत कार्यालयलाई लेखिपठाउनु भनी मिति २०८०।०७।१५ मा आदेश भएको देखिन्छ। सो जग्गाको लिलामीबाट खामेको रकमबाहेकको बाँकी रहेको जरिवाना क्षतिपूर्तिबापत कानूनबमोजिम नै कैदमा राखेको भन्ने पुष्टि हुन आएको देखिन्छ। मुलुकी फौजदारी कार्यविधि नियमावली,२०७५ को नियम ८४ मा नै लिलाम गर्न सक्ने सम्बन्धमा पञ्चकिर्ते मूल्याङ्कन गराउन पाउने भनी कानूनी व्यवस्था भएकोले पछि गराएको पञ्चकिर्ते मूल्याङ्कनले मान्यता नपाउने भन्न मिल्ने देखिँदैन । । कानूनबमोजिम गरिएको विपक्षीहरूको उक्त काम कारबाहीबाट यी रिट निवेदकको मौलिक हक र कानूनी अधिकार हनन भएको भनी निर्विवाद रूपमा पुष्टि गर्न नसकी केवल आशंका र अनुमानका आधारमा दायर हुन आएको प्रस्तुत रिट निवेदनबाट निवेदकलाई उपचार प्रदान गर्न सकिने अवस्थाको विद्यमानता रहेको नदेखिँदा रिट निवेदकको निवेदन मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने देखिन आएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

निवेदन मागबमोजिमको आदेश जारी गरी हुनुपर्ने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत :- गिता तिमल्सिना

कम्प्युटर :- संदिप अवाल

इति संवत् २०८१ साल कात्तिक २७ गते रोज ३ शुभम्।

**४७**

**मा.न्या.डा.श्री कुमार चुडाल र मा.न्या.श्री अब्दुल अजीज मुसलमान,** *०८१-WH-००७८, बन्दीप्रत्यक्षीकरण, भुपेन्द्र गोराजु वि. श्री उच्च अदालत पाटन, ललितपुरसमेत*

वादी कृष्णगोपाल राजलवटको जाहेरीले नेपाल सरकार र प्रतिवादी भुपेन्द्र गोराजु भएको मुद्दा नं.०७५-CB-०३१८ को बैंकिङ कसुर मुद्दामा यी रिट निवेदक प्रतिवादी भुपेन्द्र गोराजुलाई ०।२।० (दुई महिना) कैद र रु.५०,००,०००।- (पचास लाख रूपियाँ) जरिवाना र जाहेरवालाले बिगो रु.५०,००,०००।- (पचास लाख रूपियाँ) भरिपाउने ठहरी उच्च अदालत पाटनबाट मिति २०७५।१२।२४ मा फैसला भएको देखिन्छ। सोही फैसलाले ठहरेबमोजिमको कैद र जरिवानाबापत यी रिट निवेदक थुनामा रहेको भन्ने विषयमा विवाद रहेको देखिँदैन । यी रिट निवेदकबाट जाहेरवालाले भरिपाउने बिगोबापतको रकम दाखिल नगरी बसेको र सोही बिगोबापत थप दुई वर्ष कैदमा राखिपाउँ भनी जाहेरवाला विपक्षी कृष्णगोपाल राजलवटको तर्फबाट भक्तपुर जिल्ला अदालतमा निवेदन दायर भएको देखिन्छ। निवेदन मागबमोजिम मिति २०७९।०३।१० मा आदेश भई सोही आदेशबमोजिम बिगोबापत थुनामा

राख्ने गरी र.नं. ११२ मिति २०८१।०५।०५ बाट रु.९२,६३६।- सिधाखर्च दाखिल गरी च.नं. १५० मिति २०८१।०५।०६ को पत्रबाट यी रिट निवेदकको नाममा कैदी पुर्जी जारी भई निज कारागार कार्यालय भिमफेदी मकवानपुरमा कैद भुक्तान गरिरहेको हो भनी विपक्षी कृष्णगोपाल राजलवट, भक्तपुर जिल्ला अदालत, भिमफेदी कारागार कार्यालय मकवानपुर तथा उच्च अदालत पाटनको तर्फबाट लिखित जवाफ पेस भएको देखिन्छ । सोही बैंकिङ कसुर मुद्दाको फैसला कार्यान्वयन भइरहेको अवस्थामा यी रिट निवेदकले यसै रिट निवेदनको निवेदन मागदाबीबमोजिमको बेहोरा खुलाइ मिति २०७९।०३।१० को भक्तपुर जिल्ला अदालतको आदेश र सोही आदेशबमोजिमको थुनामा राख्ने गरी भएको कार्य बदर गरिपाउँ भनि ०७९-WO-०५३५ को रिट निवेदन यस अदालतसमक्ष दायर गरी विचाराधीन रहेको देखिन्छ । प्रस्तुत रिट निवेदनको सम्बन्धमा सोही रिट निवेदन अन्तिम हुदाँको अवस्थामा सम्बोधन हुने नै देखिँदा हाल यी रिट निवेदकको निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्ने अवस्थाको विद्यमानता रहेको देखिन आएन । निवेदन मागबमोजिम आदेश जारी हुनुपर्ने भन्ने निवेदकको जिकिर एवं निजको तर्फबाट उपस्थित हुनुभएका विद्वान् कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन सकिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत :- गिता तिमल्सिना

कम्प्युटर :- संदिप अवाल

इति संवत् २०८१ साल कात्तिक २७ गते रोज ३ शुभम् ।

### ४८

**मा.न्या.डा.श्री कुमार चुडाल र मा.न्या.श्री अब्दुल अजीज मुसलमान,** *०७६-RC-०११८, ०७६-CR-०६८०, ०७६-CR-१४६३, ०७६-CR-१४६४, अपहरण गरी कर्तव्य ज्यान, नेपाल सरकार वि. सुभान अली साई/घनश्याम चमार, नेपाल सरकार वि. सत्तार अली साई, शैयद दर्जी वि. नेपाल सरकार, रहिस नाउ वि. नेपाल सरकार*

प्रतिवादी घनश्याम चमारको हकमा पेस भएको साधकतर्फ विचार गर्दा, यी प्रतिवादीउपर किटानी जाहेरी परेको तथा निजले अनुसन्धान अधिकारी तथा अदालतसमक्षको बयानमा आरोपित कसुरमा साबिती बयान गरेको देखिएको साथै जाहेरवाला तथा मृतकका आमा र दिदी तथा मौकामा कागज गर्ने व्यक्तिहरूले निज प्रतिवादीउपर गढाउ गरी बकपत्र गरेको अवस्था रहेको छ । साथै निज प्रतिवादी घनश्याम चमारको कोठाको दराजमुनि लुकाइराखेको अवस्थामा बन्चरो र हँसिया १-१ थान बरामद हुनुका साथै रगतजस्तो पदार्थ लागेको निजको ज्याकेटसमेत बरामद भएको भन्ने बरामदी मुचुल्का देखिएबाट निजले अधिकार प्राप्त अधिकारसमक्ष वारदातको समयमा मैले लगाएको ज्याकेटमा समेत हल्का रगत लागेको थियो भनी गरेको बयानसमेत समर्थनसमेत हुन आएको देखिन्छ । यसरी यी प्रतिवादीउपर किटानी जाहेरी परेको, निजले अनुसन्धान अधिकारी तथा अदालतसमक्ष आरोपित कसुरमा साबिती रही बयान गरेको, यी प्रतिवादी र जाहेरवालाको झै-झगडा परी एकआपसबिच रिसइवी रहेको भन्ने बेहोरा प्रतिवादीहरूको बयान तथा जाहेरवाला र मौकामा कागज गर्ने व्यक्तिहरूको बकपत्र, बरामदित टिसर्टमा मानव रगत लागेको प्रयोगशाला जाँच प्रतिवेदनसमेतका प्रमाणहरूबाट यी प्रतिवादीले नै जाहेरवालाको छोरालाई मारेको भनी पुष्टि हुन आएकोले उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

प्रतिवादी सत्तार अली साईलाई सफाइ दिएउपर वादी नेपाल सरकारको पुनरावेदन परेतर्फ विचार गर्दा, यी प्रतिवादी मौकामा तथा अदालतसमक्षको बयान गर्दा मिति २०७२।१०।२४ गतेका दिन निज

कृष्णप्रसाद पौडेलको घर ढलानको काम भएकोले बिहानैदेखि उक्त काममा रहेको भनी आरोपित कसुरमा इन्कारी रही बयान गरेको र सो बेहोरालाई समर्थन हुने गरी निजका साक्षी कृष्णप्रसाद पौडेलले अदालतसमक्ष उपस्थित भई बकपत्रसमेत गरेको देखिन्छ । प्रस्तुत मुद्दाका अन्य प्रतिवादीहरूले समेत यी प्रतिवादीको उक्त वारदातमा संलग्नता रहेको भनी पोल गरी बयान गरेकोसमेत देखिँदैन । यसरी यी प्रतिवादीले इन्कारी बयान गरेको तथा अन्य वस्तुनिष्ठ ठोस प्रमाणबाट यी प्रतिवादीको उक्त वारदातमा संलग्नता रहेको भनी पुष्टि हुन नसकेको अवस्थामा निजले अभियोग दाबीबाट सफाइ पाउने गरी भएको फैसला निजको हकमा मिलेकै देखिने ।

पुनरावेदक शैयद दर्जीको हकमा विचार गर्दा, यी प्रतिवादीले अनुसन्धान अधिकारीसमक्षको बयानमा प्रतिवादी घनश्याम चमार र जाहेरवाला रामशङ्कर थारुको बिचमा दुश्मनी भएको कारण निजको छोरालाई अपहरण गरी मारेका हौँ भनी आरोपित कसुरमा साबिती बयान गरेको भए तापनि अदालतसमक्षको बयानमा निज इन्कार रही बयान गरेको देखिन्छ । प्रतिवादी घनश्याम चमारले अनुसन्धान अधिकारीसमक्षको बयानमा यी प्रतिवादी शैयद दर्जीसमेतको संलग्नता रहेको भनी पोल गरेको देखिएको तर अदालतसमक्षको बयानमा निज प्रतिवादी घनश्याम चमारले यी प्रतिवादीको उक्त वारदातमा संलग्नता नरहेको भनी बयान गरेको देखिन्छ । जाहेरवालाले यी प्रतिवादीउपर कुनै रिसइवी रहेको भनी उल्लेख नगरेको साथै मौकामा बुझिएका व्यक्तिहरूले समेत यी प्रतिवादी विरुद्ध बकपत्र गरेको नदेखिएको आधारमा समेत यी प्रतिवादी शैयद दर्जी उक्त वारदातमा कसुरदार रहेको भन्ने देखिन आएन । यी प्रतिवादीउपर जाहेरवालाले किटानी जाहेरी दिएको भए तापनि निजउपरको उक्त आरोप अन्य वस्तुनिष्ठ स्वतन्त्र ठोस प्रमाणबाट प्रमाणित हुन सकेको देखिँदैन । यसरी यी प्रतिवादीको उक्त वारदातमा संलग्नता रहेको अवस्था रहेको नदेखिँदा यी प्रतिवादी शैयद दर्जीलाई अभियोग दाबीबमोजिम सजाय गर्ने गरी भएको उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासको फैसला सो हदसम्म मिलेको नदेखिने ।

अर्का पुनरावेदक प्रतिवादी रहिस नाउको हकमा हेर्दा, निज प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष उक्त आरोपित कसुरमा साबिती बयान गरे तापनि अदालतसमक्ष भने इन्कारी बयान गरेको देखिन्छ । यी प्रतिवादीले भे १ प ५४६७ नं. को मोटरसाइकल मृतक आकाश थारुको घरमा ल्याई निज मृतकलाई उक्त मोटरसाइकलमा राखी लगेको भन्ने बेहोराको बयान प्रतिवादीहरू शैयद दर्जी र घनश्याम चमार तथा यी प्रतिवादी स्वयंले अनुसन्धान अधिकारीसमक्ष बयानको क्रममा लेखाएको भए तापनि अदालतसमक्षको बयानमा उक्त तथ्य कोही कसैले पनि खुलाएको देखिँदैन । साथै प्रतिवादीको सनाखत गरिदिने सुशिल चौधरीले उक्त मोटरसाइकल चढी आई मृतकलाई मोबाइलमा भिडियो देखाउने व्यक्ति सुभान अली साई रहेको भनी सनाखत गरिदिएको देखिन्छ । यी प्रतिवादीले अदालतसमक्षको बयानमा अनुसन्धान अधिकारीसमक्षको बयान प्रहरीले आफैँ लेखी मलाई सहीछाप गराएका हुन् बयान बेहोरा के लेखियो थाहा भएन भनी लेखाएको देखिन्छ । मृतकका आमा सीतारानी चौधरीले मौकामा कागजमा प्रतिवादी घनश्याम चमारको फोन संवादमा प्रतिवादी रहिस नाउको समेत नाम लिएको सुनेको भनी लेखाएको सम्बन्धमा अदालतसमक्ष सो सम्बन्धमा निजले केही नबोलेको र कल रेकर्डबाट समेत सो तथ्य खुल्न आएको देखिँदैन । यसरी यी प्रतिवादीउपर किटानी जाहेरी परे तापनि अन्य प्रमाणसमेतबाट यी प्रतिवादीको उक्त घटनामा संलग्नता पुष्टि गर्ने मिसिल संलग्न कुनै पनि प्रमाण नदेखिँदा उच्च अदालत तुलसीपुर, नेपालगन्ज

इजलासबाट भएको फैसला निजको हकमा मिलेको भन्न नमिल्ने।

प्रस्तुत मुद्दामा प्रतिवादीहरू रहिस नाउ, शैयद दर्जी र घनश्याम चमारलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम जनही सात वर्ष कैद र पचास हजार रूपियाँ जरिवाना हुने साथै दुई जनाभन्दा बढी व्यक्ति मिली अपहरण गरेको अवस्था हुँदा ऐ.ऐनको ऐ.महलको ७ नं. बमोजिम २ वर्ष र नाबालकलाई अपहरण गरेको हुँदा सो ऐनको ऐ. महलको ९ नं. बमोजिम २ वर्षसमेत गरी जनही चार वर्ष थप कैद सजाय हुने ठहरी ऐ.ऐनको ऐ.महलको १२ नं. बमोजिम कसुर अपराध भएको मितिदेखि आज फैसला हुँदाको मितिसम्म प्रत्येक दिनको ५००।- रूपियाँका दरले निज प्रतिवादीहरूबाट क्षतिपूर्ति पीडितको परिवारले भराइपाउने, प्रतिवादी घनश्याम चमारलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्म कैदको सजाय हुने तथा प्रतिवादीहरू रहिस नाउ र शैयद दर्जीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जनही जन्म कैदको सजाय हुने, प्रतिवादी सुभान अली साईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. को कसुरमा ऐ.ऐनको १७(३) नं. बमोजिम ३ (तीन) वर्ष कैद सजाय हुने र अर्का प्रतिवादी सत्तार अली साईले अभियोग मागदाबीबाट सफाइ पाउने ठहरी सुरू बाँके जिल्ला अदालतबाट मिति २०७५।०२।२१ को फैसला केही उल्टी भई निज प्रतिवादी सुभान अली साईलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिने महलको ३ नं. बमोजिम ७ वर्ष कैद र रु.५०,०००।- (पचास हजार) जरिवाना हुने साथै सङ्गठित रूपमा नाबालकलाई अपहरण गरेको पुष्टि हुन आएको हुँदा सोही महलको ७ नं. बमोजिम २ वर्ष र नाबालकलाई अपहरण गरेको हुँदा सोही महलको ९ नं. बमोजिम २ वर्षसमेत जम्मा ४ (चार) वर्ष थप कैद सजाय हुने साथै सोही महलको १२ नं. बमोजिम यी प्रतिवादीबाट पीडितको परिवारले अपराध हुँदाका मितिदेखि फैसला हुँदाका मितिसम्म प्रतिदिन रु.५००।- का दरले क्षतिपूर्तिसमेत भराइपाउने साथै निज प्रतिवादीलाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं बमोजिम जन्म कैदको सजाय हुने, प्रतिवादीमध्येका घनश्याम चमारका हकमा मुलुकी फौजदारी संहिताको दफा ४०(२) को परिप्रेक्ष्यमा सर्वस्व गरेको हदसम्म सुरू फैसला मिलेको नदेखिँदा केही उल्टी भई निज प्रतिवादीलाई जन्म कैद हुने तथा अन्य प्रतिवादीहरूको हकमा सुरू फैसला मिलेको देखिँदा सदर हुने ठहरी उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासको मिति २०७६।०२।०६ को फैसला केही उल्टी भई प्रतिवादीहरू घनश्याम चमार र शुभान अली साईलाई अभियोगदाबीबमोजिम सजाय गर्ने गरी भएको फैसला साधकको रोहबाट हेर्दा वारदातको प्रकृतिसमेतका आधारमा मिलेकै देखिँदा साधक सदर हुने र प्रतिवादी सत्तार अली साईलाई अभियोगदाबीबाट सफाइ दिने गरी उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट भएको फैसला सदर हुने तथा प्रतिवादीहरू रहिस नाउ र शैयद दर्जीले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत : अमृता बोगटी

कम्प्युटर : संदिप अवाल

इति संवत् २०८१ साल कात्तिक १२ गते रोज २ शुभम्।